CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास–प्रधान त्रैमासिक पत्रिका

६९

पूर्णाङ्क

संशोधन–मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का. मे. अ. द. नं. १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतो ऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

(इतिहास--प्रधान त्रैमासिक पत्रिका)

१८ वर्ष १ अङ्क

सम्पादक–
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक–
देवीप्रसाद भण्डारी
(संशोधन–मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. २२।–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषय–सूची

१. पाणिनीय व्याकरणअनुसार औपस्थानिक, उपस्थायिक, उपस्थापक र उपस्थानक रूप सिद्ध गर्न सकिन्छन् –महेशराज पन्त १–६

२. भारतीय नाटयशास्त्रमा आएको आवाह शब्दलाई आवास भनी संशोधन गर्नु ठीक होइन –महेशराज पन्त ७–१९

३. टिप्पनको पुस्तक–मेरो केही विचार भन्ने लेख पढिसकेपछि –महेशराज पन्त २०–२६

४. वि. सं. १२२६ देखि १५१३ सम्मका पन्ध्रवटा पुष्पिका –महेशराज पन्त २६–४८

५. श्री ५ पृथ्वीनारायण शाहका दुइ अप्रकाशित पत्रका सारांश –दिनेशराज पन्त ४९

६. सिरमोरका राजा जगत्प्रकाशले श्री ५ रणबहादुर शाहलाई लेखिदिएको अप्रकाशित धर्मपत्र –दिनेशराज पन्त ४९–५०

शुद्धिपत्र

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध	पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
७	७	प्रसङ्ग्नवश	प्रसङ्ग्नवश	१६	३	एड्जर्टनको	एजर्टनको
११	१	मानिसहरू,	मानिसहरू	१६	४	मूल सर्वास्ति°	मूलसर्वास्ति°
११	२८	पृष्ठ)	पृष्ठ ।	३०	४	छपाएको भन्दा	छपाएकोभन्दा
१२	५	डयूरङ्ग	ड्यूरङ्ग	३१	६	श्रीरामाह्वय लेखितं	श्रीरामाह्वय-लेखितं
१२	२२	सन्,	सन्;				
१३	२८	वि सं.	वि. सं.	३१	७	C	)
१३	२८	प्रकाशित	पुन: प्रकाशित	३१	१५	१७१८	१७०८
१३	३०	पृष्ठ ।	पृष्ठ ।)	३२	२१	वि. सं	वि. सं.
१४	३	एड्जर्टनले	एजर्टनले	३७	२९	वि. सं. १९३३ मा	३२. वि. सं. १९३३ मा
१४	३१	एड्जर्टनको	एजर्टनको				
१५	३	एड्जर्टनको	एजर्टनको	३७	३१	३२. वि. सं. १९४१ मा	वि. सं. १९४१ मा
१५	२८	डेडिङ्ज	डेभिङ्ज				

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पाणिनीय व्याकरणअनुसार औपस्थानिक, उपस्थायिक, उपस्थापक र उपस्थानक रूप सिद्ध गर्न सकिन्छन्

—महेशराज पन्त

दरबारका भित्री लङमा टहल गर्ने थरीथरीका सेवकको प्रसङ्गमा भारतीय नाटचशास्त्रमा औपस्थायिकनिर्मुण्ड भन्ने शब्द आएको कुरा र त्यस शब्दको अर्थको विषयमा जानेबुझे जति कुरा मैले अन्यत्र लेखिसकेको छु ।[1] पाणिनीय व्याकरणअनुसार औपस्थायिक रूप सिद्ध गर्न गाह्रो भएकोले कुनै विद्वान्ले औपस्थायिकको ठाउँमा औपस्थानिक पाठ सकारेको कुरा पनि मैले त्यही निबन्धमा लेखेको छु । ती विद्वान्ले सकारेको औपस्थानिक पाठ, व्याकरणबाट सिद्ध गर्न सकिने भए तापनि भारतीय नाटचशास्त्रका छापा लेखोट कुनै पुस्तकमा पनि त्यो पाठ नपाइएको कुरा पनि मैले त्यहीँ लेखेको छु । अर्का विद्वान्ले चाहिं उपस्थायिक पाठ स्वीकार गरेको कुरा पनि मेरो त्यही निबन्धमा परेको छ । भारतीय नाटचशास्त्रका नेपालमा सारिएका पुस्तकहरूमा उपस्थायिक पाठ भएको र त्यो पाठ, व्याकरणबाट सिद्ध गर्न सकिने कुरा पनि मैले त्यहीँ लेखेको छु । भारतीय नाटचशास्त्रका छापा पुस्तकहरूमा अन्यत्र एक ठाउँमा उपस्थापक पाठ र नेपाली लेखोट पुस्तकहरूमा भने त्यही ठाउँमा उपस्थानक पाठ भएको र ती दुवै पाठ व्याकरण-बाट सिद्ध गर्न सकिने कुरा पनि मैले त्यहीँ लेखेको छु । तर त्यही निबन्धमा ती ती शब्दको रूपसिद्धि गर्दा निबन्धले प्रसङ्ग छोड्ने डर भएकोले प्रस्तुत निबन्धमा औपस्थानिक, उपस्थायिक, उपस्थापक र उपस्थानक रूप साधेको छु ।

औपस्थानिक

वेतनादिभ्यो जीवति ४।४।१२

तेन इति तृतीयासमर्थेभ्यः वेतनादिभ्यः शब्देभ्यः जीवति इत्येतस्मिन्नर्थे ठक् प्रत्ययो भवति । वेतनेन जीवति वैतनिकः कर्मकरः । धनुर्दण्डग्रहणमत्र सङ्घातविगृहीतार्थम् । धानुर्दण्डिकः । धानुष्कः । दाण्डिकः ।

वेतन । वाह । अर्धवाह । धनुर्दण्ड । जाल । वेस । उपवेस । प्रेषण । उपस्ति । सुख । शय्या । शक्ति । उपनिषत् । उपवेष । स्रक् । पाद । उपस्थान । वेतनादिः ॥[2]

[तृतीयासमर्थ वेतन आदि प्रातिपदिकदेखि जीविका चलाउँछ भन्ने अर्थमा ठक् प्रत्यय हुन्छ ।

तेन भनेको तृतीयासमर्थ, वेतन आदि शब्ददेखि जीविका चलाउँछ भन्ने यस अर्थमा ठक् प्रत्यय हुन्छ । तलबले

---

१. वि. सं. २०४२ मा प्रकाशित पूर्णिमाको ६७ अङ्कका १–४२ पृष्ठमा छापिएको, महेशराज पन्तको दरबारका भित्री लङमा टहल गर्ने थरीथरीका नपुंसकको विषयमा भन्ने निबन्ध । सो अङ्कका १–२,७–८,२४–४२ पृष्ठ ।

२. वि. सं. २०२६–२०२७ मा हैदराबादबाट उस्मानियाविश्वविद्यालयको संस्कृतपरिषद्द्वारा प्रकाशित, आर्येन्द्र शर्मा, खण्डेराव देशपाण्डे र द. गो. पाध्येको काशिकाको ४३९ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जीविका चलाउँछ = वैतनिकः कर्मकरः। यहाँ धनुर्दण्ड शब्दको ग्रहण संयुक्त वा विगृहीतको निमित्त भएको छ। धानुर्दण्डिकः। धानुष्कः। दाण्डिकः।

वेतन। वाह। अर्धवाह। धनुर्दण्ड। जाल। वेस। उपवेस। प्रेषण। उपस्ति। सुख। शय्या। शक्ति। उपनिषत्। उपवेष। स्रक्। पाद। उपस्थान। वेतन आदि।]

तृतीयासमर्थ उपस्थान शब्ददेखि यस सूत्रले ठक् प्रत्यय। ठक्को अनुबन्धलोप भई ठ मात्र बाँकी।

कृत्तद्धितसमासाश्च १।२।४६

कृतस्तद्धिताः समासाश्च प्रातिपदिकसञ्ज्ञा भवन्ति।...[३]

[कृदन्त, तद्धितान्त र समास भएका शब्दरूप प्रातिपदिकसंज्ञक हुन्छन्।]

तद्धितान्त उपस्थान टा ठको यस सूत्रले प्रातिपदिकसंज्ञा।

सुपो धातुप्रातिपदिकयोः २।४।७१

सुपो विभक्तेर्धातुसञ्ज्ञायाः प्रातिपदिकसञ्ज्ञायाश्च लुग् भवति।...[४]

[धातु र प्रातिपदिकको सुप्को लुक् हुन्छ।

धातुसंज्ञा भएको र प्रातिपदिकसंज्ञा भएको सुप् विभक्तिको लुक् हुन्छ।]

प्रातिपदिकसंज्ञक उपस्थान टा ठको सुप् अर्थात् टाको यस सूत्रले लुक् भई उपस्थान ठ।

ठस्येकः ७।३।५०

अङ्गस्य निमित्तं यः ठः, कश्च अङ्गस्य निमित्तम्, प्रत्ययः, तस्य प्रत्ययठस्य इकः इत्ययमादेशो भवति।...[५]

[अङ्गको निमित्त भएको ठको इक आदेश हुन्छ।

अङ्गको निमित्त भएको जो ठ छ, अङ्गको निमित्त भएको कुन हो? प्रत्यय हो। प्रत्ययको त्यस ठको इक भन्ने यो आदेश हुन्छ।]

ठको ठाउँमा यस सूत्रले इक आदेश भई उपस्थान इक।

किति च ७।२।११८

किति च तद्धिते परतोऽङ्गस्याचाम् आदेः अचः स्थाने वृद्धिर्भवति।...[६]

[कित् [क्को इत्संज्ञा हुने] तद्धित पर भएमा पनि अङ्गका अच्मध्ये अघिल्लो अच्को ठाउँमा वृद्धि हुन्छ।]

५. काशिकाको ८४५ पृष्ठ।

६. काशिकाको ८२९ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कित् तद्धित इक प्रत्यय पर हुँदा अङ्ग अर्थात् उपस्थानका अच् उ, पको अ, स्थाको आ, नको अमध्ये अघिल्लो अच् उको यस सूत्रले वृद्धि भई औपस्थान इक ।

यचि भम् १।४।१८

स्वादिष्वसर्वनामस्थाने इति वर्तते । पूर्वेण पदसञ्ज्ञायां प्राप्तायां तदपवादो भसञ्ज्ञा विधीयते । यकारादावजादौ च स्वादौ सर्वनामस्थानवर्जिते प्रत्यये परतः पूर्वं भसञ्ज्ञं भवति ।...[७]

[सर्वनामस्थानभिन्न, उठानमा यकार भएको वा उठानमा अच् भएको, सु आदि प्रत्यय पर भएमा पहिलो भसंज्ञक हुन्छ ।

स्वादिषु असर्वनामस्थाने भन्ने छ । अघिल्लो (सूत्र) ले पदसंज्ञा पाएकोमा त्यसको अपवाद भसंज्ञा गरिन्छ ।]

सर्वनामस्थानभिन्न अजादि सु आदि इक प्रत्यय पर हुँदा यस सूत्रले पहिलो अर्थात् औपस्थानको भसंज्ञा।

यस्येति च ६।४।१४८

इवर्णान्तस्य अवर्णान्तस्य च भस्य ईकारे परे तद्धिते च लोपो भवति ।...[८]

[इवर्णान्ति र अवर्णान्ति भको ईकार र तद्धित पर भएमा लोप हुन्छ ।]

अवर्णान्त भ अर्थात् औपस्थानको अन्त्यको अको तद्धित इक पर भएमा यस सूत्रले लोप भई औपस्थान् इक=औपस्थानिक ।

उपस्थायिक

नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३।१।१३४

आदिशब्दः प्रत्येकं सम्बध्यते । त्रिभ्यो गणेभ्यः त्रयः प्रत्ययाः यथासङ्ख्यं भवन्ति । नन्द्यादिभ्यो ल्युः, ग्रहादिभ्यो णिनिः, पचादिभ्योऽच् ।...

ग्रह । उत्सह । उद्दस । उद्भास । स्था । ...इति ग्रह्यादिः ।[९]

[नन्द् आदि, ग्रह् आदि र पच् आदि धातुदेखि (क्रमैले) ल्यु, णिनि र अच् प्रत्यय हुन्छन् ।

आदि शब्द हरेकसंग सम्बद्ध छ । तीनवटा गणबाट तीनवटा प्रत्यय क्रमैले हुन्छन् । नन्द् आदिदेखि ल्यु, ग्रह् आदिदेखि णिनि, पच् आदिदेखि अच् ।...

ग्रह । उत्सह । उद्दस । उद्भास । स्था । ...यति ग्रह् आदि ।]

ग्रह् आदि गणमा पढिएको स्था धातुदेखि [उप पूर्वमा भएको स्था धातुदेखि] यस सूत्रले णिनि प्रत्यय भई उप स्था णिनि । अनुबन्धलोप भई उप स्था इन् ।

---

७. काशिकाको ७८ पृष्ठ ।

८. काशिकाको ७६४ पृष्ठ । त्यहाँ भ्रमवश इकारे छापिएको छ ।

९. काशिकाका २०६–२०७ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आतो युक् चिण्कृतोः ७।३।३३

आकारान्तस्य अङ्गस्य चिणि कृति ञ्णिति युगागमो भवति ।...[१०]

[चिण् प्रत्यय पर भएमा र ञित् [ञकारको इत्संज्ञा हुने] वा णित् [णकारको इत्संज्ञा हुने] कृत् प्रत्यय पर भएमा आकारान्त अङ्गको युक् आगम हुन्छ ।]

णकारको इत्संज्ञा हुने कृत् प्रत्यय इन् पर भएमा यस सूत्रले आकारान्त अङ्ग उपस्थाको युक् आगम। अनुबन्धलोप भई य् मात्र बाँकी । स्थाको अन्तमा युक् आगम भई उप स्था य् इन्=उपस्थायिन् ।

सर्वप्रातिपदिकेभ्यः स्वार्थे कन् ।[११]

[सर्व प्रातिपदिकदेखि स्वार्थमा कन् प्रत्यय हुन्छ ।]

उपस्थायिन् प्रातिपदिकदेखि यस वचनअनुसार स्वार्थमा कन् प्रत्यय । कन्को अनुबन्धलोप भई क । उपस्थायिन् क ।

स्वादिष्वसर्वनामस्थाने १।४।१७

स्वादिषु इति सुशब्दादेकवचनात् (४.१.२...) आरभ्य आ कपः (५.४.१५१...) प्रत्यया गृह्यन्ते । स्वादिषु प्रत्ययेषु परतः सर्वनामस्थानवर्जितेषु पूर्वं पदसञ्ज्ञं भवति ।...[१२]

[सर्वनामस्थानभिन्न सु आदि प्रत्यय पर भएमा पहिलो पदसंज्ञक हुन्छ ।

स्वादिषु भनेर एकवचनलाई बुझाउने सु शब्द (४।१।२) देखि थालेर कप् (५।४।१५१) सम्मका प्रत्यय लिइन्छन् ।]

सर्वनामस्थानभिन्न सु आदि कन् प्रत्यय पर हुँदा यस सूत्रले पहिलो अर्थात् उपस्थायिन्को पदसंज्ञा ।

नलोपः प्रातिपदिकान्तस्य ८।२।७

पदस्य इति वर्तते । प्रातिपदिकस्य पदस्य यो ऽन्त्यो नकारः तस्य लोपो भवति ।...[१३]

[प्रातिपदिकसंज्ञक पदको अन्त्यको नकारको लोप हुन्छ ।

पदस्य भन्ने छ । प्रातिपदिकसंज्ञक पदको जुन अन्त्य नकार छ, त्यसको लोप हुन्छ ।]

प्रातिपदिकसंज्ञक पद अर्थात् उपस्थायिन्को अन्त्यको नकारको यस सूत्रले लोप भई उपस्थायिक ।

उपस्थापक

हेतुमति च ३।१।२६

---

१०. काशिकाको ८३९ पृष्ठ ।

११. मध्यकौमुदी तद्धितप्रकरण स्वार्थिक प्रत्ययमा यावादिभ्यः कन् ५।४।२९ को वृत्तिपछि दिइएको वचन ।

१२. काशिकाको ७८ पृष्ठ ।

१३. काशिकाको ९१० पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हेतुः स्वतन्त्रस्य कर्तुः प्रयोजकः, तदीयो व्यापारः प्रेषणादिलक्षणो हेतुमान्, तस्मिन्नभिधेये धातोः णिच् प्रत्ययो भवति।...[१४]

[प्रयोजक कर्ताको काम बुझिएमा पनि धातुदेखि णिच् प्रत्यय हुन्छ।

हेतु भनेको स्वतन्त्र कर्ताको प्रयोजक हो। त्यसको काम अह्राउनु आदि हेतुमान् हुन्छ, त्यो बुझिएमा धातुदेखि णिच् प्रत्यय हुन्छ।]

उप पूर्वमा भएको स्था धातुदेखि यस सूत्रले णिच् प्रत्यय भई उप स्था णिच्। णिच्को अनुबन्धलोप भई ई मात्र बाँकी। उप स्था इ।

अर्तिह्रीव्लीरीक्नूयीक्ष्माय्यातां पुग् णौ ७।३।३६

सर्वं निवृत्तम्, अङ्गस्य इति वर्तते। अर्ति ह्री व्ली री क्नूयी क्ष्मायी इत्येतेषामङ्गानाम् आकारान्तानां च पुगागमो भवति णौ परतः।...[१५]

[ऋ, ह्री, व्ली, री, क्नूयी, क्ष्मायी र आकारान्त अङ्गको पुक् आगम हुन्छ, णि [णिच्] प्रत्यय पर भएमा। सबै हट्यो, अङ्गस्य भन्ने (बाँकी) छ।]

आकारान्त, पूर्वमा भएको उप स्था धातुदेखि णि [णिच्] प्रत्यय पर हुँदा यस सूत्रले पुक् आगम। पुक्को अनुबन्धलोप भई प् मात्र बाँकी। उपस्थाको अन्तमा पुक् [प्] आगम भई उप स्थाप् इ = उपस्थापि।

ण्वुल्तृचौ ३।१।१३३

धातोः इति वर्तते। सर्वधातुभ्यो ण्वुल्तृचौ प्रत्ययौ भवतः।...[१६]

[धातुदेखि ण्वुल् र तृच् प्रत्यय हुन्छन्।

धातोः भन्ने छ। सबै धातुहरूदेखि ण्वुल् र तृच् प्रत्यय हुन्छन्।]

उप पूर्वमा भएको स्थापि धातुदेखि यस सूत्रले ण्वुल् प्रत्यय। ण्वुल्को अनुबन्धलोप भई वु मात्र बाँकी। उपस्थापि वु।

युवोरनाकौ ७।१।१

यु वु इत्येतयोः उत्सृष्टविशेषणयोः अनुनासिकयणोः प्रत्यययोर्ग्रहणम्, तयोः स्थाने यथासङ्ख्यम् अन अक इत्येतावादेशौ भवतः। योः अनः, वोः अकः।...[१७]

[यु र वुको ठाउँमा (क्रमैले) अन र अक आदेश हुन्छन्।

यु वु भनेर विशेषण नभएका, अनुनासिक यण् भएका दुइवटा प्रत्ययको ग्रहण गरिएको छ, तिनीहरूको ठाउँमा क्रमैले अन र अक यी आदेश हुन्छन्। युको ठाउँमा अन, वुको ठाउँमा अक।]

वुको ठाउँमा यस सूत्रले अक आदेश हुँदा उपस्थापि अक।

---

१४. काशिकाको १८२ पृष्ठ।

१५. काशिकाको ८४० पृष्ठ।

१६. काशिकाको २०६ पृष्ठ।

१७. काशिकाको ७७३ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

णेरनिटि ६।४।५१

अनिडादावार्धधातुके णेर्लोपो भवति । ..[१८]

[इट् आगम आदिमा नभएको, आर्धधातुक प्रत्यय पर भएमा णिको लोप हुन्छ ।]

इट् आगम आदिमा नभएको, आर्धधातुक अक प्रत्यय पर हुँदा यस सूत्रले णिको अर्थात् उपस्थापिको इको लोप भई उपस्थाप् अक=उपस्थापक ।

उपस्थानक

कृत्यल्युटो बहुलम् ३।३।११३

भावे, अकर्तरि च कारके इति निवृत्तम् । कृत्यसञ्ज्ञकाः प्रत्ययाः ल्युट् च बहुलमर्थेषु भवन्ति । यत्र विहितास्ततो ऽन्यत्रापि भवन्ति । भावकर्मणोः कृत्या विहिताः कारकान्तरेऽपि भवन्ति । स्नानीयं चूर्णम् । दानीयो ब्राह्मणः। करणाधिकरणयोः भावे च ल्युट् । अन्यत्रापि भवति । अपसेचनम् । अवस्रावणम् । राजभोजनाः शालयः । राजाच्छादनानि वासांसि । प्रस्कन्दनम् । प्रपतनम् ।...[१९]

[कृत्य प्रत्यय र ल्युट् प्रत्यय धेरै अर्थमा हुन्छन् ।

भावे अकर्तरि च कारके भन्ने हटचो । कृत्यसंज्ञक प्रत्यय र ल्युट् प्रत्यय धेरै अर्थमा हुन्छन् । जहाँ गरिएका छन्, त्यसभन्दा अन्यत्र पनि हुन्छन् । भाव र कर्ममा कृत्य (प्रत्यय) गरिएका छन्, अरू अरू कारकमा पनि हुन्छन् । नुहाउनको लागि फाइदा गर्ने धूलो भन्दा स्नानीयं चूर्णम् । यस (ब्राह्मण)लाई दिइन्छ भन्दा दानीयो ब्राह्मणः। करण र अधिकरणको अर्थमा र भावमा ल्युट् (प्रत्यय गरिएको छ) । अन्यत्र पनि (ल्युट्) हुन्छ ।अपसेचनम् । अवस्रावणम् । राजाले खाइने मार्सी धान भन्दा राजभोजनाः शालयः । राजाले लाउने लुगा भन्दा राजाच्छादनानि वासांसि । प्रस्कन्दनम् । प्रपतनम् ।...]

उप पूर्वमा भएको स्था धातुदेखि यस सूत्रले ल्युट् प्रत्यय । ल्युट्को अनुबन्धलोप भई यु मात्र बाँकी हुँदा उपस्था यु । युको ठाउँमा अन आदेश हुँदा उपस्था अन । सवर्णदीर्घ भई उपस्थान । उपस्थान प्रातिपदिकदेखि स्वार्थमा कन् प्रत्यय हुँदा उपस्थानक ।

---

१८. काशिकाको ७४३ पृष्ठ ।

१९. काशिकाको २७६ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भारतीय नाट्यशास्त्रमा आएको आवाह् शब्दलाई आवास भनी संशोधन गर्नु ठीक होइन

—महेशराज पन्त

पाटनको उत्तरविहारका प्रधानाङ्ग महापात्र जयशीह मल्लको आज्ञाले राता मछिन्द्रको जात्रामा खेलाउन भनी राजा अरि मल्लको पालामा वि. सं. १३९४ मा जयत भन्ने कुनै कविले महीरावणवध भन्ने नाटक लेखेका थिए भन्ने कुरा वीरपुस्तकालयमा रहेका लेखोट पुस्तकहरूको हरप्रसाद शास्त्रीको सूचीपत्रको दोस्रो भाग वि. सं. १९७२ मा प्रकाशित भएपछि प्रचारमा आएको हो।[1] त्यस नाटकको विषयमा प्रसङ्गवश विभिन्न विद्वान्हरूले चर्चा गर्दै आए तापनि[2] नेपालमा लेखिएका नाटकहरूमध्ये पाइएसम्ममा सबभन्दा पुरानो त्यस महीरावणवधको सम्पादन गर्ने साहस कसैले गरेको थिएन। वर्षौं परिश्रम गरी श्रीज्ञानमणि नेपालले त्यस नाटकको सम्पादन, चाहिएको ठाउँमा संशोधन र उल्था-समेत गर्नुभयो र उहाँको त्यो पुस्तक उहाँकै पाण्डित्यमय उपोद्घातले समेत सिँगारिएर जयतरचित महीरावणवध नाटक, विवेचनात्मक अध्ययन भन्ने नाउँले दुइ वर्ष जतिअघि प्रकाशमा आयो।[3]

महीरावणवधको विषयमा मैले पनि वि. सं. २०३२ देखि केही परिशीलन गरिआएकोले त्यस विषयमा आफूले जाने-बुझेका कुरा कुनै बेला प्रकाश गर्ने मेरो विचार छ। अहिलेको लागि, श्रीज्ञानमणि नेपालको विद्वत्तामय त्यस पुस्तक हेर्दै जाँदा आफूलाई चित्त नबुझेको एउटा सानो कुरा स्पष्ट पार्ने विचार गरी यो निबन्ध लेखेको छु।

---

१. वि. सं. १९७२ मा कलकत्ताबाट प्रकाशित, हरप्रसाद शास्त्रीको ए क्याट्अलग् अफ् पाम्-लीफ् यान्ड् सेलेक्टेड् पेपर् म्यान्युस्क्रिप्ट्स् बिलङ्गइङ टु द डर्बार् लाइब्ररि, नेपाल् [नेपाल राजकीय पुस्तकालयका, ताडपत्रमा लेखिएका पुस्तक र कागतमा लेखिएका छनौट पुस्तकहरूको सूचीपत्र] को दोस्रो भागको मूल भागका २५–२७ पृष्ठ।

२. वि. सं. २०१९ मा वीरपुस्तकालयद्वारा सम्पादित र प्रकाशित, नेपालराजकीयवीरपुस्तकालयस्थलिखितपुस्तका-नाम् बृहत्सूचीपत्रम् [नेपाल राजकीय वीरपुस्तकालयमा रहेका लेखोट पुस्तकहरूको ठूलो सूचीपत्र] को तेस्रो भागका ४३–४४ पृष्ठ।

वि. सं. २०१९ मा काठमाडौंबाट रायल नेपाल एकेडेमीद्वारा प्रकाशित, सूर्यविक्रम ज्ञवालीको नेपाल उपत्यकाको मध्यकालीन इतिहासका २२४–२२५ पृष्ठ।

वि. सं. २०२२ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको मेड्ईभल् नेपाल् [मध्यकालको नेपाल] को पहिलो भागको ६३५ पृष्ठ।

वि. सं. २०३४ मा प्रकाशित पूर्णिमाको ३६ अङ्कमा छापिएको, महेशराज पन्तको चाडवाड जात्रामात्रामा खेलाइ-एका, नेपालमा बनाइएका केही संस्कृत नाटक भन्ने निबन्ध, सो अङ्कका २९४–२९६ पृष्ठ।

३. वि. सं. २०४० मा काठमाडौंबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, ज्ञानमणि नेपालको जयतरचित महीरावणवध नाटक, विवेचनात्मक अध्ययन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कस्तो कस्तो अवस्थामा नाटक खेलाइन्थ्यो भन्ने विषयमा लेख्दै जांदा श्रीज्ञानमणि नेपालले एक ठाउँमा यस्तो लेख्नुभएको छ–

> यस अतिरिक्त जनसाधरणलाई मन पर्ने सबैको मङ्गल पनि गर्ने नाटक विवाहोत्सव जन्मोत्सव नवगृहप्रवेशोत्सव हुँदा अरू खुशीको कुरा सुन्दा विजयोत्सवमा पनि मन बहलाउन प्रदर्शित गरिने कुरा पनि भरतले लेखेका छन् ।[४]

आफ्नो यस कुराको पुष्टिको लागि श्रीज्ञानमणि नेपालले भारतीय नाटचशास्त्रबाट तलका श्लोकको उद्धरण गर्नुभएको छ–

प्रायेण सर्वलोकस्य नृत्तमिष्टं स्वभावतः ।
मङ्गल्यमिति कृत्वा च नृत्यमेतत् प्रकीर्तितम् ।।
विवाहप्रसवावाह (वास) प्रमोदाभ्युदयादिषु ।
विनोदकारणं चेति नृत्तमेतत् प्रकीर्तितम् ।।
भरत ना– ४।७०–७१ ।[५]

भारतीय नाटचशास्त्रमा विवाहप्रसवावाह भएकोमा श्रीज्ञानमणि नेपालले विवाहप्रसवावास भनी पाठ सच्याउनुभएको यताबाट देखिएको छ । आवासको अर्थ बस्ने ठाउँ अर्थात् घर भन्ने भएकोले नाटक... नवगृहप्रवेशोत्सव हुँदा...प्रदर्शित गरिने कुरा पनि भरतले लेखेका छन् भनी ज्ञानमणिजीले लेख्नुभएको देखिन्छ ।

भारतीय नाटचशास्त्रको सम्बद्ध अंशको मैले पाँच थरी संस्करण देखेको छु । तर कुनैमा पनि श्रीज्ञानमणि नेपालले गरे जस्तो संशोधन नभई विवाहप्रसवावाह पाठनै भएकोले र पाठान्तर दिँदा पनि त्यो पाठ नदिइएकोले[६] उहांको उपज्ञा स्वीकार गर्न मैले सकिनँ । यसैले भारतीय नाटचशास्त्रका लेखोट पुस्तकबाट यस विषयमा प्रकाश पर्छ कि भनी मैले

---

४. उही पुस्तकको महीरावणवधनाटकको विवेचनात्मक अध्ययनको ३१ पृष्ठ ।

५. उही । ४। २७०– ७१ हुनुपर्नेमा त्यहाँ भ्रमवश ४। ७०-७१ छापिएको छ ।

६. वि. सं. १९५१ मा मुम्बईबाट निर्णयसागर प्रेसद्वारा प्रकाशित, शिवदत्त र काशीनाथ पाण्डुरङ्ग परबको द नाटचशास्त्र अफ् भरत मुनि [भरत मुनिको नाटचशास्त्र]को ४।२४७–२४८, ४२ पृष्ठ।

वि. सं. १९८५ मा बनारसबाट चौखम्बा संस्कृत सीरिज आफिसद्वारा प्रकाशित, बटुकनाथ शर्मा र बलदेव उपाध्यायको श्रीभरतमुनिप्रणीतं नाटचशास्त्रम् [श्रीभरतमुनिले बनाएको नाटचशास्त्र]को ४।२६१–२६३, ४७ पृष्ठ।

वि. सं. २०२४ मा कलकत्ताबाट मनीषा ग्रन्थालय प्राइभेट लिमिटेडद्वारा प्रकाशित, मनोमोहन घोषको द नाटचशास्त्र अस्क्राइब्ड् टु भरत-मुनि [भरत-मुनिको भनी ठानिएको नाटचशास्त्र] को ४।२६९–२७०, पहिलो भागको मूल भागको ५४ पृष्ठ।

वि. सं. २०२८ मा काशीबाट काशी हिन्दू विश्वविद्यालयद्वारा प्रकाशित, मधुसूदन शास्त्रीको श्रीमद्भरतमुनिप्रणीतं नाटचशास्त्रम् , श्रीमदाचार्याभिनवगुप्तोपज्ञाभिनवभारतीविवृत्या . . . श्रीमदाचार्यमधुसूदनशास्त्रिणा विरचिताभिः प्रौढभूमिकामधुसूदनीबालक्रीडाभिः समुद्भासितम् [श्रीमान् आचार्य अभिनवगुप्तले बनाएको अभिनवभारती-विवृतिले ... श्रीमान् आचार्य मधुसूदन शास्त्रीले बनाएका प्रौढ भूमिका, मधुसूदनी र बालक्रीडाले सिँगारिएको,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपाल राष्ट्रिय अभिलेखालयमा रहेका ६ वटा लेखोट पुस्तक पल्टाई हेरें। तिनमा पाँचवटामा विवाहप्रसवावाह[७] नै पाठ र एउटामा चाहिँ विवाहप्रसवोत्साह[८] भन्ने पाठ देखियो। यताबाट धेरैजसामा विवाहप्रसवावाह पाठ भएकोले प्रामाणिक पाठ विवाहप्रसवावाह नै भनी मैले ठह्न्याएँ।

भारतीय नाटयशास्त्रको अभिनवगुप्तले गरेको टीका नाटयवेदविवृति, टीकाकारको नाउँबाट चलेको अभिनवभारती भन्ने नाउँले बढी प्रसिद्ध छ। त्यहाँ यी श्लोकको टीका यसरी गरिएको छ–

> ननु रञ्जकत्वं भोजनादीनामप्यस्ति । तत्तदनुप्रवेशनियमो ऽत्रेत्याशङ्कां मध्ये ऽपाकरोति– प्रायेणेति। विवाहप्रसवावाहादिषु सर्वस्य लोकस्य स्वभावतः स्वभावेष्वात्माभिमतेषु स्वदेहेनात्मना नर्तनमिष्टं वल्लभम्। सर्वो ऽपि जनो विवाहादौ नृत्यति यो ऽपि वादयन्नृत्यति। तेनापि दुर्दुरूढेनापि मङ्गल्यमिति। विवाहो वध्वा आनयनम्। तत्पूर्वकः सर्वं उत्सवः। पुत्रजन्म प्रसवः। ततो जामातुः सवधूकस्य सर्वत्र श्वशुरगमनमावाहः। प्रमोदा राज्ञामर्थकरणादयः। अभ्युदयो मनोरथप्राप्तिरभिलषितस्योदय इति। आदिग्रहणेनाकाङ्क्षितशुभप्राप्त्यादि। एतेन विनोदकरणमिति श्लोकत्रयस्य सम्बन्धः। एतच्च "कैशिकीमपि योजय" इति (ना. शा॰ १-४२) इत्यत्र दर्शितम्।[९]

अभिनवभारतीमा विवाहप्रसवावाह यस समस्तपदको पदच्छेद, विवाह प्रसव आवाह भनी गरिएको र विवाहको अर्थ वध्वा आनयनम्। तत्पूर्वकः सर्वं उत्सवः र आवाहको अर्थचाहिँ जामातुः सवधूकस्य सर्वत्र श्वशुरगमनम् भनी गरिएको स्पष्ट छ। यताबाट विवाहमा दुलही भित्र्याउनेसम्मको विधिविधानलाई विवाह शब्दले र दुलही लिएर जुवाईं ससुराकहाँ

श्रीमान् भरतमुनिले बनाएको नाटयशास्त्र]को ४।२६९–२७०, पहिलो भागका ४२९–४३० पृष्ठ।
वि. सं. २०३८ मा दिल्ली र अहमदाबादबाट परिमल पब्लिकेशन्सद्वारा प्रकाशित, रविशंकर नागरको भरतमुनिप्रणीतं नाटयशास्त्रम्, श्रीमदभिनवगुप्ताचार्यविरचितया अभिनवभारती संस्कृतव्याख्यया समुद्भासितम् [श्रीमान् अभिनवगुप्ताचार्यले बनाएको अभिनवभारती संस्कृत व्याख्याले सिँगारिएको, भरतमुनिले बनाएको नाटयशास्त्र]को ४।२६४–२६६, पहिलो भागका १७९–१८० पृष्ठ।

७. क पुस्तकको २७ ख पत्रमा।
ख पुस्तकको ४१ क पत्रमा।
घ पुस्तकको २१ ख पत्रमा।
ङ पुस्तकको २१ क पत्रमा।
च पुस्तकको २३ क पत्रमा।

८. ग पुस्तकको ३८ क पत्रमा।
वि. सं. २०४३ मा प्रकाशित पूर्णिमाको ६८ अङ्कमा छापिएको, महेशराज पन्तको भारतीय नाटयशास्त्रको एक अंश, नेपाली लेखोट पुस्तकहरूबाट भन्ने निबन्धमा (सो अङ्कका २–८ पृष्ठमा) भारतीय नाटयशास्त्रका यी लेखोट पुस्तकहरूको परिचय दिइएको छ।

९. अभिनवभारतीको यो पाठ, मधुसूदन शास्त्रीको संस्करणका ४२९–४३० पृष्ठ र रविशङ्कर नागरको संस्करणका १७९–१८० पृष्ठको आधारमा दिइएको छ। नागरको संस्करणभन्दा शास्त्रीको संस्करण बढी शुद्ध जस्तो लाग्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जाने अर्थात् दुलान फर्काउने जस्ता विधिविधानलाई आवाह शब्दले बुझाएको हो भन्ने विचार अभिनवगुप्तको भएकोमा शङ्का छैन ।

भारतीय नाटयशास्त्रको माथि उद्धरण गरिएको एउटा श्लोकमा विवाह, प्रसव र आवाह शब्द सँगसँगै आए जस्तै गरेर, अशोकको एउटा अभिलेखमा[10] आवाह, विवाह र प्रसवको अर्थमा आएको पुत्रलाभ शब्द सँगसँगै आएको कुरा यस प्रसङ्गमा उद्धरण गर्नुपरेको छ–

देवानांपियो प्रियदसि राजा एव आह अस्ति जनो उचावचं मंगलं करोते आबाधेसु वा आवाह-वीवाहेसु वा पुत्रलाभेसु वा प्रवासंम्हि वा एतम्ही च अत्रम्हि च जनो उचावचं मंगलं करोते[11]

संस्कृतच्छाया

देवानांप्रियः प्रियदर्शी राजा एवम् आह अस्ति जनः उच्चावचं मङ्गलं कुरुते । आबाधेसु वा, आवाह-विवाहेषु वा, पुत्र–लाभेषु वा, प्रवासे वा– एतस्मिन् च, अन्यस्मिन् च जनः उच्चावचं मङ्गलं कुरुते ।[12]

---

१०. राल्फ लाइलि टर्नरको भारतीय आर्यभाषाहरूको तुलनात्मक कोषमा आवाह शब्द, अशोकको कालसीको शिला-लेखमा आएको छ भनी लेखिएको छ–

१४३४ आवाह- एम्. 'इन्भिटेशन्' एम्बीएच्., 'म्यार्इङ्' लेक्स्. [आवहति 'ब्रिङ्ज्' आर्भी., 'ब्रिङ्ज् होम्, द ब्राइड्' एम्बीएच्: √ वह्]
पा. आवाह- एम्. 'टेक्इङ् इन् म्यार्इज्'; अश्. शाह्. मान्. अवह- काल्. आवाह- 'वेड्इङ्', सि. अवाव ।
(वि सं. २०२२ मा लन्डन, न्यू योर्क र टोरन्टोबाट अक्सफोर्ड युनिभर्सिटी प्रेसद्वारा प्रकाशित, राल्फ लाइलि टर्नरको ए कम्पेर्एटिभ् डिक्शन्अरि अफ् दि इन्डो–एर्इएन् ल्याङ्ग्विज्इज् [भारतीय आर्यभाषाहरूको तुलनात्मक कोष] को ६५ पृष्ठ)
[१४३४ आवाह- पुं. 'निम्तो' महाभारत, 'बिहे गर्ने काम' कोषमा मात्र देखिएको । [आवहति 'ल्याउँछ' ऋग्वेद, 'दुलही घर ल्याउँछ' महाभारतः √ वह्]
पालि आवाह- पुं. 'दुलही लिने काम'; अशोकका अभिलेखको भाषा, अशोकका शाहबाजगढी र मानसेहरका शिलालेख – अवह, अशोकको कालसीको शिलालेख – आवाह 'बिहे', सिंहली–अवाव ।]
तर अशोकको कालसीको शिलालेखमा आवाह होइन कि अवाह पाठ छ । (वि. सं. २०२६ मा दिल्ली र वाराणसीबाट इन्डोलजिकल बुक हाउसद्वारा पुनः प्रकाशित, युजीन हुल्झको इन्स्क्रिप्शन्ज् अफ् अशोक [अशोकका अभिलेख] अर्थात् कर्पस् इन्स्क्रिप्टिओनम् इन्डिकारम् [भारतीय अभिलेख–सङ्ग्रह] को पहिलो भाग (नयाँ संस्करण) को मूल भागको ३७ पृष्ठ । नवौँ शिलालेखका पाठभेदको लागि बि. सं. १९८० मा काशीबाट ज्ञानमण्डलकार्यालयद्वारा प्रकाशित, जनार्दन भट्टको अशोकके धर्मलेखका १९९–२०९ पृष्ठ हेर्नू ।)

११. अशोकको नवौँ शिलालेखको गिरनारको पाठ ।
[युजीन हुल्झको पूर्वोक्त ग्रन्थको मूल भागको १५ पृष्ठ ।]

१२. वि. सं. २०१३ मा कलकत्ताबाट दि इन्डियन पब्लिशिटी सोसाइटीद्वारा प्रकाशित, अमूल्यचन्द्र सेनको अशोक'स् ईडिक्ट्स् [अशोकका शासन] को ८७ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[देवानांप्रिय [देवताहरूले मनपराएका] प्रियदर्शी राजाबाट यसरी हुकूम हुन्छ– मानिसहरू, थरीथरीका मङ्गलकार्य गर्छन्। बिरामी पर्दा वा आवाह र विवाहमा वा छोरो पाउँदा वा प्रवासमा यी र अरू (वेला)मा पनि मानिसहरू मङ्गलकार्य गर्छन् ।]

अशोकको यस अभिलेखमा परेको आवाह शब्दको अर्थ छोरोको बिहे र विवाह शब्दको अर्थचाहिँ छोरीको बिहे भन्ती पालि ग्रन्थहरूको आधारमा गेओर्ग ब्यूलर, युजीन हुल्झ, दीनेशचन्द्र सरकार आदि विद्वान्हरूले एकमतोले गरेको कुरा यस प्रसङ्गमा स्मरणीय छ –

किङ् प्रियदर्शिन्, बिलभ्इड् अफ् द गड्ज्, स्पीक्स् दस्ः– द पीप्ल् पर्फर्म्ज् भेर्इअस् अस्पिशअस् राइट्स् इन् मिस्फरचन्स्, याट् म्यार्इज्इज् अफ् सन्ज् यान्ड् डटर्ज्,[12] अन् द बर्थ् अफ् सन्ज्, याट् द टाइम् अफ् स्टार्ट्इङ् अन् ए जर्नि । अन् दीज् यान्ड् सिम्इलर् अकेझन्ज् द पीप्ल पर्फर्म् मेन्इ अस्पिशअस् राइट्स् ।

१२. फर् द यूस् अफ् आवाहो यान्ड् विवाहो कम्पेर् द अम्बत्थ सुत्त २–१ (दीघनिकाय भल्. १, पी. ९९)।[13]

[देवताहरूले खूप माया गरिएका, राजाबाट प्रियदर्शीबाट यसरी हुकूम हुन्छ– दुःख पर्दा, छोराहरू र छोरीहरूका बिहेमा,[12] छोराहरूको जन्ममा, सफर शुरू गर्ने समयमा मानिसहरू थरीथरीका शुभ विधिविधान गर्छन् । यी र यस्तै मौकामा मानिसहरू धेरै शुभ विधिविधान गर्छन् ।

१२. आवाहो र विवाहोको प्रयोगको लागि अम्बट्ठसुत्त २–१ (दीघनिकायको पहिलो भागको ९९ पृष्ठ)दाँज।]

किङ् देवानांप्रिय प्रियदर्शिन् स्पीक्स् दस् ।
मेन् आर् प्राक्टिस्इङ् भेर्इअस् सेर्इमनिज् ड्यूर्इङ् इल्नेस्, अर् याट् द म्यार्इज् अफ् ए सन् अर् डटर्,[16] अर् याट् द बर्थ् अफ् ए सन्, अर् ह्वेन् सेट्इङ् आउट् अन् ए जर्नि; अन् दीज् यान्ड् अद्अर् (अकेझन्ज्) मेन् आर् प्राक्टिस्इङ् भेर्इअस् सेर्इमनिज् ।

१६. फर् आवाह यान्ड् विवाह सीएफ्. जातक, ट्रान्सलेशन्, भल्. भी, पी. १४५, एन्. १ ।[14]

[राजा देवानांप्रिय प्रियदर्शीबाट यसरी हुकूम हुन्छ ।

बिरामी हुँदा वा छोरा वा छोरीको विवाहमा[16] वा छोराको जन्ममा वा सफर शुरू गर्दा मानिसहरू थरीथरीका उत्सव गरिरहेका हुन्छन्; यी र अरू (मौका)मा मानिसहरू थरीथरीका उत्सव गरिरहेका हुन्छन्।

१६. आवाह र विवाहको लागि जातकको उल्था पाँचौं भागको १४५ पृष्ठको १ टिप्पणी दाँज ।]

---

१३. वि. सं. १९५१ मा कलकत्ताबाट सुपरिन्टेन्डेन्ट अफ गभर्नमेन्ट प्रिन्टिङद्वारा प्रकाशित एपइग्राफ्इया इन्डिका [भारतीय अभिलेख–सङ्ग्रह] को दोस्रो भागमा छापिएको, गेओर्ग ब्यूलरको अशोक'स् रक् ईडिक्ट्स् अकर्ड्इङ टु द गिर्नार्, शाहबाज्गढी, काल्सी, यान्ड् मान्सेहरा भर्सन्ज् [गिरनार, शाहबाजगढी, कालसी र मानसेहराका पाठअनुसारका अशोकका शिलाशासन] भन्ने निबन्ध, सो भागको ४६९ पृष्ठ)

१४. हुल्झको पूर्वोक्त ग्रन्थको १६ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

देवताओंके प्रिय प्रियदर्शी राजा कहते हैं:- लोग विपत्ति-कालमें, पुत्रके विवाहमें, कन्याके विवाहमें, सन्तानके उत्पत्तिमें, परदेश जानेके समय और इसी तरहके दूसरे अवसरोंपर अनेक प्रकारके बहुतसे मंगलाचार करते हैं।[१५]

द बिलभ्इड् अफ् द गड्ज्, किङ् प्रियदर्शिन् स्पोक् दस्:
दर् आर् पीप्ल् (हू) पर्फम् भेर्इअस् अस्पिश्अस् सेर्इमनिज् । ड्यूर्ङ् इल्नेस्-इज्, अर् याट् द म्यार्इज्इज् अफ् सन्ज् अर् डटर्ज्, अर् याट् द बर्थ् अफ् सन्ज्, अर् (ह्वेन् सेट्इङ् आउट्) अन् ए जर्नि- अन् दीज् यान्ड् अदर् (अकेझन्ज्), पीप्ल् पर्फर्म् भेर्इअस् अस्पिश्अस् सेर्इमनिज् ।[१६]

[देवताहरूले खूप माया गरिएका राजा प्रियदर्शीबाट यसरी हुकूम भयो- थरीथरीका मङ्गलोत्सव गर्ने मानिस-हरू छन्। बिरामी हुँदा वा छोरा वा छोरीहरूका विवाहमा वा छोराहरूको जन्ममा वा सफर (शुरू गर्दा)- यी र अरू (मौकामा) मानिसहरू थरीथरीका मङ्गलोत्सव गर्छन् ।]

आवाहवीवाहेसु[७]

७. दिस् कम्पाउन्ड् कन्सिस्ट्स् अफ् टू वर्ड्ज् आवाह यान्ड् विवाह बोथ् डिराइभ्ड् फ्रम् √ वह् = टु क्यार्इ अर् लिफ्ट्, फिग्युरटिभ्लि क्यार्इङ् ए ब्राइड् । द फस्ट् मीन्ज् द म्यार्इज् अफ् ए सन् इन् ह्विच् केस् द ब्राइड् इज् ब्रट् फ्रम् आउट्साइड् । द सेक्अन्ड् वर्ड् मीन्ज् द म्यार्इज् अफ् ए डटर् इन् ह्विच् केस् द ब्राइड् इज् क्यार्इड् अवे टु द हाउस् अफ् हर् हज्बन्ड् ।[१७]

[आवाहवीवाहेसु[७]

७. यो समास आवाह र विवाह दुइ शब्दबाट बनेको छ । दुबै (शब्द) वह् = लैजानु वा बोक्नु, लाक्षणिक अर्थमा दुलही लग्ने कामबाट निस्केका हुन् । पहिलो (शब्द)को अर्थ छोराको बिहे भन्ने हुन्छ, यस अवस्थामा दुलही बाहिरबाट ल्याइएकी हुन्छिन् । दोस्रो शब्दको अर्थ छोरीको बिहे भन्ने हुन्छ, यस अवस्थामा दुलही, दुलहाको घरतिर लगिएकी हुन्छिन् ।]

आवाह (सीआईआई १), म्यार्इज् अफ् ए सन्, सीएफ्, विवाह, 'म्यार्इज् अफ् ए डटर्' ।[१८]

[आवाह (कर्पस् इन्स्क्रिप्टिओनम् इन्डिकारम्को पहिलो भाग), छोरोको बिहे, विवाह 'छोरीको बिहे'सँग दाँज ।]

---

१५. भट्टको पूर्वोक्त ग्रन्थको २११ पृष्ठ ।

१६. सेनको पूर्वोक्त ग्रन्थको ८६ पृष्ठ ।

१७. वि सं. २०१९ मा वाराणसीबाट चौखम्बा संस्कृत सीरिज आफिसद्वारा प्रकाशित, राजबली पाण्डेको हिस्टर्इकल् यान्ड् लिट्अर्अरि इन्स्क्रिप्शन्ज् [ऐतिहासिक र साहित्यिक अभिलेख] को १२ पृष्ठ ।

१८. वि. सं. २०२२ मा दिल्ली वाराणसी र पटनाबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, दीनेशचन्द्र सरकारको इन्डिअन् एप्इग्राफ्इकल् ग्लस्अरि [भारतीय अभिलेखको अभिधान]को ३८ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विवाह (सीआईआई १), म्यार्इज् अफ् ए डटर्; सीएफ्. आवाह व्हिच् मीःज् द म्यार्इज् अफ् ए सन् ।[१९]

[विवाह (कर्पस् इन्स्क्रिप्टिओनम् इन्डिकारम्को पहिलो भाग), छोरीको बिहे; छोरोको बिहे भन्ने अर्थ भएको आवाहसँग दाँज्नू ।]

संस्कृतका प्राचीन ढङ्गका केही कोष पल्टाउँदा वैजयन्तीलाई छोडेर अन्यत्र मैले आवाह शब्द भेट्टाइनँ । त्यसमा पनि आवाह शब्दको अर्थ दीर्घिका [तलाउ] भन्ने भएकोले यादवप्रकाशले दिएको आवाह शब्दको अर्थ, अभिनवगुप्तले गरेको आवाह शब्दको अर्थभन्दा निकै पर छ भनी भनिरहनुपर्दैन ।[२०]

संस्कृतका पाश्चात्य ढङ्गका कोषहरूमा ओट्टो ब्योटलिङ्क र रुडोल्फ रोथको कोष अत्यन्त परिश्रम गरी तयार गरिएको छ । त्यहाँ आवाह शब्द परेको छ र त्यसको अर्थ यसरी गरिएको छ–

आवाह (फन् वह् मिट् आ) एम्. १) दास् हाइराटेन् व्युत्प्. २१९ । २) एन्. पेएर्. आइन् सोन् श्वफल्क'स् हरिव्. १९१८. २०८५ ।[२१]

[आवाह (आसँग आएको वह्बाट) पुं. १) बिहे व्युत्पत्ति [महाव्युत्पत्ति] २१९ । २) श्वफल्कका कुनै छोराको नाउँ हरिवंश १९१८.२०८५ ।

यताबाट प्रसिद्ध बौद्ध ग्रन्थ महाव्युत्पत्तिमा विवाहको अर्थमा आवाह शब्द आएको कुरा थाहा पाइएको छ ।

पाश्चात्य ढङ्गमा लेखिएका संस्कृतका कोषहरूमध्ये सबभन्दा प्रसिद्ध कोष मोनियर–विलियम्जको हो । त्यहाँ आवाह शब्दको बिहे भन्ने अर्थ दिँदा आवाह शब्दको यो अर्थ प्राचीन ढङ्गका कोषहरूमा दिइए तापनि प्रकाशित कुनै ग्रन्थमा भेटिएको छैन भनी मोनियर–विलियम्जले लेखेको कुरा यस प्रसङ्गमा स्मरणीय छ ।[२२] अर्को प्रसिद्ध कोष अर्थात्

---

१९. उही ३८० पृष्ठ ।

२०. आवाहो दीर्घिका वापी

(वैजयन्ती ४।२।६)

[वि. सं. २०२८ मा वाराणसीबाट चौखम्बा संस्कृत सीरीज आफिसद्वारा प्रकाशित, हरगोविन्द शास्त्रीको श्रीयादवप्रकाशाचार्यविरचितः वैजयन्तीकोषः [श्रीयादवप्रकाशाचार्यले बनाएको वैजयन्तीकोष]को ११२ पृष्ठ ।

२१. वि. सं. १९१२ मा सेन्ट पिटर्सबर्गबाट बुखड्रुकेराइ डेर कैजरलिखेन अकाडेमी डेर विसेनशाफ्टनद्वारा प्रकाशित, ओट्टो ब्योटलिङ्क र रुडोल्फ रोथको सन्स्क्रिट् वोर्टेर्बुख् [संस्कृतकोष]को पहिलो भागको ७१० पृष्ठ-भाग ।

२२. आ-वाह, अस्, एम्. इन्भाइट्इङ्, इन्भिटेशन्, एम्बीएच्.; म्यार्इङ्, एल्; एन्. अफ् ए सन् अफ् श्वफल्क, हरिव्. ।

(वि.सं. २०२७ मा दिल्ली, वाराणसी र पटनाबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, मोनियर मोनियर–विलियम्जको ए स्यान्स्क्रिट्–इङ्गलिश् डिक्शन्अरि [संस्कृत–अंग्रेजीकोष] (पहिलो भारतीय संस्करण) को १५५ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आपटेको कोषमा चाहिँ आवाह शब्दको बिहे भन्ने अर्थ मात्र दिइएको कुरा यस प्रसङ्गमा भन्नुपर्छ ।[२३]

बौद्ध सङ्कर संस्कृतभाषा भन्ने नाउँ राखिएको, पालि–प्राकृतभाषाहरूको प्रभाव परेको, एक प्रकारको संस्कृतभाषाको कोष फ्याङ्कलिन एड्जर्टनले लेखेका छन् । त्यहाँ आवाह शब्दको अर्थ यसरी गरिएको छ–

आवाह, एम्. (=पालि इड्.), टेक्इङ इन् म्यार्इज्, टेक्इङ टु वाइफ; याज् इन् पालि, कम्पाउन्ड्इड् अर् असोशिएट्इड् विथ् विवाह (क्यू. भी. इन् पीटीएस्डी) गिभ्इङ (ए गर्ल्) इन् म्यार्इज्: एम.भीवाई ९४६५=टिब्. बग् मर् लङ् (स्) प (त्रिवाह ९४६६=बग् मर् तङ् ब); आवाह–विवाह–, सीपीडी., बीबीएच्. ७.७; २६७.१२, टेक्इङ यान्ड् गिभ्इङ इन् म्यार्इज्; अफ्.न् रेन्.डर्.ड्., अप्रक्स्.इमट्.लि, म्यार्इज् अफ् ए सन् यान्ड् अफ् ए डटर्; आवाहो वा विवाहो वा एम.एस.भी आईआई· ११९.३; आईआईआई· १३८.९। एस.केटी. विवाह म्यार्इज् सीम्ज् यूझुअल्.लि टु ह्याभ् नो सच् लिमिटेशन् अफ् मीन्इङ्, बट् पर.ह्याप्स् आवाह यान्ड् विवाह ह्याभ् द बीएच.एस. एम.जीएस. इन् एम.बीएच. १३.३२३२ (अद्.अर.वाइज् बीआर. ५.११२४) ।[२४]

[आवाह, पुं. (पालिमा पनि उही), दुलही लिने काम, स्वास्नी लिने काम, पालिमा जस्तै, विवाहसँग मिल्ने वा सम्बद्ध (पालि टेक्स्ट सोसाइटीको पालि–अङ्ग्रेजीकोषमा जुन हेर) बिहेमा (केटी) दिने कामः महाव्युत्पत्ति ९४६५=भोटे भाषामा बग् मर् लङ् (स्) प (विवाह ९४६६=बग् मर् तङ् ब); आवाह–विवाह–, समास, बोधिसत्त्वभूमि ७. ७; २६७.१२, दुलही लिने र दिने काम; छोरोको र छोरीको बिहे भनी घेरै मिल्ने गरी अक्सर उल्था गरिएको; आवाहो वा विवाहो वा मूलसर्वास्तिवादविनय २. ११९.३; ३. १३८. ९। संस्कृत विवाह (शब्द) को अर्थको यस्तो हदबन्दी भएको साधारणतया देखिँदैन, तर आवाह र विवाहको बौद्ध-सङ्कर-

---

[आवाह, आवाहस्, पुं. निम्त्याउने काम, निम्तो, महाभारत, बिहे गर्ने काम, कोषकारहरू; श्वफलकका कुनै छोरोको नाउँ हरिवंश ।)

मोनियर– विलियम्जको एल्.को व्याख्या त्यही कोषको अब्रीभिएशन्ज् [छोटकरी रूप] मा यसरी गरिएको छ–

एल्. =लेक्.सिकग्राफज्. (आई. ई., ए वर्ड् अर् मीन्.इङ् ह्विच् अल्.दो गिभ्.न् इन् नेटिभ् लेक्स्.इक्.न्ज्, ह्याज् नट् येट् बीन् मेट् विथ् इन् एन्.इ पब्.लिश्ड् टेक्स्ट्) ।

[एल्. = लेक्सिकग्राफर्ज् [कोषकारहरू] (अर्थात् कुनै शब्द वा अर्थ स्वदेशी कोषहरूमा दिइए तापनि प्रकाशित कुनै पनि ग्रन्थमा अझसम्म भेटिएको छैन ।)]

२३. आवाहः म्यार.इइङ् ।
[आवाहः बिहे गर्ने काम ।]
(वि. सं. २०४२ मा दिल्ली, वाराणसी, पटना र मद्रासबाट मोतीलाल बनारसीदासद्वारा पुनः प्रकाशित, वामन शिवराम आपटेको द प्याक्टिकल् स्यान्स्क्रिट्–इङ्गलिश् डिक्शन्अरि [व्यावहारिक संस्कृत–अंग्रेजीकोष] को २३२ पृष्ठ)

२४. वि. सं. २०१० मा न्यू हाभेनबाट येल युनिभर्सिटी प्रेसद्वारा प्रकाशित, फ्याङ्कलिन एड्जर्टनको बुड्इस्ट् हाइब्रिड् स्यान्स्क्रिट् डिक्शन्अरि [बौद्ध–सङ्कर–संस्कृतकोष] को १०८ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संस्कृतमा भएका अर्थ महाभारत १३. ३२३२ (होइन भने ब्योटलिङ्क र रोथको संस्कृतकोष ५. ११२४) मा छन् कि ?]

एड्जर्टनको यस लेखाइबाट महाव्युत्पत्तिमा मात्र नभई मूलसर्वास्तिवादविनयमा पनि आवाह शब्दको प्रयोग भएका देखिएको छ। त्यति मात्र नभई आवाह र विवाह त्यहाँ सँगसँगै आएको पनि यताबाट स्पष्ट भएको छ। अझ महाभारतमा पनि आवाह र विवाह सँगै आएको कुरा पनि यसबाट बुझिएको छ। त्यस्तै पालिभाषाका ग्रन्थमा पनि आवाह शब्द केटोको बिहेको अर्थमा आएको कुरा यताबाट थाहा पाइएको छ। महाव्युत्पत्तिमा आएका आवाह र विवाह शब्दको उल्था भोटे भाषामा केही फरक पारी गरिएको कुरा पनि यताबाट बुझिएको छ। आवाहको अर्थ केटी लिनु अर्थात् छोरोको बिहे र विवाहको अर्थचाहिँ केटी दिनु अर्थात् छोरीको बिहे भनी गर्ने गरेको कुरा पनि यताबाट थाहा भएको छ।

एड्जर्टनले पालि टेक्स्ट सोसाइटीको पालि–अङ्ग्रेजीकोष भनेको टी. डबूल्यू. रीस डेभिड्ज र विलियम स्टीडको कोष हो। त्यहाँ आवाहो शब्द बिहेको अर्थमा दिइएको छ र त्यसको व्याख्या यसरी गरिएको छ–

आवाह [आ+वह्] टेक्इङ इन् म्यार्इज्, लिट्. क्यार्इङ् अवे टु वन्सेल्फ्, म्यार्इज् डी १.९९; जे भीआई.३६३; एस्.एन्. ए २७३,४४८; डीएच्.ए आईभी. ७। अफ्.न्. इन्. सीपीडी श्रा॰ विवाह(क) लिट्. लीड्इङ् टु (वन्'ज् होम्) यान्ड् लीड्इङ् अवे (फ्रम् द ब्राइड्'ज् होम्), वेड्इङ् फीस्ट् डी आईआईआई. १८३ (॰क); जे १.४५२, भीभीए; १०९, १५७। (भी. एल्. ॰क)।[२५]

[आवाह (आ+वह्) दुलही लिने काम, शब्दशब्दको अर्थ– आफूकहाँ लग्ने काम, बिहे, दीघनिकाय १.९९; जातक ६; ३६३; सुत्तनिपातको टीका २७३, ४४८; धम्मपदको टीका ४.७। अक्सर गरी समासमा आवाह-विवाह(क)। शब्दशब्दको अर्थ (आफ्नो घर)तिर लाग्ने काम र (दुलहीको घरबाट) हिँड्ने काम, बिहेको भतेर दीघनिकाय ३.८३ (॰क); जातक १.४५२, विमानवत्थुको टीका १०९, १५७ (पाठान्तर ॰क)]

यताबाट दीघनिकाय आदि पालिग्रन्थमा बिहेको अर्थमा आवाह शब्द आएको कुरा स्पष्ट बुझिएको छ।

पालिभाषाको अर्को प्रसिद्ध कोष रबर्ट सीजर चाइल्डर्जको हो। त्यहाँ आवाह शब्दको अर्थ यसरी दिइएको छ–

आवाहो, म्यार्इज् [आवाह]। पुत्तस्स आवाहमङ्गलं करोन्तो, सेल्इब्रेट्इङ् हिज् सन्'ज् वेड्इङ् (ध्. २४०)। धीतरं आवाहत्थाय देति, गिभ्ज् हर् ड्टअर् इन् म्यार्इज् (मह्. ४९)।[२६]

[आवाहो, बिहे [आवाह]। पुत्तस्स आवाहमङ्गलं करोन्तो [छोरोको बिहे गर्दै] (धम्मपद २४०)। धीतरं आवाहत्थाय देति [छोरीलाई बिहे गरिदिन्छिन्।] (महावंसो ४९)।]

---

२५. वि. सं. १९७८– १९८२ मा लन्डनबाट पालि टेक्स्ट सोसाइटीद्वारा प्रकाशित, टी. डबूल्यू. रीस डेभिड्ज र विलियम स्टीडको पालि–इङ्गलिश् डिक्शन्अरि [पालि– अङ्ग्रेजीकोष] को ११२ पृष्ठ।

२६. वि. सं. २०३६ मा नयाँ दिल्लीबाट कस्मो पब्लिकेशन्जद्वारा पुनः प्रकाशित, रबर्ट सीजर चाइल्डर्जको ए डिक्शन्अरि अफ् द पालि ल्याङ्ग्विज् [पालिभाषाको कोष] को ७१ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यताबाट पनि बिहेको अर्थमा पालिमा आवाह शब्द चलेको देखिन्छ । पालिमा आवाह शब्द बिहेको अर्थमा चलेकोले बौद्ध–सङ्कर–संस्कृतमा पनि त्यही अर्थमा आवाह शब्द चलेको देखिन्छ ।

बौद्ध–सङ्कर–संस्कृतमा लेखिएका ग्रन्थमा आवाह शब्द बिहेको अर्थमा चलेको कुरा एड्जर्टनको कोषबाट हामीले थाहा पाइसकेका छौं । विषय स्पष्ट पार्न उदाहरणको रूपमा मूल सर्वास्तिवादविनयवस्तुबाट एउटा सम्बद्ध अंशको यहाँ उद्धरण गर्नुपरेको छ–

> अनाथपिण्डदो गृहपतिर्येन राजा प्रसेनजित्कोसलस्तेनोपसंक्रान्तः । उपसंक्रम्य राजानं प्रसेनजितं कोसलमिदमवोचत् । देव मम राजगृहे किंचित्प्रयोजनम् । तत्र गत्वा आगमिष्यामीति । राजा कथयति । शोभनं गच्छ ममापि तस्मात् हस्तिशतमानेयं तदानेष्यसीति । स कथयति । देव यदि मम तत्र प्रयोजनं भवति ग्रहीष्यामीति । इहागत्य देवस्य चित्तग्राहं करिष्यामीति । राजा कथयति । शोभनमेवं भवत्विति । ततो ऽनाथपिण्डदो गृहपतिः प्रभूतं कुलशुल्कमादाय राजगृहं गतः । स यस्य गृहपतेर्गृहे वासमुपगतः स गृहपतिः सरात्रमेवोत्थायान्तर्जनमामंत्रयते । उत्तिष्ठार्या उत्तिष्ठ । भद्रमुखाः काष्ठानि पाटयत । समितिं प्रज्वालयत । भक्तं पचत । सूपिकं पचत । खाद्यकान्युल्लाट्टयत । प्रतिजाग्रत मण्डलवाटमिति । अनाथपिण्डदस्य गृहपतेरेतदभवत् । किं पुनरस्य गृहपतेरावाहो वा विवाहो वा भविष्यति । राष्ट्रं वानेन भक्तेनोपनिमंत्रितम् । श्रेणी वा पूगो वा पर्षदो वा राजा वानेन मागधश्रेण्यो बिंबिसारो भक्तेनोपनिमंत्रित इति विदित्वा तं गृहपतिमिदमवोचत् । किं पुनस्ते गृहपते आवाहो वा भविष्यति विवाहो वा राष्ट्रं वा त्वया भक्तेनोपनिमन्त्रितं श्रेणी वा पूगो वा पर्षदो वा राजा वा ते मागधश्रेण्यो बिंबिसारो भक्तेनोपनिमन्त्रित इति । स कथयति । गृहपते न मे आवाहो भविष्यति न विवाहो वा नापि मया राष्ट्रं भक्तेनोपनिमन्त्रितम् । न श्रेणी न पूगो न पर्षदो नापि राजा मागधश्रेण्यो बिंबिसारो भक्तेनोपनिमन्त्रितः । अपि तु बुद्धप्रमुखो भिक्षुसंघो भक्तेनोपनिमन्त्रित इति ।[२७]

मूलसर्वास्तिवादविनयवस्तुको यस उद्धरणको हामीलाई मतलब परेको जति कुरा आफ्नो भाषामा लेख्दा कुरा यस्तो हुन्छ–

अनाथपिण्डद कामविशेषले राजगृह गएका थिए । त्यहाँ उनी जुन घरमा वास बस्न पुगे, त्यस घरका मूली रात छँदै उठेको उनले देखे । आफू मात्र नउठी उनले आफ्ना मान्छेहरूलाई पनि उठाए । उठाएपछि केहीलाई काठ चिर्न, केहीलाई आगो बाल्न, केहीलाई भात पकाउन, केहीलाई दाल पकाउन र केहीलाई किसिमकिसिमका खानेकुरा तयार पार्न घरका मूलीले अह्राएको देखेर यिनकहाँ आवाह वा विवाह रहेछ कि ? यिनले राष्ट्र, पूग, परिषद्मध्ये कुनैलाई भात खाने गरी निम्तो गरेका रहेछन् कि ? अथवा राजालाई पो भात खाने गरी बोलाएका रहेछन् कि भन्ने कुरा अनाथपिण्डदको मनमा लाग्यो । आफू वास बसेको घरमा भोज–भतेरको यत्रो तयारी हुन लागेको देखेर मन थाम्न नसकी तपाईंकहाँ आवाह वा विवाह छ कि ? तपाईंले राष्ट्र, पूग, परिषद्मध्ये कुनैलाई भात

---

२७. मूलसर्वास्तिवादविनयवस्तुको शयनासनवस्तु ।
[वि. सं. २०२६ मा दरभङ्गाबाट मिथिलाविद्यापीठद्वारा प्रकाशित, शीतांशुशेखर वागचिको मूलसर्वास्तिवाद-विनयवस्तुको दोस्रो भागको मूल भागका ६९–७० पृष्ठ ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खाने गरी निम्तो पो गर्नुभएको हो कि ? राजालाई भात खाने गरी निम्तो गर्नुभएको छ कि क्या हो ? भनी घरका मूलीलाई अनाथपिण्डद सोध्न पुगे । मकहाँ आवाह विवाह केही छैन, मैले राष्ट्र, पूग, परिषद् वा राजामध्ये कसैलाई निम्तो गरेको पनि छैन, कुरा के हो भने बुद्ध मुख्य भएको भिक्षुसङ्घलाई मैले भात खाने गरी निम्तो गरेको छु भनी घरका मूलीले अनाथपिण्डदलाई जवाफ दिए ।

फ्याङ्कलिन एड्जर्टनले महाभारत अनुशासनपर्वमा आवाह र विवाह शब्द आएको कुरा लेखेको र ती शब्द त्यहाँ सङ्कर-संस्कृतको अर्थमा आएका हुन् कि भनेर उनले लेखेको कुरा माथि परिसकेको छ ।

महाभारत अनुशासनपर्वमा आवाह शब्द विवाहसँगै आएको देखिएकोले त्यो अंश यस प्रसङ्गमा उद्धरण गर्नुपरेको छ–

आवाहे च विवाहे च पुत्राणां वृत्तिकारणात् ।
अर्थोदयसमावाप्तावनर्थस्य विघातने ।
एवमादिषु चान्येषु अर्थार्थं विभजेद्धनम् ।[२८]

महाभारतमा यहाँ आएको आवाह शब्दको अर्थ यही नै हो भनेर भन्न सक्ने स्थितिमा म अहिले छैन तापनि एड्जर्टनलाई जस्तै यी शब्दले सङ्कर–संस्कृतको अर्थ बुझाएका हुन् भन्ने मलाई पनि लागेको छ । यसको पुष्टिको लागि महाभारतको अनुशासनपर्वमै आएका तलका श्लोक म अघि सार्छु–

महाकुलप्रसूतां च प्रशस्तां लक्षणैस्तथा ।
वयःस्थां च महाप्राज्ञ कन्यामावोढुमर्हति ॥...
अयोनिं च वियोनिं च न गच्छेत विचक्षणः ।
पिङ्गलां कुष्ठिनीं नारीं न त्वामावोढुमर्हसि ॥...
लक्षणैरन्विता या च प्रशस्ता या च लक्षणैः ।
मनोज्ञा दर्शनीया च तां भवान्वोढुमर्हति ॥[२९]

मानिसलाई शतायु [सय वर्ष आयु भएको] भनिए तापनि बालकै अवस्थामा पनि मानिस मरेका देखिन्छन् ? मानिस आयुष्मान् [लामो आयु भएका] र स्वल्पायु [छोटो आयु भएका] कसरी हुन्छन् ? कीर्ति कसरी पाइन्छ र श्री कसरी हासिल हुन्छ ? भनी युधिष्ठिरले भीष्म पितामहसँग सोध्दा जवाफको सिलसिलामा यी श्लोक आएका हुन् ।[३०]

---

२८. महाभारत १३ ।

[वि सं. २०२३ मा पूनाबाट भाण्डारकरप्राच्यविद्यासंशोधनमन्दिरद्वारा प्रकाशित, रामचन्द्र नारायण दाण्डेकरको दि अनुशासनपर्वन्, बीइङ द थर्टीन्थ् बुक् अफ् द महाभारत [महाभारतको तेह्रौं पर्व– अनुशासनपर्व] को पहिलो अपेन्डिक्स् [परिशिष्ट] को १५ सङ्ख्याका १४५१– १४५३ पङ्क्ति, ९५५ पृष्ठ ।]

२९. महाभारत १३। १०७। ११६, १२५, १२७ । उही पुस्तकका ५७३, ५७४–७५ पृष्ठ ।

३०. उही १३।१०७।१–११५ । उही पुस्तकका ५५९–५७३ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यी तीनै श्लोकमा वह् धातु परेको छ र त्यस धातुका तुमुन्प्रत्ययान्त रूप यहाँ परेका छन् । अघिल्ला दुइ श्लोकमा वह् धातुमा आ उपसर्ग लागेका छन् त तेस्रोमा चाहिँ वह् धातु ठिङ्ग उभिएको छ । आ पूर्वमा भएको वह् धातुदेखि घञ् प्रत्यय भई बनेको संज्ञावाचक शब्द आवाह छ भने आ पूर्वमा भएको वह् धातुदेखि तुमुन् प्रत्यय हुँदा बनेको आवोढुम् शब्द अघिल्ला दुइ श्लोकमा आएको छ ।

आयुष्मान् हुन, कीर्ति र श्री हासिल गर्न खोज्ने मानिसले ठूलो खानदानमा जन्मेकी, लक्षणले युक्त भएकी, उमेरदार कन्यालाई आवाह गर्न (आवोढुम्) पर्छ भनी पहिलो श्लोकमा लेखिएको छ भने दोस्रो श्लोकमा चाहिँ कैली र कुष्ठ रोग लागेकी स्वास्नीमान्छेलाई आवाह गर्न (आवोढुम्) हुँदैन भन्ने कुरा पनि परेको छ। तेस्रोमा चाहिँ लक्षणले युक्त भएकी राम्री केटीसँग वाह गर्न (वोढुम्) पर्छ भनी लेखिएको छ । कन्याको प्रसङ्गमा आएका यी आवोढुम् र वोढुम् शब्दले स्वास्नी ल्याउनभन्दा अरू अर्थलाई बुझाएका हुन् भनी भन्न सकिँदै नसकिने भएकोले केटो मान्छेको बिहेलाई आवाह शब्दले बुझाएको हो भनी बौद्धवाङ्मयका विद्वान्हरूले गरेको अर्थ महाभारतको प्रसङ्गमा पनि सत्यको धेरै नजीक देखिन्छ ।

प्राकृतमा आवाह शब्द बिहेका अङ्गको रूपमा चलेको कुरा प्राकृतकोषहरूबाट थाहा पाइएको छ । सबभन्दा पहिले, जैन प्राकृतवाङ्मयको महत्तम कोष अभिधानराजेन्द्रबाट सम्बद्ध अंशको उद्धरण गर्नुपरेको छ–

> आवाह– आवाह– पुं.– आहूयंते स्वजनास्तांबूलदानाय यत्र स आवाहः । विवाहात्पूर्वं ताम्बूलदानोत्सवे, जी ३ प्र. । अभिनवपरिणीतस्य वधूवरस्यानयने । प्रश्न. सं. ४ द्वा. ।। वध्वा वरगृहानयने, च प्रश्न ४ द्वा. ।।[३१]

> [आवाह– आवाह– पुं.– पान दिनको लागि जहाँ आफन्त बोलाइन्छन्, त्यो आवाह (हुन्छ) । बिहेभन्दा अगाडि पान दिने उत्सव भन्ने अर्थमा– जीवाभिगमसूत्र ३ प्रकरण । भरखरै बिहे भएका दुलहादुलही ल्याउने काम भन्ने अर्थमा– प्रश्नव्याकरणसूत्र संवरद्वार ४ द्वात्रिंशद्द्वात्रिंशिका । दुलहीलाई दुलहाको घर भित्र्याउने काम भन्ने अर्थमा पनि । प्रश्नव्याकरणसूत्र ४ द्वात्रिंशद्द्वात्रिंशिका ।]

हरगोविन्ददास शेठको प्राकृतशब्दमहार्णव, प्राकृतभाषाको अत्यन्त प्रसिद्ध कोष हो । त्यहाँ पनि आवाह शब्द बिहेको अङ्गको रूपमा आएको छ–

> आवाह पुं [आवाह] १ नव–परिणीत वधू को वर के घर लाना; (पण्ह २,४) । २ विवाह के पूर्व किया जाता पान देनेका एक उत्सव; (जीव ३) ।[३२]

प्राकृतकोषहरूबाट गरिएका यस उद्धरणबाट आवाह शब्द, बिहेभन्दा अगाडि आफन्तहरूलाई बोलाएर पान दिने उत्सव भन्ने अर्थमा र दुलही भित्र्याउने उत्सव भन्ने अर्थमा पनि प्राकृतमा चलेको कुरा बुझिएको छ ।

---

३१. वि. सं. १९६७ मा रतलामबाट जैनश्वेताम्बरसमस्तसङ्घद्वारा प्रकाशित, दीपविजय र यतीन्द्रविजयद्वारा सम्पादित, विजयराजेन्द्र सूरीश्वरको अभिधानराजेन्द्रको दोस्रो भागको ४६६ पृष्ठ ।

३२. वि. सं. १९७९–१९८५ मा कलकत्ताबाट हरगोविन्ददास त्रिकमचंद शेठद्वारा प्रकाशित, उनैको पाइअ-सद्द–महण्णवो [प्राकृत– शब्द– महार्णव] को १५४ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थरीथरीका उपसर्गद्वारा उही धातुको पनि थरीथरीका अर्थ हुने कुरा हामी सबैलाई थाहा भएकै हो । अझ उही धातुमा उही उपसर्ग लाग्दा पनि अर्थ फरक परेको हामीले अनुभव नगरेका होइनौँ । ती फरक अर्थलाई प्राचीन ग्रन्थबाट उदाहरण खोजी बुझाउने काम चारुदेव शास्त्रीको चार खण्डमा छापिएको उपसर्गार्थचन्द्रिकामा गरिएको छ । त्यस पुस्तकबाट पनि आवाहको अर्थ गर्न मदत मिल्ने भएकोले त्यसबाट सम्बद्ध अंशको उद्धरण गर्नुपरेको छ–

–वह् (वह प्रापणे) । जाया यामस्मा आवाक्षुः (अथर्व. ६।७८।१) । भार्यात्वेन समीपमानैषुरित्यर्थः ।... असिक्नीमावहत् पत्नीम् (वीरणस्य प्रजापतेः कन्याम्) (हरि. १।३।६) । पत्नीमावहत् भार्यां पर्यगृह्णात् । अथास्मै पञ्चविंशतिवर्षाय षोडशवर्षां पत्नीमावहेत् (सुश्रुत.१०) । पञ्चविंशतिवर्षे पुमांसं षोडशवर्षां[३३] पत्नीं लम्भयेदित्यर्थः ।... वयस्थां च महाप्राज्ञः कन्यामावोढुमर्हति । (भा. अनु. १०४।१२४) । आवोढुं वोढुमुद्वोढुं परिणेतुम् ।...[३४]

आ पूर्वमा भएको वह् धातुका विभिन्न लकारका जुन उदाहरण प्राचीन ग्रन्थबाट खोजी उपसर्गार्थचन्द्रिकामा दिइएका छन्, तिनबाट आ पूर्वमा भएको वह् धातु स्वास्नी हासिल गर्नु अर्थात् बिहे गर्नु भन्ने अर्थमा पनि भएको कुरामा शङ्का छैन । यस कारण आ पूर्वमा भएको वह् धातुले उत् पूर्वमा भएको वह् धातु र वि पूर्वमा भएको वह् धातुले जस्तै बिहेलाई बुझाउँछ भनी भन्दा बढ्ता बोलेको ठहरिनेछैन । यस कारण उत् पूर्वमा भएको वह् धातुदेखि घञ् प्रत्यय भई बनेको उद्वाह शब्दले र वि पूर्वमा भएको वह् धातुदेखि घञ् प्रत्यय भई बनेको विवाह शब्दले जस्तै, आ पूर्वमा भएको वह् धातुदेखि घञ् प्रत्यय भई बनेको आवाह शब्दले पनि बिहे भन्ने अर्थलाई नै बुझाउँछ भनी भन्न सकिन्छ ।

आवाह शब्द र विवाह शब्द सँगसँगै प्रयोग भएका पनि देखिएकोले बौद्धवाङ्मयका अध्येताहरूले भने जस्तै, आवाह शब्द छोराको बिहेमा र विवाह शब्दचाहिँ छोरीको बिहे भन्ने अर्थमा रूढ भएको पनि हुन सक्छ ।

अभिनवगुप्तले दुलान फर्काउनु जस्ता विधिविधानको भन्ने अर्थमा आवाह शब्दको अर्थ गरे पनि उनले बिहेभन्दा परको अर्थमा आवाह शब्दलाई लगेका छैनन् भन्ने कुरा स्पष्ट छ ।

यतासम्मका कुराबाट प्राचीन र मध्य भारतीय आर्यभाषाहरूमा आवाह शब्द बिहेको अर्थमा चलेको देखिएको छ । आवाह शब्दको विकार अवाव शब्द, बिहेको अर्थमा नव्य भारतीय आर्यभाषा सिंहलीमा चलेको छ भनी राल्फ लाइलि टर्नरले लेखेको कुरा पनि यस प्रसङ्गमा स्मरणीय छ ।[३५]

यस कारण भारतीय नाटचशास्त्रको माथि उद्धरण गरिएको श्लोकमा भएको विवाहप्रसवावाह पाठलाई विवाहप्रसवावास भनी श्रीज्ञानमणि नेपालले गर्नुभएको संशोधन ठीक छैन र आवाहको ठाउँमा आवास पाठ पढेर नाटक... नवगृहप्रवेशोत्सव हुँदा ... प्रदर्शित गरिने कुरा पनि भरतले लेखेका छन् भनी उहाँले व्याख्या गर्नुभएको पनि ठीक छैन भन्ने कुरा स्पष्ट भएको छ ।

---

३३. त्यहाँ भ्रमवश षोऽशर्वां छापिएको छ ।

३४. वि. सं. २०३३–२०३८ मा दिल्लीबाट भारतीय– विद्याप्रकाशनद्वारा प्रकाशित, चारुदेव शास्त्रीको उपसर्गार्थचन्द्रिकाका ५०७, ५०८, ५०९ पृष्ठ ।

३५. यही निबन्धको १० सङ्ख्याको पादटिप्पणी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

टिप्पनको पुस्तक– मेरो केही विचार भन्ने लेख पढिसकेपछि

—महेशराज पन्त

यही वि. सं. २०४३ वैशाख २ गतेको दिन सितु पत्रिकाको एकहत्तरौँ अङ्क बजारबाट किनेर मैले ल्याएँ। त्यहाँ श्रीस्वयम्भूलाल श्रेष्ठको टिप्पनको पुस्तक – मेरो केही विचार भन्ने लेख छापिएको रहेछ।[१] सो लेख, पूर्णिमाको ६४ अङ्कमा छापिएको, टिप्पनको पुस्तक[२] भन्ने मेरो लेखसँग सम्बद्ध भएकोले उत्तिखेरै चाख मानी पढेँ पनि।

श्रीस्वयम्भूलाल श्रेष्ठ, पूर्णिमा गढीकन पढ्ने निकै थोरै मान्छेमध्ये एक हुनुहुन्छ भन्ने कुरा मैले वि. सं. २०२६ मा नै थाहा पाएको हुँ। पूर्णिमामा छापिएको एउटा लेखमा खाता शब्दको अर्थ[३] बिग्रन गएकोमा उहाँले हामीलाई चिठी लेखी सूचना गर्नुभएको कुरा यस प्रसङ्गमा मलाई ठ्वाट्ट सम्झना भयो। हामीले पनि पछि उहाँको चिठीसमेत दिई त्यस अशुद्धिको संशोधन पूर्णिमामा प्रकाश गरेको कुराको पनि मलाई सम्झना भयो।[४] यस कारण सितुमा छापिएको, श्रीस्वयम्भूलाल श्रेष्ठको सो लेखबाट आफ्ना गलती पत्ता लाग्ने आशा मैले राख्नु अस्वाभाविक थिएन।

श्रीस्वयम्भूलाल श्रेष्ठले आफ्नो सो लेख यसरी उठाउनुभएको छ–

> नेपाल सम्वत् ११०५ अनलागा ३० कुन्हु भाषानिभाः भाजु प्रेमबहादुर कंसकारजुं, थम्हं मुंका तयादीगु पुलांपुलांगु ह्लाःतं च्वयाःतगु, स्वद्वलं मयाक सफू च्वसापासायात लःह्लाना दिल। थ्व कुन्हु जूगु समारोहे वय्कलं छगू थज्याःगु सफूयागु नं चर्चा यानादिल, गुकी नेपाःया जुजु पृथ्वीनारायण शाह तथा लिपायापिं मेमेपिं जुजुपिं, भारादारपिनिगु जात व ग्रहदशा आदिया ल्याःचा नं च्वयातःगु दु। लिपा वय्कलं व सफू सकसितं क्यना नं दिल। वय्कलं थ्व नं धयादिल कि थ्व सफू धुलय् वांछ्वयातःगु आपालं सफू द्वँय् लुयावःगु खः। थ्व सफूया आपालं महत्व दुगुलिं भाजु महेशराज पन्तजुं प्रकाशन याना दीधुंकुगु दु।
>
> भाजु महेशराज पन्तजुया नां न्यनेसाथं जि लुमन, निलाति न्ह्यो 'पूर्णिमा' पत्रिकाय् थज्याःगु हे तालयागु छपु लेख ब्वनागु। अले छेँय् वयाः व पत्रिका पुइका स्वया। 'टिप्पनको पुस्तक' धयागु वय्कया लेखय् दकसिबे न्हापां 'पृथ्वीनारायण शाह' या जन्म, मृत्यु बियाः जातया छुं विवरण नं बियादीगु दु। तर उकी जन्मकुण्डलि

---

१. वि. सं. २०४२ मा काठमाडौँबाट प्रेमबहादुर कसाःद्वारा प्रकाशित सितु [दूबो]को ७१ अङ्कका ३–६ पृष्ठमा छापिएको, स्वयम्भूलाल श्रेष्ठको टिप्पनया सफू– जिगु छुं बिचाः [टिप्पनको पुस्तक– मेरो केही विचार] भन्ने निबन्ध।

२. वि. सं. २०४१ मा प्रकाशित पूर्णिमाको ६४ अङ्कका १२–३३ पृष्ठमा छापिएको, महेशराज पन्तको टिप्पनको पुस्तक भन्ने निबन्ध।

३. वि. सं. २०२५ मा प्रकाशित पूर्णिमाको २० अङ्कमा छापिएको, शङ्करमान राजवंशीको वि. सं. १८५७ को एउटा ऐतिहासिक कागत भन्ने निबन्ध, सो अङ्कको २९६ पृष्ठ।

४. वि. सं. २०३० मा प्रकाशित पूर्णिमाको ३० अङ्कमा छापिएको, हाम्रो वक्तव्य (आत्मसंशोधन), सो अङ्कका १४९–१५० पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

टिप्पनको त्यस पुस्तकको बाहिरी आकारप्रकारको परिचय मैले दिएको थिइनं । अहिले श्रीस्वयम्भूलाल श्रेष्ठले त्यो काम गरिदिनुभएकोमा म उहाँलाई धन्यवाद चढाउँछु । मैले छपाएको पाठ, मूलसँग कहीं कहीं अलि फरक परेको छ भनेर पनि उहाँले लेख्नुभएको रहेछ । त्यस्तो फरक कहाँ कहाँ परेको हो, उहाँले खुलाएर लेखिदिनुभएको खण्डमा म कृतार्थ हुने थिएँ ।[२३]

---

२३. आः 'टिप्पनया सफू' बारे छुं खँ च्वये । ह्लापा भाजु प्रेमबहादुर कंसकारया संग्रह, आः च्वसापासाया 'आशा सफू कुथि' दुगु सफू अध्ययन याना स्वयाबले भाजु महेशराज पन्तजुं सम्पादन यानाः पिकया दीगु सफूलिसे ज्वःलाः । उकिं माइक्रोफिल्म व हे सफूया खः धकाः प्रष्ट जुल । 'पूर्णिमा'य् प्रकाशित प्रति स्वयाबले मूल प्रतिलिसे गनं गनं भचा भचा पाःवंगु दु । प्रेसं द्वंकूगु नं जुइफु । प्रूफ स्वया दीबले द्वंगु नं जुइफु । आशा सफू कुथिया मूल प्रतिया बिबरण थथे दुः–

नेपाः भ्वँत्तय् छखे ह्मासुक हरताल पानातःगु, मेखे तुयूगु भ्वं, ५½" ईञ्ची हाकः, ४¾" ईञ्चीति ब्या दुगु सफू । झिछपाते निखें च्वयातःगु, अनंलि स्वपाते खास छुं मदुगु, गनं गनं मस्तसें च्वयेयें च्वयातःगु– 'श्रीगणेशाय नमः' आदि । अनंलि हानं झिस्वपातय् निखें च्वयातःगु । अले हानं छखे जक च्वयातःगु, दथुइ गूगु व दकसिबे क्वय् निखें च्वयातःगु, हानं छखे जक च्वयातःगु नापंयाना जम्मा नीगुपाःया ५८ पृष्ठ व जिल्दनं अज्याःगु हे भ्वंयागु दुगु । गनं छह्मसिगु जक, गनं निह्मसिगु जन्म कुण्डलि, लग्न कुण्डलि व मेमेगु ज्योतिष सम्बन्धी ल्याःचा दुगु ।

सफुती दकसिबे ह्लापां 'श्री गणेशाय नमः' धया गनेद्योयात नमस्कार याना च्वयेगु ज्या न्ह्याकूगु दु । ह्लापां शाक १७१६ भाद्र बदि ३ स बूह्म जुजुया काय्या जात दु । दकसिबे लिपा सं. ९०४ श्रावण शुक्ल १४ कुन्हु बूह्म, प्रतापसिंहया चीधीह्म म्ह्याय्या निह्मह्म म्ह्याय्या जात दु ।

थ्व सफुतिं इतिहास, ज्योतिष सम्बन्धी ग्रापालं न्हून्हूगु खँ पिहांवई धयागु आशा दु । छुं भचा छ्यलेगु ज्या भाजु दिनेशराज पन्तजुं थःगु 'गोरखाको इतिहास'य् याना दीधुंकूगु दु । लिपा लिपा नं ग्रापालं जुइतिनि ।

(सितुको ७१ अङ्कको ६ पृष्ठ)

[अब टिप्पनको पुस्तकबारे केही कुरा लेख्छु । पहिले श्रीप्रेमबहादुर कंसकारको सङ्ग्रह, अब च्वसापासाको आशापुस्तकखानामा रहेको पुस्तक अध्ययन गरी हेर्दा श्रीमहेशराज पन्तज्यूले सम्पादन गरी प्रकाश गर्नुभएको पुस्तकसँग मिल्दोजुल्दो छ । त्यसैले माइक्रोफिल्म, त्यही नै पुस्तकको हो भन्ने स्पष्ट भयो । पूर्णिमामा प्रकाशित प्रति हेर्दा मूल प्रतिसँग कहीं कहीं अलि अलि फरक पर्न गएको छ । प्रेसले बिगारेको पनि हुन सक्छ । प्रूफ हेर्नुहुंदा बिग्रेको पनि हुन सक्छ । आशापुस्तकखानाको मूल प्रतिको विवरण यस्तो छ–

नेपाली कागतमा एकातिर पहेंलो हरिताल लगाएको, अर्कोतिर सेतो कागत, ५½ इन्च लामो, ४¾ इन्च जति चौडा भएको पुस्तक । एघाह्रौं पत्रमा दुवैतिर लेखिएको, त्यसपछि तीन पत्रमा खास केही नभएको, कहीं कहीं केटाकेटीले लेखे जस्तै लेखिएको– श्रीगणेशाय नमः आदि । त्यसपछि फेरि तेह्रौं पत्रमा दुवैतिर लेखिएको । अनि फेरि एकातिर मात्र लेखिएको, बीचमा च्यातिएको र सबभन्दा तल दुवैतिर लेखिएको, फेरि एकातिर मात्र लेखिएको समेत गरेर जम्मा उनन्तीस पत्रको ५८ पृष्ठ र जिल्द पनि त्यस्तै कागतको भएको । कहीं एक जनाको मात्र, कहीं दुइ जनाको जन्मकुण्डली, लग्नकुण्डली र ज्योतिषसम्बन्धी अरू अरू गणनाचक्र भएको ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

टिप्पनको पुस्तक भन्ने मेरो लेखमा श्रीस्वयम्भूलाल श्रेष्ठले यतिविधि चाख लिइदिनुभएकोमा उहाँलाई फेरि एक पटक म धन्यवाद चढाउँछु । मेरा लेखमा पर्न गएका गलती उहाँको सूक्ष्म दृष्टिबाट आइन्दा साँच्चिकै टिपिन गई शोधको मार्ग प्रशस्त हुने आशा मैले राखेको छु भनी यो लेख यही टुङ्ग्याउँछु ।

■

वि. सं. १२२६ देखि १५१३ सम्मका पन्ध्रवटा पुष्पिका

—*महेशराज पन्त*

पुस्तक सारिसकेपछि सार्नेले त्यस पुस्तकमा आफ्नो तर्फबाट केही लेखेको छ भने त्यसलाई पुष्पिका भन्ने चलन छ । पुस्तक कहिले सारियो, सार्दा राजा को थिए, कहाँ बसेर कसले कसको लागि सार्‍यो भन्ने खालका कुरा पुष्पिकामा अक्सर लेखिने गरेका हुन्छन् । यस्ता खालका पुष्पिका नेपालमा वि. सं. ९३५ देखिका पाइएका छन् ।[१] फेरि ४२ वर्षपछि मात्र यस्तो खालको अर्को एउटा पुष्पिका भेटिएको छ ।[२] फेरि ७० वर्षको अन्तरपछि मात्र यस्तो खालको अर्को एउटा पुष्पिका भेटिएको छ ।[३] यसपछि भने यस्ता खालका पुष्पिकाहरूको सङ्ख्या बढ्दै बढ्दै गएको र समयको अन्तर घट्दै घट्दै गएको छ भनी भन्दा बढ्ता बोलेको ठहरिनेछैन ।

यस्ता खालका पुष्पिका, नेपालको इतिहासका अत्यन्त उपादेय साधन हुन् भन्ने कुरा नेपालको इतिहासका विद्यार्थीहरूलाई राम्रै थाहा भएकै कुरा हो । साँच्चै भन्ने हो भने यस्ता खालका पुष्पिका नभेटिएका भए वि. सं. ११०६ मा बलदेवसँगै राज्य गरिरहेका ईशदेवको,[४] विजयकामदेव राजा छँदा छँदै वि. सं. १२४९ देखि १२५४ सम्म रजाइँ गर्ने लक्ष्मीकामदेवको[५] र अभय मल्ल राजा छँदा छँदै वि. सं. १२७८ मा राजाको रूपमा टुप्लुक्क देखापरेका

पुस्तकमा सबभन्दा अगाडि श्रीगणेशाय नमः भनी गणेशजीलाई नमस्कार गरी लेख्ने काम थालिएको छ । पहिले, शाक १७१६ भाद्रबदि ३ मा जन्मेका राजाका छोराको चिना छ । सबैभन्दा पछाडि सं. ९०४ श्रावणशुक्ल १४ को दिन जन्मेकी, प्रतापसिंहकी कान्छी छोरीकी माहिली छोरीको चिना छ ।

यस पुस्तकबाट इतिहास, ज्योतिषसम्बन्धी धेरै नयाँ नयाँ कुरा प्रकाशमा आउनेछन् भन्ने आशा छ । (यसको अलिकति केही प्रयोग गर्ने काम श्रीदिनेशराज पन्तज्यूले आफ्नो गोरखाको इतिहासमा गरिसक्नुभएको छ । पछि पछि पनि धेरै होला ।]

१. वि. सं. २०४० मा रोमबाट इस्तितुतो इतालियानो पेर इल मेदिओ एद एस्त्रेमो ओरियेन्तेद्वारा प्रकाशित, लूच्यानो पेतेकको मेड्इईभल् हिस्टरि अफ् नेपाल् [नेपालको मध्यकालको इतिहास]को दोस्रो संस्करणको २९ पृष्ठ ।

२. उही पुस्तकका ३१–३२ पृष्ठ ।

३. उही पुस्तकको ३३ पृष्ठ । ३ सङ्ख्याको लिखत ।

४. उही पुस्तकका ४३–४५ पृष्ठ । १ सङ्ख्याको लिखत ।

५. उही पुस्तकका ७४–७५ पृष्ठ । यहाँ ने. सं. ३१७ को लिखतमा पक्ष भ्रमवश छुट्न गई सम्वत् ३१७ श्रावण–तृतीयां । शनिश्चर–वारे । मात्र छापिन गएको छ (७५ पृष्ठ, ४ सङ्ख्याको लिखत) ॥ तर वि. सं.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रणशूरदेवको पनि हामीलाई पत्तै हुँदैनथ्यो; विक्रमको दशौं शताब्दीदेखि वि.सं. १४०१ सम्म राज्य गर्ने राजाहरू- मध्ये कमसेकम १२ जना राजाहरूको नाउँसम्मको लागि पनि वंशावलीहरूको मात्र भर पर्नुपथ्र्यो।[७] यस्ता खालका

५. २०१५ मा रोमबाट इस्तितुतो इतालियानो पेर इल मेदिओ एद एस्त्रेमो ओरियेन्तेद्वारा प्रकाशित, लूच्यानो पेतेकको मेड्इईभल् हिस्टरि अफ् नेपालको पहिलो संस्करणमा भने मूलअनुसारको सम्वत् ३१७ श्रावण- शुक्ल-तृतीयायां। शनिश्चैर-वारे। नै पाठ छापिएको छ (७५ पृष्ठ, ४ सङ्ख्याको लिखत)।

६. उही पुस्तकको दोस्रो संस्करणको ८६ पृष्ठ।

७. १. वि. सं. ६३५ मा मानदेव (उही पुस्तकको २९ पृष्ठ)।
२. वि. सं. ११०६ देखि १११६ सम्म बलदेव (उही पुस्तकका ४३-४४ पृष्ठ)।
३. वि. सं. ११२५ आ. मा नागार्जुनदेव (उही पुस्तकको ४६ पृष्ठ)।
४. वि. सं. ११२६ देखि ११३८ सम्म शङ्करदेव (उही पुस्तकका ४६-४७ पृष्ठ)।
५. वि. सं. ११४१ (?) मा वामदेव (उही पुस्तकको ४८ पृष्ठ)।
६. वि सं. ११८४ देखि ११९२ सम्म इन्द्रदेव (उही पुस्तकका ५७-५८ पृष्ठ)।
७. वि. सं. १२३५ देखि १२३७ सम्म सोमेश्वरदेव (उही पुस्तकका ७१-७२ पृष्ठ)।
८. वि. सं. १२४१ (?) देखि १२४३ सम्म गुणकामदेव (उही पुस्तकका ७३-७४ पृष्ठ)।
९. वि. सं. १२५७ देखि १२७३ सम्म अरि मल्ल (उही पुस्तकका ८०-८२ पृष्ठ)।
१०. वि. सं. १३१४ मा जयदेव (उही पुस्तकको ८९ पृष्ठ)।
११. वि. सं. १३३१ (?) देखि १३६४ सम्म अनन्त मल्ल (उही पुस्तकका ९६-९९ पृष्ठ)।
१२. वि. सं. १३९४ देखि १३९८ सम्म अरि मल्ल (उही पुस्तकका १११-११२ पृष्ठ)।

यी संवत् खालि पुष्पिकाबाट मात्र ल्याइएका हुन्, गोपालराजवंशावलीको यहाँ उपयोग गरिएको छैन। अभिलेख नभेटिई पुष्पिका मात्र भेटिएका अरि मल्लको पालाका लिखत वि. सं. १३९८ सम्मका मात्र पाइए तापनि यिनी वि. सं. १४०१ मा मात्र परलोक भएका थिए भन्ने कुरा गोपालराजवंशावलीबाट थाहा गएकोले (उही पुस्तकको ११२ पृष्ठ) वि. सं. १४०१ सम्म राज्य गर्ने राजाहरू... भनी मैले माथि लेखेको हुँ।

पेतेकको मध्यकालको नेपालको इतिहासको दोस्रो संस्करणअनुसार, वंशावलीमा नाउँ आएका, तर पुष्पिका मात्र भेटिएका अरू तीन जना राजा देखिन्छन्। तिनीहरू लक्ष्मीकामदेव (वि. सं. १०८१-१०९६), हर्षदेव (वि. सं. ११४७?-११५३) र नरेन्द्रदेव (वि. सं. ११६०-१२०१) हुन् (३७-३९,४९-५१,५९-६० पृष्ठ)। तर लक्ष्मीकामदेवको पालाको वि. सं. १०६५ को (वि. सं. २०४० मा कीर्तिपुरबाट त्रिभुवन- विश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, मोहनप्रसाद खनालको चाँगुनारायणका ऐतिहासिक सामग्रीको १५२ पृष्ठ), हर्षदेवको पालाको वि. सं. ११४४ को (उही पुस्तकको १५४ पृष्ठ) र नरेन्द्रदेवको पालाको वि. सं. १२०२ आ. को (वि. सं. २०४२ मा कीर्तिपुरबाट नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित कन्ट्रिब्युशन्ज् टु नेपालिज् स्टड्इज् [नेपालविषयक विद्यासम्बन्धी लेख] को १२ वर्षको २ अङ्कमा छापिएको, कमलप्रकाश मल्लको लूच्यानो पेतेक्: मेड्इईभल् हिस्टरि अफ् नेपाल् सी. ७५०-१४८२ [लूच्यानो पेतेकको नेपालको मध्यकाल— वि. सं. ८०७ आ.-१५३८— को इतिहास] भन्ने निबन्ध, सो अङ्कको १२७ पृष्ठ) अभिलेख पाइएकाले यस्ता राजा १२ जना मात्र रहन गएका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पुष्पिका नभेटिएका भए थुप्रै राजाहरूका राज्यभोगवर्षका आसन्न अवधिको पनि पत्ता लाउन सकिने थिएन भन्ने कुरा पनि भनिरहनुपर्दैन ।

नेपालको इतिहास लेखन यस्ता पुष्पिका ज्यादै नै काम लाग्ने भएकाले यस निबन्धमा वि. सं. १२२६ देखि १५१३ सम्मका पन्ध्रवटा पुष्पिका प्रकाश गरिएका छन् । तिनमा १ सङ्ख्याको पुष्पिकालाई छोडेर बाँकी कहिल्यै कतै छापिएका छैनन् । प्रकाशित पुष्पिका अपूरो र अशुद्ध रूपमा प्रचारमा आएकोले त्यसलाई पूरा र शुद्ध पारी यहाँ फेरि प्रकाश गरिएको छ ।

१ सङ्ख्या

ताडपत्रमा लेखिएको, वीरपुस्तकालय [हाल राष्ट्रिय अभिलेखालय]को पहिलो १०७५ सङ्ख्याको **शिवधर्मशास्त्र**को पुष्पिकाको केही अंश, सबभन्दा पहिले वि. सं. २०१५ मा श्रीलूच्यानो पेतेकले आफ्नो **नेपालको मध्यकालको इतिहासमा** यसरी प्रकाश गर्नुभएको थियो–

आकाश–ग्रह–हस्त (=२९०)–सङ्गिनि–शते नेपालसम्वत्सरे पौषमासे तिथौ च पञ्चदशमे शुक्ल–रवेवासरे । कीर्त्ति कृत्तिभिरस्तु भद्रकिरणे श्री–रुद्रदेव–नृपे श्री–रामाद्वह्य (?) लेखितं ।।[८]

यसपछि वि. सं. २०२१ मा गुरु भोलानाथ पौडेलले पेतेकको पुस्तकमा छापिएको त्यस पुष्पिकाको धेरैजसो अंश, **पूर्णिमामा** छापिएको आफ्नो एउटा लेखमा उद्धरण गर्नुभयो । त्यहाँ उहाँले आफूले उद्धरण गरे जति भागको नेपालीमा उल्था गर्नुभएको छ र पेतेकले त्यस पुष्पिकाको तिथिमितिलाई ईसवी संवत्मा परिवर्तन गरेकोमा भोला गुरुले चाहिँ त्यसको तिथिमितिलाई विक्रमसंवत्मा परिवर्तन गर्नुभएको छ ।[९]

पेतेकको **मध्यकालको नेपालको इतिहासमा** वि. सं. १३२८ को पुष्पिका दिइएको छ । मूल पुस्तकमा राजाको नाउँको पछिल्लो अक्षर मात्र बाँकी रहन गएकोले त्यहाँ × × × हमालदेव भन्ने मात्र देखिन्छ । त्यस ताकाका राजाका नाउँमा हकार हुने जयसीह मल्ल मात्र भएकाले त्यस पुष्पिकामा चर्चा गरिएका राजा जयसीह मल्ल नै हुन् भनी पेतेकले निर्णय गर्नु भएको छ (दोस्रो संस्करणको ९५ पृष्ठ) । जयसीह मल्लको कुनै अभिलेख नपाइएकोले माथिको सूचीमा यिनलाई पनि हाल्नुपर्ने हो तापनि शङ्का नभएका जतिको मात्र नाउँ दिने मेरो विचार भएकोले मैले यिनको नाउँ नहालेको हुँ ।

अरि मल्लपछि राजा हुने राजदेवको पालाका पनि पुष्पिका मात्र भेटिएका छन्, कुनै अभिलेख भेटिएका छैनन् (उही पुस्तकको १२३ पृष्ठ) । तर यिनका छोरा अर्जुनदेवको पालाको वि. सं. १४२९ को अभिलेखमा यिनको पालाको कुरा परेकोले (वि. सं. २०१९ मा ललितपुरबाट जगदम्बा–प्रकाशनद्वारा प्रकाशित, धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको **इतिहास–संशोधनको प्रमाण–प्रमेयको** मूल भागका ९४–९५ पृष्ठ) माथिको सूचीमा मैले यिनको नाउँ नहालेको हुँ ।

८. **मेड्इईभल् हिस्टरि अफ् नेपाल्**को पहिलो संस्करणको ६७ पृष्ठ । २ सङ्ख्याको लिखत ।

९. वि. सं. २०२१ मा प्रकाशित **पूर्णिमाको** ३ अङ्कमा छापिएको, भोलानाथ पौडेलको **आनन्ददेव, रुद्रदेव र अमृतदेवको समयमा एउटा विचार** भन्ने निबन्ध, सो अङ्कको २५ पृष्ठ । २० सङ्ख्याको लिखत ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसपछि वि. सं. २०२२ मा श्रीडिल्लीरमण रेग्मीले त्यस पुष्पिकाको अत्यल्प अंश आफ्नो **मध्यकालको नेपालको** पहिलो भागमा प्रकाश गर्नुभयो । पेतेकले **आकाशग्रहहस्तसङ्गिनिशते** भन्ने पाठ पढेको र भोला गुरुले त्यही पाठ सारेकोमा रेग्मीले **आकाशग्रहहस्त सन्गिनिगते** भन्ने पाठ पढ्नुभएको छ ।[१०] यी पदको सम्बन्ध यीपछि आउने **नेपालसम्वत्सरे** भन्ने पदसँग छ भन्ने कुरा भनिरहनुपर्दैन । **आकाशग्रहहस्तको** अर्थ **२९०** भएकोले यसले ने. सं. २९० लाई बुझाएको हो भन्ने स्पष्ट छ । पेतेकले पढेको **सङ्गिनि** वा रेग्मीले पढेको **सन्गिनिको** शुद्ध रूप **संज्ञिनि** हो र यसको अर्थ संज्ञा भएको हो भन्ने कुरामा पनि शङ्का छैन । यस कारण **आकाशग्रहहस्तसंज्ञिनिको** अर्थ २९० ले संज्ञा भएको हो भन्ने स्पष्ट बुझिन्छ । यसपछि आएको, पेतेकले पढेको **शते** शब्दले **सयलाई** बुझाएकोले यस पाठको यहाँ सङ्गति नभएको कुरा स्पष्ट देखिएको छ । रेग्मीले पढेको **गतेको** अर्थ **जाँदा** भन्ने भएकोले उहाँको पाठको सङ्गति यहाँ राम्ररी भएको छ ।

यसपछि वि. सं. २०४० मा पेतेकले आफ्नो **नेपालको मध्यकालको इतिहासको** दोस्रो संस्करणमा त्यो पुष्पिका फेरि छपाउनुभएको छ । पहिलो संस्करणमा **रामाद्वह्य (?)** भन्ने पाठ छापिएकोमा दोस्रोमा चाहिँ **रामाह्वया** भनी पाठ सच्याउनु र पहिलोमा **लेखितं** भएकोमा दोस्रोमा **लेखितम्** गर्नुबाहेक अरू पाठ पहिलो संस्करणबाट जस्ताको तस्तै उतारिएको छ । आफूले पढेको **शतेको** ठाउँमा रेग्मीले **गते** पढेको र **शतेको** अर्थसङ्गति त्यहाँ नभई **गतेको** अर्थसङ्गति हुंदा हुँदै पनि पेतेकले त्यो पाठ नलिनुभएकोले र त्यो पाठ किन लिइएन भन्ने कुरा पनि नलेख्नुभएकोले[११] मलाई आश्चर्य लागेको छ ।

यसपछि वि. सं. २०४२ मा श्रीहरिराम जोशीले **मध्यकालका पुष्पिका** छपाउँदै जाने प्रसङ्गमा त्यो पुष्पिका पनि आफ्नो **रोलम्ब** पत्रिकामा छपाउनुभएको छ । रेग्मीले पनि छपाइसक्नुभएको भनी जोशीले त्यहाँ लेख्नुभए तापनि रेग्मीको पाठ **गतेतिर** उहाँको दृष्टि परेको यताबाट देखिंदैन र पेतेकको पहिलो संस्करणमा **रामाद्वह्यमा** प्रश्नचिह्न हालिएकोमा त्यो उडाइदिने, पेतेकले **कीर्त्तिं** गरेकोमा **कीर्तिं** र पेतेकले **लेखितं** गरेकोमा **लिखितं** गर्ने र पेतेकले समस्तपद जति जोड्ने गरेकोमा धेरै ठाउँमा छुट्ट्याइदिने पुरुषार्थबाहेक जोशीले केही गर्नुभएको छैन भने हुन्छ ।[१२]

त्यो पुस्तक पल्टाई हेर्दा पूर्वसूरिहरूले जे जति पाठ दिएका छन्, त्यो पाठ पनि मूलसँग कहीँ कहीँ फरक परेको छ भन्ने कुरा प्रकाशित ती पाठलाई मूल पुस्तकसँग भिडाई हेर्दा स्पष्ट देखिन्छ । यस कारण त्यस पुष्पिकाको मूलअनुसारको पाठ प्रकाश गर्नु आवश्यक छ भनी भनिरहनुपर्दैन ।

साँच्चि भन्ने हो भने, लूच्यानो पेतेक, गुरु भोलानाथ पौडेल र डिल्लीरमण रेग्मीले आआफ्ना कृतिमा पुष्पिकाको जुन उद्धरण गर्नुभएको छ, ती उद्धरण, राजा र ती राजाका राज्यभोगवर्षको निर्धारणको लागि मात्र गरिएका हुन् । तर हरिराम जोशीको उद्देश्य भने उहाँहरूको भन्दा निकै नै ठूलो छ भन्ने कुरा उहाँले हरेक पुष्पिकाका १४ खाना बनाई तिनको तेरिज खिंच्ने गर्नुभएकोबाट स्पष्ट बुझिन्छ । तर त्यति ठूलो उद्देश्य राख्ने जोशीले तत्तत्पुस्तक

---

१०. वि. सं. २०२२ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको **मेड्इईभल् नेपाल्** [मध्यकालको नेपाल]को पहिलो भागको १८१ पृष्ठ । ५ सङ्ख्याको लिखत ।

११. मेड्इईभल् हिस्टरि अफ् नेपाल्को दोस्रो संस्करणको ६८ पृष्ठ । ३ सङ्ख्याको लिखत ।

१२. वि. सं. २०४२ मा ललितपुरबाट जोशी रिसर्च इन्स्टिट्युटद्वारा प्रकाशित **रोलम्बको** ५ वर्षको ३ अङ्कमा छापिएको, हरिराम जोशीको **मेड्इईभल् कल्अफन्ज्** [मध्यकालका पुष्पिका] भन्ने निबन्ध, सो अङ्कको अङ्ग्रेजी खण्डका ४०–४१ पृष्ठ । १३१ सङ्ख्याको पुष्पिका ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पल्टाई पुष्पिकाको राम्रो सङ्ग्रह गरिदिनुभएको भए उहाँको लेख अत्यन्त उपयोगी हुन्थ्यो । नेम् अफ् स्क्रिप्चर् [शास्त्रको नाउँ] भन्ने खाना राख्ने जोशीले पेतेकको पुस्तकमा पुष्पिका दिँदा पुस्तकको नाउँ पुष्पिकामा नपर्दैमा मूल पुस्तक पल्टाई नदिनु[१३] निकै नसुहाउने कुरा हो । त्यस्तै, नेम्ज् अफ् द डिभिन्इटिज् यान्ड् द गड्ज् [देवदेवताका नाउँ] भन्ने खाना राख्न सक्ने जोशीले, पेतेकले छपाएको भन्दा अगाडिको तेस्रो श्लोक हेर्नुभएको भए त्यस खानामा उहाँले X लेख्नुपर्ने थिएन ।

यति भनी त्यस पुस्तकको पुष्पिकाको मूलअनुसारको अविकल पाठ म यहाँ प्रकाश गर्छु–

इति धर्म्मपुत्रिकायां संहितायां सिद्ध्यु[१४]पायन्नाम षट्द[१४]शमः पटलः समाप्तः ।। ० ।।

स श्रीमानभवद्भुवार्ण्णवनवालंकारमुक्तामणी
रुद्रो रुद्र इवापरः परहिताधानैकधन्यान्वयः ।
यस्याशाकुलकूलमुद्रुजयशः कर्पूरपूरैरियं
मेदःक्लेदविसौरभापि वसुधा सौरभ्यमभ्यस्यति ।।
तस्मिन्विष्णुपदीनदीपरिसरै प्रासादमासादयन्
शभुर्यद्दृ[१४]ढभक्तिसक्तिमतुलां व्यक्तं व्यनक्ति स्थितः ।
नो चेच्चेतसि यस्य नश्यति सकृच्चिन्तापि तापिच्छवं
न्नीलामीलितलिंगमूर्त्तिरधुना देवः कथं लक्ष्यतां ।।
तस्याभवद्ब्र[१४]धनसमानधामा ज्येष्ठात्मजो रज्जलचन्द्रनामा ।
धर्मार्थकामैरविमुच्यमानः श्रीराज्यपालादपि लब्धमानः ।।

---

१३. साँच्चि भन्ने हो भने पेतेकहरूले छपाएको त्यो पुष्पिका धर्मपुत्रिकाको हो, शिवधर्मशास्त्रको होइन । त्यहाँ समष्टि रूपमा भन्नुपर्दा शिवमतशास्त्र भनी भनिएको छ भन्ने कुरा याद राख्नुपर्छ । यस पुस्तकमा शिवमतसम्बन्धी एकै हातले लेखिएका निकै कृति परेका छन्, खालि शिवधर्मशास्त्र मात्र परेको छैन । उदाहरणको लागि त्यहाँ ठाउँठाउँमा लेखिएका यी वाक्यतिर औँल्याउनु नै पर्याप्त होला–

इति शिवधर्मशास्त्रे नन्दिकेश्वरप्रोक्ते शिवभक्ताद्यशाखोशखाध्यायो द्वादशः समाप्तः ।। इति शिवधर्मः समाप्तः ।।

इति शिवधर्मोत्तरे द्वादशमोध्यायः समाप्तः ।। ।। शिवधर्मोत्तरशास्त्रं समाप्तमिति ।। ।।

शिवधर्म्मसङ्ग्रहे द्वादशमोध्यायः ।। ।। शिवधर्मसङ्ग्रहः समाप्त ।। ।।

१४. मूलमा °द्ध्यु°, °ट्द°, °द्दृ°, °द्ब्र, °द्गी र °ड्दि जोडेर लेखिएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सूनुः कनीयानथ तस्य रामः शश्वज्जगद्गी॰तगुणाभिरामः ।
सो ऽलीलिखच्छास्त्रमिदं महार्थं दुःखाब्धिमग्नाखिलतारणार्थं० ॥
आकाशग्रहहस्तसंज्ञिनि गते नेपालसम्वत्सरे
पौषे माषे तिथौ च पञ्चदशमे शुक्ले रवेर्वासरे ।
कीर्त्तिस्फूर्त्तितिरस्कृतेन्दुकिरणे श्रीरुद्रदेवे नृपे
श्रीरामाह्वय लेखितं शिवमतं शास्त्रं समाप्तं तदा ॥

नम सिवायः । C न शिवायः ॥

रुद्रदेवको पालामा वि. सं. १२२६ माघ ११ गते सारी सिद्धयाइएको पुस्तकको माथि भरखरै उद्धरण गरिएको पुष्पिका, तात्कालिक इतिहासमा चाख राख्ने मानिसहरूको लागि राम्रो सामग्री हो भन्ने कुरा भनिरहनुनपर्ला ।

दुइ सय नब्बे पत्रको यस पुस्तकको २५४ ख पत्रमा वृषसारसङ्ग्रह सिद्धियो भनी लेखिएको छ ।[१५] त्यही पत्रमा किनारामा पछिल्लो लिपिले यस्तो लेखिएको छ–

श्रीश्रीजयप्रतापमल्लदेवेन एकादशदिवसाभ्यन्तरेन पारायनेन समाप्तं कृतं ॥
सम्वत् ७७२ कार्त्तिकशुक्लः ॥ पूर्ण्णमास्यान्तिथौ अश्विनिनक्षत्र सुद्धिजो शनैश्वर-वासरे एत्‌दिनेन संपूर्ण्णं कृतं ॥ शुभमस्तु सर्व्वदार ॥ ॥

यतावाट वि. सं. १७१८ कार्तिकपूर्णिमाको दिन प्रताप मल्लले यसको पारायण पूरा गरेका रहेछन् र यति गर्न उनलाई एघाह्र दिन लागेको रहेछ भन्ने बुझिन्छ ।
यस प्रसङ्गमा प्रताप मल्लले अरू अरू धार्मिक ग्रन्थको पनि पारायण गरेको चर्चा अन्यत्र आएको सम्झना मलाई भएकोले अब त्यस विषयमा केही लेख्नुपरेको छ ।

पाको कागतमा मैथिली लिपिले लेखिएको, महाभारतको सभापर्व केसरपुस्तकालयमा छ । त्यसको सङ्ख्या ७११ हो । वि. सं. १७०३ आश्विनकृष्णएकादशीको दिन प्रताप मल्लले सभापर्वको पारायण गर्न थाली पाँच दिनभित्र सिद्धयाए भनी त्यस पुस्तकमा एक ठाउँमा लेखिएको छ–

सम्मत ७६६ आश्विनकृष्णैकादश्यां तिथौ ए दिने श्रीश्रीजयप्रतापमल्लदेवेन सभापर्व्व-पारायणारम्भष्कृतः पञ्च दिनान्यन्तरेण समाप्तष्कृतः ॥

ताडपत्रमा मैथिली लिपिले लेखिएको, वाल्मीकिरामायणको अयोध्याकाण्ड केसरपुस्तकालयमा छ । त्यसको सङ्ख्या ७२९ हो । वि. सं. १७०५ वैशाखकृष्णपञ्चमीको दिनदेखि प्रताप मल्लले अयोध्याकाण्डको पारायण गर्न थाली आठ दिनभित्र सिद्धयाए भनी त्यस पुस्तकमा एक ठाउँमा लेखिएको छ–

---

१५. इति वृषसारसंग्रहशास्त्रे वर्ण्णना नाम चतुर्विंशतितमोध्यायः समाप्तः ॥ वृषसार-सग्रहः समाप्त इति ॥ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सम्वत ७६८ वैशाखकृष्णपञ्चम्यान्तिथौ ए दिने श्रीश्रीजयप्रतापमल्लदेवेन अयोध्या:-काण्ड: पारायन आरम्भ: कृत: अष्टदिवसा अन्तरेण सम्पूर्णं कृतं ॥

मैथिली लिपिले लेखिएको नरसिंहपुराणको एउटा पुस्तक काठमाडौँका श्रीअच्युतानन्द राजोपाध्यायको सौजन्यले केही वर्षअगाडि मैले हेरेको थिएँ । वि. सं. १७०५ श्रावणशुक्लदशमीको दिनदेखि प्रताप मल्लले नरसिंहपुराणको पारायण गर्न थाली छ दिनभित्र सिद्ध्याए भनी त्यस पुस्तकमा एक ठाउँमा लेखिएको छ–

सम्म ७६८ श्रावनशुदिदशम्यां तिथौ ए दिने श्रीश्रीजयप्रतापमल्लदेवेन श्रीनरसिंह-पुराणपारायणारम्भः कृतः षड्दि[१४]नाभ्यन्तरे संपूर्ण्णः कृतः ॥[१६]

(२ सङ्ख्या)

अष्टसाहस्रिका प्रज्ञापारमिताको ताडपत्रमा लेखिएको एउटा पुस्तक पाटनका श्रीआशाकाजी वज्राचार्यको सौजन्यले केही वर्षअगाडि मैले हेर्न पाएको थिएँ र त्यस पुस्तकको पुष्पिका सारेको पनि थिएँ । अहिले यहाँ त्यो पुष्पिका प्रकाश गर्दछु–

आर्याष्टसहस्रिकायाम्प्रज्ञापारमितायाम्परीन्दनापरिवर्त्तो नाम द्वात्रिंशत्तमः ॥ ॥... देयधर्मोयम्प्रवरमहायानिनः परमोपासकश्रीवज्राचार्यप्रथमेन्द्रसेनस्य यदत्र पुण्यन्त-द्भूवत्वाचार्योपाध्यायमातापितृपूर्व्वङ्गमं कृत्वा सकलसत्वाराशेरनुत्तरज्ञानफल प्राप्त-मिति ॥ ० ॥ सम्वत् २०० ९० ३ फाल्गुणशुक्लद्वितीयायाम् बृष्पतिदिने ॥ श्रीराजाधिराजपरमेश्वरपरमभट्टारकः श्रीरुद्रदेवस्य विजयराजे लिखितमिदं शुभं ॥ ० ॥

पेतेकको नेपालको मध्यकालको इतिहासको दोस्रो संस्करणमा रुद्रदेवको पालाको ने. सं. २९२ [वि. सं. १२२९] ज्येष्ठपूर्णिमाको लिखत दिएपछि ने. सं. २९३ [वि. सं. १२३०] वैशाखकृष्णचतुर्थीको लिखत दिइएको छ ।[१७] यतावाट बीचमा ११ महीनाभन्दा बढी समयसम्मको, रुद्रदेवको पालाको कुनै लिखत पेतेकले नपाएको स्पष्ट छ । रुद्रदेवको पालाको ने. सं. २९३ [वि. सं १२२९] फाल्गुनशुक्लद्वितीयाको यो पुष्पिका अहिले प्रकाश गरिएकोले त्यो अन्तर कम हुन गएको छ भनी भनिरहनुपर्दैन ।

(३ सङ्ख्या)

ताडपत्रमा रञ्जना लिपिले एकै हातले लेखिएका सातवटा पुस्तक केसरपुस्तकालयको ७१ सङ्ख्याको बासामा बाँधिएका छन् । तिनमा पहिलो पुस्तक दुर्गासप्तशती अर्थात् चण्डीको हो । त्यसको पुष्पिका यस प्रकारको छ–

---

१६. प्रताप मल्लले शिवमतशास्त्र, महाभारत सभापर्व, वाल्मीकिरामायण अयोध्याकाण्ड र नरसिंहपुराण पाठ गरेको कुरा परेका वाक्य पहिलो पटक छापिएका हुन् ।

१७. ६८ पृष्ठ । ८ र ९ सङ्ख्याका लिखत ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इति मार्वकण्डेयपुराणे सावर्ण्णिके मन्वन्तरे देवीमाहात्म्ये चण्डीस्तवः समाप्तः ।। ❀ ।। सम्वत् २९३ फाल्गुणशुक्लत्रयोदश्यां लिखितमिति ।।

दोस्रो पुस्तक वराहपुराणान्तर्गत त्रिशक्तिमाहात्म्यको हो । पहिलो पुस्तक सारी सिद्ध्याइएको छैटौं दिनमा दोस्रो पुस्तक सारी सिद्धयाइएको थियो । त्यो पुष्पिका, पहिलोभन्दा केही लामो छ । पहिलोमा खालि पुस्तकको नाउँ र सारी सिद्धिएको तिथिमिति मात्र दिइएकोमा दोस्रोमा सार्ने मान्छेको नाउँ पनि दिइएको छ–

इत्यादिवराहपुराणे रुद्रमाहात्म्ये त्रिशक्तिमाहात्म्यं समाप्तः ।। ❀ ।। सम्वत् २९३ फाल्गुणकृष्णतृतीयायामादित्यदिने लिखन समाप्तीकृतमिति ।। लिखितमिदं रत्न-त्रयाराधकगोविन्दवर्मणेति ।।

तेस्रो पुस्तक रक्तगौरीस्तुतिको हो । दोस्रो पुस्तक सारी सिद्धयाइएको छैटौं दिनमा तेस्रो पुस्तक सारी सिद्धयाइएको थियो ।[१८] दोस्रोमा सार्नेको नाउँ पनि दिइएकोमा यसमा भने पहिलोमा जस्तै पुस्तकको नाउँ र सारी सिद्धिएको मिति मात्र दिइएको छ–

भगवद्रक्तगौरीस्तुतिः समाप्ताः ।। ।। सम्वत् २९३ फाल्गुणकृष्णनवम्यां । शुक्रदिने लिखन समाप्तीकृतमिति ।। शुभमस्तु ।।

चौथो पुस्तक देवीस्तवको हो र पाँचौं चाहिँ नारायणीस्तवको हो । पुष्पिकाअनुसार चौथो र पाँचौं पुस्तक एकै दिन सारी सिद्ध्याइएका थिए भन्ने बुझिन्छ तापनि चौथोमा सार्ने मान्छेको नाउँ नदिइएको कुरा यस प्रसङ्गमा भनिहाल्नुपर्छ । यी दुवै पुस्तकका पुष्पिकामा राजाको नाउँ परेकाले राजनीति–इतिहासको दृष्टिले यिनको विशेष महत्त्व छ भनी भनिरहनुपर्दैन । चौथोमा पुस्तक कसको हो, तिनको नाउँ दिइएको छ त पाँचौंमा तिनै मान्छे पुस्तकका दानपतिको रूपमा चित्रण गरिएका छन् । तेस्रो पुस्तक सारी सिद्ध्याइएको दशौं दिनमा चौथो र पाँचौं पुस्तक सारी सिद्ध्याइएका थिए भन्ने कुरा ती तीन पुस्तकका पुष्पिका दाँजेर हेर्दा स्पष्ट बुझिन्छ । चौथोको भन्दा पाँचौंको पुष्पिका लामो छ भन्ने कुरा पनि यहाँनिर भन्नुपरेको छ ।

चौथो पुस्तकको पुष्पिका

इति ।। भगवति पुराणे घोरवधे देव्या स्तवदण्डकं समाप्तं ।। ० ।। राजाधिराज-परमेश्वरपरमशैवपरमभट्टारकश्रीमत्‌रुद्रदेवस्य विजयराज्ये ।। श्रीउदैब्रह्मवर्द्धनस्य पुस्तकं ।। सम्वत् २९३ चैत्रशुक्लतृतीयायां आदित्यने लिखन समाप्तीकृत-मिति ।। ।।

---

१८. फाल्गुनशुक्लतृतीयादेखि सोझो गन्दा फाल्गुनकृष्णनवमी सातौं दिन हुन्छ तापनि फाल्गुनकृष्णतृतीया आदित्यवार परेको र फाल्गुनकृष्णनवमी शुक्रवार परेकोले बीचमा कुनै तिथि टुटेको देखिन्छ । यस कारण छैटौं दिन भनी माथि लेखिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पाँचौं पुस्तकको पुष्पिका

इति नन्दिकेश्वरपुराणे मार्कण्डेयभाषिते नारायण्या महास्तवं समाप्तमिति ।। ।। देयधर्म्मोयं प्रवरशिवयानयायिनः परमधार्मिककुलपुत्रश्रीउदैब्रह्मवर्द्धनस्य यदत्र पुण्यन्तद्भवत्वाचार्योपाध्यायमातापितृपूर्व्वङ्गमं कृत्वा सकलसत्वरासेरनुत्तरज्ञानफलावाप्तय इति ।। ❀ ।। राजाधिराजपरमेश्वरपरमशैवश्रीमत्रुद्रदेवस्य विजयराज्ये ।। लिखितमिदं कुलपुत्रश्रीगोविन्दवर्मणेति ।। सम्वत् २९३ चैत्रशुक्लतृतीयायां आदित्यदिने लिखन समाप्तीकृतमिति ।।

उदकानलचौरेभ्यः मूषिकेभ्यस्तथैव च ।
रक्षितव्यं प्रयत्नेन मया कष्टेन लिखितं ।।

शुभमस्तु सर्व्वजगत् ।। ❀ ।।

इन्द्राक्षीनामस्तुति र शाण्डिल्यकृत शारदास्तोत्र पनि यहाँ परेका छन् तापनि तिनका पुष्पिकामा पुस्तकका नाउँसिवाय अरू कुरा परेका छैनन् ।[१६]

हाम्रो २ सङ्ख्याको पुष्पिका ने. सं. २९३ [वि. सं. १२२९] फाल्गुनशुक्लद्वितीयाको भएकोले र ३ सङ्ख्याको पुष्पिकाचाहिँ ने. सं. २९३ [वि. सं. १२२९] चैत्रशुक्लतृतीयाको भएकोले रुद्रदेवको पालाका यी दुइ लिखतमा एक महीनाको फरक छ भन्ने कुरा स्पष्ट छ ।

दानपतिले लेखाउने गरेका, महायानग्रन्थका पुष्पिकाको नकल गरी नारायणीस्तवको पुष्पिका लेखिएको छ । दान गर्न भनी सार्न लाइएका, महायानग्रन्थका पुष्पिकामा देयधर्मो ऽयं प्रवरमहायानयायिनः भनी लेखिने गरेकोमा त्यस पुष्पिकामा देयधर्मो ऽयं प्रवरशिवयानयायिनः भन्ने लेखी अरू पद महायानका पुस्तकका पुष्पिकाका जस्तै हालिएका छन् भने पनि हुन्छ। यसरी शैवमार्गका ग्रन्थमा बौद्धमार्गका ग्रन्थमा लेखिने खालका पुष्पिका किन लेखिए भन्ने प्रश्न सहजै उठ्छ । यी पुस्तक सार्ने गोविन्द वर्माले त्रिशक्तिमाहात्म्यमा आफ्नो नाउँमा रत्नत्रयाराधक भन्ने शब्द जोडेकाले उनी बौद्ध हुन् भन्ने कुरामा शङ्का छैन । त्रिरत्नका उपासक हाम्रा गोविन्द वर्माले शैवमार्गका यी पुस्तक पेशाको लागि सारेको देखिन्छ । पेशाको लागि शैवमार्गका पुस्तक सारे पनि बौद्धमार्गका पुस्तकमा लेखिने खालको पुष्पिका हालिदिएर गोविन्द वर्माले नौलो प्रयोग गरेका छन् भनी भन्न सकिन्छ ।

४ सङ्ख्या

शिवधर्मशास्त्रको शान्त्यध्यायको ताडपत्रमा लेखिएको एउटा पुस्तक श्रीअच्युतानन्द राजोपाध्यायको सौजन्यले केही वर्षअगाडि मैले हेर्न पाएको थिएँ र त्यस पुस्तकको पुष्पिका सारेको पनि थिएँ । अहिले यहाँ त्यो पुष्पिका प्रकाश गर्दैछु–

---

१६. इन्द्राक्षीनामस्तुतिः परिसमाप्तः ।। ❀ ।। शुभ ।।
इति विद्यापुराणे साण्डिल्यमुनिकृतसारदास्तोत्रः समाप्तः ।। ० ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इति श्रीशिवधर्मशास्त्रे शान्त्याध्यायः षष्ठमः समाप्तः ।। ❋ ।।

) सम्वत् ३१६ माघशुक्लत्रयोदश्यां सोमवारे ।। महाराजाधिराजश्रीविजयकामदेवस्य ‸ विजयराज्ये ‸ श्रीत्रिकमनंदनजिवस्य पुस्तकं लिखितमिति ।।।। लेखक ‸ कम्रवेदुनामः ।। मंगलं महाश्री ।। श्रीचंपागुल्ममध्यमटोलके ।।

पेतेकको नेपालको मध्यकालको इतिहासको दोस्रो स्करणमा विजयकामदेवको पालाको ने. सं. ३१५ [वि. सं. १२५२] चैत्रपूर्णिमाको लिखत दिइसकेपछि ने. सं. ३१६ [वि. सं. १२५३] प्रथमाषाढशुक्लएकादशीको लिखत दिइएको छ।[२०] यताबाट बीचमा झण्डै १५ महीनासम्मको, विजयकामदेवको पालाको कुनै लिखत पेतेकले नपाएको स्पष्ट छ। विजयकामदेवको पालाको ने. सं. ३१६ [वि. सं. १२५२] माघशुक्लत्रयोदशीको यो पुष्पिका अहिले प्रकाश गरिएकोले त्यो अन्तर कम हुन गएको छ भनी भनिरहनुपर्दैन।

५ सङ्ख्या

चण्डीको ताडपत्रमा लेखिएको एउटा पुस्तक श्रीअच्युतानन्द राजोपाध्यायको सौजन्यले केही वर्षअगाडि मैले हेर्न पाएको थिएँ र त्यस पुस्तकको पुष्पिका सारेको पनि थिएँ । अहिले त्यो पुष्पिका यहाँ प्रकाश गर्दैछु–

इति मार्कण्डेयपुराणे सावर्ण्णिकमन्वन्तरे देवीमाहात्म्यं समाप्तं ।। ⁂ सम्वत् ३१६ माघकृष्णनवम्यां बृहस्पतिदिने ‸ श्रीविजयकामदेवस्य विजयराजे । श्रीचम्पागुल्म ‸ मध्यमटोले ‸ श्रीत्रिकनंदनजीवस्य ‸ पुस्तकं लिखितमिति ।। श्रीवैँदुपंडित लिखित ‸ स्वहस्तेनमिति ।।

हाम्रो ४ सङ्ख्याको पुष्पिका ने. सं. ३१६ [वि. सं. १२५२] माघशुक्लत्रयोदशीको भएकोले र यो पुष्पिकाचाहिँ ने. सं. ३१६ [वि. सं. १२५२] माघकृष्णनवमीको भएकोले विजयकामदेवको पालाका यी दुइ लिखतमा ११ दिनको[२१] फरक परेको कुरा स्पष्ट छ।

६ सङ्ख्या

ताडपत्रमा लेखिएको गाथासप्तशतीको त्रिभुवनपालले बनाएको टीकाको पुस्तक केसरपुस्तकालयमा छ। त्यसको सङ्ख्या ७६ हो। त्यसको पुष्पिका यस प्रकारको छ–

---

२०. ७५ पृष्ठ। २ र ३ सङ्ख्याका लिखत।

२१. माघशुक्लत्रयोदशीदेखि सोझो गन्दा माघकृष्णनवमी बाह्रौं दिन हुन्छ तापनि माघशुक्लत्रयोदशी सोमवार परेको र माघकृष्णनवमी बृहस्पतिवार परेकोले बीचमा कुनै तिथि टुटेको देखिन्छ। यस कारण ११ दिन भनी माथि लेखिएको हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इति हालविरचितानेककोषे सप्तमसतछतं समाप्तं श्रीत्रिभुवनपालविवृतौ छेकोक्ति-विचारलीलायां ।। ❋ ।। संवच्छरेकचत्वारिंशाधिकशतत्रये जैष्टमासे । नष्टचन्द्रे पक्षे रविणामसुदिने । राजाधिराजपरमेश्वरश्रीअभमल्लदेवस्य विजयराज्ये । स्वार्थपरार्थहेत्वर्थ० ।।

अनन्तमल्लदेवस्य पुस्तकोयं महात्मनः ।
भिक्षुणा वरचंद्रेण मया कष्टेन लिख्यते ।। ❁ ।।

पेतेकको नेपालको मध्यकालको इतिहासको दोस्रो संस्करणमा अभय मल्लको पालाको ने. सं. ३४० [वि. सं. १२७७] आश्विनशुक्लषष्ठीको लिखत दिएपछि ने. सं. ३४४ [वि. सं. १२८०] कार्तिकपूर्णिमाको लिखत दिइएको छ ।[२२] यताबाट बीचमा तीन वर्ष एक महीनाभन्दा बढी समयको, अभय मल्लको पालाको कुनै लिखत पेतेकले नपाएको स्पष्ट छ । अभय मल्लको पालाको ने. सं. ३४१ [वि. सं. १२७८] ज्येष्ठकृष्णको यो पुष्पिका[२३] अहिले प्रकाश गरिएकोले त्यो अन्तर कम हुन गएको छ भनी भनिरहनुपर्दैन ।

अभय मल्लको पालाको, वि. सं. १२७८ ज्येष्ठकृष्णको यस लिखतभन्दा ६ महीनापछिको एउटा लिखतको यस प्रसङ्गमा चर्चा गर्नु परेको छ । त्यस लिखतको मिति ने. सं. ३४२ [वि. सं. १२७८] मार्गकृष्णद्वितीयाको छ र राजाचाहिं त्यस लिखतमा रणशूरदेव भन्ने छन् ।[२४] त्यस लिखतभन्दा क्रण्डै दुइ वर्षसम्मका कुनै लिखत पाइएका छैनन् र जबदेखि लिखत पाइन थाल्छन्, तबदेखि फेरि अभय मल्ल नै राजाको रूपमा देखिएका छन् । यसरी वि. सं. १२७८ मार्गकृष्णद्वितीयाभन्दा अगाडि र पछाडि पनि अभय मल्ल नै राजा देखिएकाले[२५] र अज्ञातकुलशील रणशूरदेव बीचमा एकचोटि मात्र राजाको रूपमा टुप्लुक्क देखापरेकाले रणशूरदेव कुलक्रमागत राजा होइनन् कि भन्ने देखिन्छ । पेतेकले चर्चा गरेका सामग्रीअनुसार अभय मल्लको पालाको वि. सं. १२७७ आश्विनशुक्लषष्ठी-को लिखतपछि कालक्रमअनुसार रणशूरदेवको पालाको वि. सं. १२७८ मार्गकृष्णद्वितीयाको लिखत आएकोले यी दुइ लिखतको बीचमा साढे चौध महीना जतिको अन्तर परेको स्पष्ट छ । अभय मल्लको पालाको वि. सं. १२७८ ज्येष्ठकृष्णको यो लिखत अहिले प्रकाश गरिएकोले त्यो अन्तर ६ महीनाको मात्र रहन गएको छ भनी भनिरहनु-पर्दैन ।

गाथासप्तशतीको त्रिभुवनपालले बनाएको टीकाको यो पुस्तक वि. सं. १२७८ मा अनन्त मल्लदेवको लागि सारिएको हो । भारतीय नाट्यशास्त्रको पुस्तक वि. सं. १२८० मा कुमार श्रीअनन्त मल्लदेवको लागि सारिएको थियो ।[२६] गाथासप्तशतीको त्रिभुवनपालले बनाएको टीका सार्न लाउने अनन्त मल्लदेव र भारतीय नाट्यशास्त्र

---

२२. ८३ पृष्ठ । ७–८ सङ्ख्याका लिखत ।

२३. मूलमा तिथि छैन ।

२४. मेड्इईभल् हिस्टरि अफ् नेपाल्को दोस्रो संस्करणको ८६ पृष्ठ ।

२५. उही पुस्तकका ८३–८६ पृष्ठ ।

२६. वि. सं. २०४३ मा प्रकाशित पूर्णिमाको ६८ अङ्कमा छापिएको, महेशराज पन्तको भारतीय नाट्यशास्त्रको एक अंश, नेपाली लेखोट पुस्तकहरूबाट भन्ने निबन्ध, सो अङ्कका २–३ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सार्न लाउने कुमार श्रीअनन्त मल्लदेव यताबाट एकै देखिन्छन् । यी अनन्त मल्लको नाउँको अगाडि कुमार र नाउँको पछाडि देव जोडिएकाले यी अनन्त मल्ल राजकुमार हुन् भन्ने कुरामा शङ्का छैन ।

वि. सं. १३३१(?) देखि[२७] राजाको रूपमा देखिई वि. सं. १३६५ मा परलोक भएका[२८] अनन्त मल्ल वि. सं. १३०३ मा मात्र जन्मेकाले[२९] वि. सं. १२७८ र १२८० मा जुन अनन्त मल्लको लागि पुस्तक सारिएका थिए, ती अनन्त मल्ल, राजा अनन्त मल्ल होइनन् भन्ने कुरा स्पष्ट छ । यस कारण यी अनन्त मल्ल राजकुमार भए तापनि राजा हुन नपाएका देखिन्छन् र यिनी कसका छोरा हुन् भन्ने पनि हामीलाई थाहा छैन ।

गोपालराजवंशावलीमा एक ठाउँमा वि. सं. १३०६ मार्गशुक्लचतुर्थीको दिन श्रीश्रीअनन्त मल्लदेवले जो भाका छोरालाई युथोनिमं किल्लाबाट निकाले भनी लेखिएको छ ।[३०] यताबाट यी श्रीश्रीअनन्त मल्लदेव, वि. सं. १३०३ मा जन्मी पछि राजा हुने अनन्त मल्ल होइनन् भन्ने स्पष्ट छ । यस कारण यी अनन्त मल्ल वि. सं. १२७८ र १२८० मा पुस्तक सार्न लाउने अनन्त मल्ल हुनु बढी सम्भव छ ।[३१]

राजा अभय मल्लका दुइ भाइ छोरा थिए, तिनमा जेठा जयदेव मल्ल र कान्छा आनन्द मल्ल हुन् भनी भाषावंशावलीका केही संस्करणमा लेखिएको छ ।[३२] अभय मल्लका छोरा जयदेव हुन्[३३] र अभय मल्लपछि जयदेव राजा भएका

---

२७. मेड्इईभल् हिस्टरि अफ् नेपाल्को दोस्रो संस्करणको ९६ पृष्ठ, १ सङ्ख्याको लिखत ।

२८. उही पुस्तकको ९९ पृष्ठ ।

२९. उही ।

३०. वि. सं. २०४२ मा वीस्बादेनबाट फ्रन्स स्टाइनर फेर्लागद्वारा प्रकाशित, धनवज्र वज्राचार्य र कमलप्रकाश मल्लको द गोपालराजवंशावलीको मूल भागको ४६ पृष्ठ ।
गोपालराजवंशावलीमा युथोनिम॰ क्वाठन (द गोपालराजवंशावलीमा छापिएको गोपालराजवंशावलीको ३८ ख पत्रको चित्रको ५ पङ्क्ति) भनी लेखिएको र द गोपालराजवंशावलीमा मूल पाठमा पनि युथोनिमम् क्वाठन नै छापिएको भए तापनि त्यहाँ नेपालीमा (९४ पृष्ठ) र अङ्ग्रेजीमा (१४२ पृष्ठ) उल्था गर्दा भने क्वाठको अर्थ छुटाइएको छ ।

३१. मेड्इईभल् हिस्टरि अफ् नेपाल्को दोस्रो संस्करणका ८३–८४,८७,८८ पृष्ठ ।
द गोपालराजवंशावलीको व्यक्ति–अनुक्रमणिकाबाट गोपालराजवंशावलीमा दुइ जना भिन्नाभिन्नै अनन्त मल्लको चर्चा आएको छ भन्ने बुझिँदैन । गोपालराजवंशावलीमा अनन्त मल्ल भन्ने नाउँ जहाँ जहाँ आएको छ, ती सबैलाई त्यहाँ एकै ठाउँमा राखिएको छ (१९१ पृष्ठ) । उता, लूच्यानो पेतेकको मेड्इईभल् हिस्टरि अफ् नेपाल्को इन्डेक्स् [अनुक्रमणिका] मा भने राजा अनन्त मल्ल र राजकुमार अनन्त मल्ललाई छुट्ट्याएर अलग अलग राखिएको कुरा (पहिलो संस्करणको २२५ पृष्ठ, दोस्रो संस्करणको २४१ पृष्ठ) यस प्रसङ्गमा स्मरणीय छ ।
वि. सं. १९३३ मा केम्ब्रिजबाट युनिभर्सिटी प्रेसद्वारा प्रकाशित, डानियल राइटको हिस्टरि अफ् नेपाल्, ट्रान्स्लेटेड्इड् फ्रम् द पर्बतिया [पर्बतेबाट उल्था गरिएको नेपालको इतिहास]को १६२ पृष्ठ ।

३२. वि. सं. १९४१ मा बम्बईबाट प्रकाशित दि इन्डिअन् यान्टिक्वरि [भारतीय प्रत्नतत्त्व] को १३ भागमा छापिएको, भगवानलाल इन्द्राजीको सम् कन्सिड्अरेशन्ज् अन् द हिस्टरि अफ् नेपाल् [नेपालको इतिहासको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इति हालविरचितानेककोषे सप्तमसतछतं समाप्तं श्रीत्रिभुवनपालविवृतौ छेकोक्तिविचारलीलायां ।। ❋ ।। संवच्छरेकचत्वारिंशाधिकशतत्रये जैष्टमासे । नष्टचन्द्रे पक्षे रविणामसुदिने । राजाधिराजपरमेश्वरश्रीअभमल्लदेवस्य विजयराज्ये । स्वार्थपरार्थहेत्वर्थ० ।।

अनन्तमल्लदेवस्य पुस्तकोयं महात्मनः ।
भिक्षुणा वरचंद्रेण मया कष्टेन लिख्यते ।। ❁ ।।

पेतेकको नेपालको मध्यकालको इतिहासको दोस्रो संस्करणमा अभय मल्लको पालाको ने. सं. ३४० [वि. सं. १२७७] आश्विनशुक्लषष्ठीको लिखत दिएपछि ने. सं. ३४४ [वि. सं. १२८०] कार्तिकपूर्णिमाको लिखत दिइएको छ ।[२२] यताबाट बीचमा तीन वर्ष एक महीनाभन्दा बढी समयको, अभय मल्लको पालाको कुनै लिखत पेतेकले नपाएको स्पष्ट छ । अभय मल्लको पालाको ने. सं. ३४१ [वि. सं. १२७८] ज्येष्ठकृष्णको यो पुष्पिका[२३] अहिले प्रकाश गरिएकोले त्यो अन्तर कम हुन गएको छ भनी भनिरहनुपर्दैन ।

अभय मल्लको पालाको, वि. सं. १२७८ ज्येष्ठकृष्णको यस लिखतभन्दा ६ महीनापछिको एउटा लिखतको यस प्रसङ्गमा चर्चा गर्नु परेको छ । त्यस लिखतको मिति ने. सं. ३४२ [वि. सं. १२७८] मार्गकृष्णद्वितीयाको छ र राजाचाहिँ त्यस लिखतमा रणशूरदेव भन्ने छन् ।[२४] त्यस लिखतभन्दा झण्डै दुइ वर्षसम्मका कुनै लिखत पाइएका छैनन् र जबदेखि लिखत पाइन थाल्छन्, तबदेखि फेरि अभय मल्ल नै राजाको रूपमा देखिएका छन् । यसरी वि. सं. १२७८ मार्गकृष्णद्वितीयाभन्दा अगाडि र पछाडि पनि अभय मल्ल नै राजा देखिएकाले[२५] र अज्ञातकुलशील रणशूरदेव बीचमा एकचोटि मात्र राजाको रूपमा टुप्लुक्क देखापरेकाले रणशूरदेव कुलक्रमागत राजा होइनन् कि भन्ने देखिन्छ । पेतेकले चर्चा गरेका सामग्रीअनुसार अभय मल्लको पालाको वि. सं. १२७७ आश्विनशुक्लषष्ठीको लिखतपछि कालक्रमअनुसार रणशूरदेवको पालाको वि. सं. १२७८ मार्गकृष्णद्वितीयाको लिखत आएकोले यी दुइ लिखतको बीचमा साढे चौध महीना जतिको अन्तर परेको स्पष्ट छ । अभय मल्लको पालाको वि. सं. १२७८ ज्येष्ठकृष्णको यो लिखत अहिले प्रकाश गरिएकोले त्यो अन्तर ६ महीनाको मात्र रहन गएको छ भनी भनिरहनुपर्दैन ।

गाथासप्तशतीको त्रिभुवनपालले बनाएको टीकाको यो पुस्तक वि. सं. १२७८ मा अनन्त मल्लदेवको लागि सारिएको हो । **भारतीय नाट्यशास्त्र**को पुस्तक वि. सं. १२८० मा कुमार श्रीअनन्त मल्लदेवको लागि सारिएको थियो ।[२६] **गाथासप्तशती**को त्रिभुवनपालले बनाएको टीका सार्न लाउने अनन्त मल्लदेव र **भारतीय नाट्यशास्त्र**

---

२२. ८३ पृष्ठ । ७–८ सङ्ख्याका लिखत ।

२३. मूलमा तिथि छैन ।

२४. मेड्इईभल् हिस्टरि अफ् नेपाल्को दोस्रो संस्करणको ८६ पृष्ठ ।

२५. उही पुस्तकका ८३–८६ पृष्ठ ।

२६. वि. सं. २०४३ मा प्रकाशित **पूर्णिमा**को ६८ अङ्कमा छापिएको, महेशराज पन्तको **भारतीय नाट्यशास्त्रको एक अंश, नेपाली लेखोट पुस्तकहरूबाट** भन्ने निबन्ध, सो अङ्कका २–३ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सार्न लाउने कुमार श्रीअनन्त मल्लदेव यताबाट एकै देखिन्छन् । यी अनन्त मल्लको नाउँको अगाडि कुमार र नाउँको पछाडि देव जोडिएकाले यी अनन्त मल्ल राजकुमार हुन् भन्ने कुरामा शङ्का छैन ।

वि. सं. १३३१(?) देखि[२७] राजाको रूपमा देखिई वि. सं. १३६५ मा परलोक भएका[२८] अनन्त मल्ल वि. सं. १३०३ मा मात्र जन्मेकाले[२९] वि. सं. १२७८ र १२८० मा जुन अनन्त मल्लको लागि पुस्तक सारिएका थिए, ती अनन्त मल्ल, राजा अनन्त मल्ल होइनन् भन्ने कुरा स्पष्ट छ । यस कारण यी अनन्त मल्ल राजकुमार भए तापनि राजा हुन नपाएका देखिन्छन् र यिनी कसका छोरा हुन् भन्ने पनि हामीलाई थाहा छैन ।

गोपालराजवंशावलीमा एक ठाउँमा वि. सं. १३०६ मार्गशुक्लचतुर्थीको दिन श्रीश्रीअनन्त मल्लदेवले जो भाका छोरालाई युथोनिमं किल्लावाट निकाले भनी लेखिएको छ ।[३०] यताबाट यी श्रीश्रीअनन्त मल्लदेव, वि. सं. १३०३ मा जन्मी पछि राजा हुने अनन्त मल्ल होइनन् भन्ने स्पष्ट छ । यस कारण यी अनन्त मल्ल वि. सं. १२७८ र १२८० मा पुस्तक सार्न लाउने अनन्त मल्ल हुनु बढी सम्भव छ ।[३१]

राजा अभय मल्लका दुइ भाइ छोरा थिए, तिनमा जेठा जयदेव मल्ल र कान्छा आनन्द मल्ल हुन् भनी भाषावंशावलीका केही संस्करणमा लेखिएको छ ।[३२] अभय मल्लका छोरा जयदेव हुन्[३३] र अभय मल्लपछि जयदेव राजा भएका

---

२७. मेड्इईभल् हिस्टरि अफ् नेपाल्को दोस्रो संस्करणको ९६ पृष्ठ, १ सङ्ख्याको लिखत ।

२८. उही पुस्तकको ९९ पृष्ठ ।

२९. उही ।

३०. वि. सं. २०४२ मा वीसबादेनबाट फ्रन्स स्टाइनर फेर्लागद्वारा प्रकाशित, धनवज्र वज्राचार्य र कमलप्रकाश मल्लको द गोपालराजवंशावलीको मूल भागको ४६ पृष्ठ ।
गोपालराजवंशावलीमा युथोनिम० क्वाठन (द गोपालराजवंशावलीमा छापिएको गोपालराजवंशावलीको ३८ ख पत्रको चित्रको ५ पङ्क्ति) भनी लेखिएको र द गोपालराजवंशावलीमा मूल पाठमा पनि युथोनिमम् क्वाठन नै छापिएको भए तापनि त्यहाँ नेपालीमा (९४ पृष्ठ) र अङ्ग्रेजीमा (१४२ पृष्ठ) उल्था गर्दा भने क्वाठको अर्थ छुटाइएको छ ।

३१. मेड्इईभल् हिस्टरि अफ् नेपाल्को दोस्रो संस्करणका ८३–८४,८७,८९ पृष्ठ ।
द गोपालराजवंशावलीको व्यक्ति–अनुक्रमणिकाबाट गोपालराजवंशावलीमा दुइ जना भिन्नाभिन्नै अनन्त मल्लको चर्चा आएको छ भन्ने बुझिँदैन । गोपालराजवंशावलीमा अनन्त मल्ल भन्ने नाउँ जहाँ जहाँ आएको छ, ती सबैलाई त्यहाँ एकै ठाउँमा राखिएको छ (१९१ पृष्ठ) । उता, लूच्यानो पेतेकको मेड्इईभल् हिस्टरि अफ् नेपाल्को इन्डेक्स् [अनुक्रमणिका] मा भने राजा अनन्त मल्ल र राजकुमार अनन्त मल्ललाई छुट्ट्याएर अलग अलग राखिएको कुरा (पहिलो संस्करणको २२५ पृष्ठ, दोस्रो संस्करणको २४१ पृष्ठ) यस प्रसङ्गमा स्मरणीय छ ।
वि. सं. १९३३ मा केम्ब्रिजबाट युनिभर्सिटी प्रेसद्वारा प्रकाशित, डानियल राइटको हिस्टरि अफ् नेपाल्, ट्रान्स्लेटेड् फ्रम् द पर्बतिया [पर्बतेबाट उल्था गरिएको नेपालको इतिहास]को १६२ पृष्ठ ।

३२. वि. सं. १९४१ मा बम्बईबाट प्रकाशित दि इन्डिअन् यान्टिक्वरि [भारतीय प्रत्नतत्त्व] को १३ भागमा छापिएको, भगवानलाल इन्द्राजीको सम् कन्सिड्अरेशन्ज् अन् द हिस्टरि अफ् नेपाल् [नेपालको इतिहासको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयमा केही विचार] भन्ने निवन्ध, सो भागको ४१३ पृष्ठ।
वि. सं. २०२७ मा होश्यारपुरबाट प्रकाशित, विक्रमजित् हसरतको हिस्टरि अफ् नेपाल्, याज् टोल्ड् बाइ इट्स् वोन् यान्ड् कन्टेम्पररि क्रन्इक्लर्ज् [नेपालका आफ्नै र उही समयका इतिवृत्तकारहरूले बताएअनुसारको नेपालको इतिहास] को मूल भागको ४९ पृष्ठ।
वि. सं. २०२८ मा काठमाडौंबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित प्राचीन नेपालको १६ सङ्ख्यामा छापिएको, नेपाल देशको इतिहास, सो सङ्ख्याको १० पृष्ठ। अभय मल्लका छोरा जय मल्ल, जय मल्लका भाइ अनन्त मल्ल भनी त्यहाँ लेखिएको छ।

३३. लूच्यानो पेतेकले गोपालराजवंशावलीको ३४ पत्रको आधारमा अभय मल्लका छोरा जयदेवको जन्म ने. सं. ३२४ [वि. सं. १२६०] कार्तिककृष्णएकादशीको दिन भयो भनी लेख्नुभएको छ (मेड्ईभल् हिस्टरि अफ् नेपाल्को पहिलो संस्करणको ९० पृष्ठ, दोस्रो संस्करणको ८९ पृष्ठ)।
गोपालराजवंशावलीको जुन ठाउँमा यो कुरा परेको छ, त्यस ठाउँमा निकै अक्षर धमिलिएर गएकाले बाबु-छोरा दुवैका नाउँ पढ्न सकिँदैनन्; यसो भए तापनि जन्मसंवत्, मर्दाखिरिको उमेर र राज्यभोगवर्ष भने जयदेवसँग पूरापूर मेल खान्छन्; पुष्पिकाहरूबाट पनि यस कुराको पुष्टि हुन्छ; अत्यन्त कष्टसँग मैले त्यहाँ अभयसम्म पढें, तर उडेर गएका ती अक्षरका डोब हेरी अरू नै अक्षर पनि पढ्न नसकिने होइन; यस कारण यहाँ अभय मल्लकै चर्चा आएको हो भनी ठोकेर भन्न सकिँदैन; पछिल्ला वंशावलीहरूको भर परेर पेतेकले अभय मल्ललाई जयदेवका छोरा भनी भन्नुभएको छ; यसलाई काट्ने अर्को प्रमाण नपाएसम्म म पनि त्यही भन्छु भनी डिल्लीरमण रेग्मीले लेख्नुभएको छ। (मेड्ईभल् नेपाल्को पहिलो भागका २२१-२२२ पृष्ठ)।
मेरी शेफर्ड स्लसरले भने केही ऐतिहासिक आकरमा जयदेवका जन्म र मृत्युका तिथिमिति अशुद्धि पारेर दिइएका छन् तापनि वास्तव तिथिमिति थाहा छैनन् भनी लेख्नुभएको छ (वि. सं. २०३९ मा प्रिन्स्टनबाट प्रिन्स्टन युनिभर्सिटी प्रेसद्वारा प्रकाशित, मेरी शेफर्ड स्लसरको नेपाल् मण्डलको पहिलो भागको ३९९ पृष्ठ)।
द गोपालराजवंशावलीको ४२ पृष्ठमा गोपालराजवंशावलीको यससम्बन्धी मूल वाक्य यसरी छापिएको छ-
सम्वत् ३५४ कार्त्तिक कृष्ण एकादशी श्री अभय - - - - - स जात, राजा अस्त वर्ष ५४ माघ शुदि ५॥
यस वाक्यको नेपाली उल्था सोही पुस्तकको ९० पृष्ठमा यसरी छापिएको छ-
ने. सं. ३२४ (वि. सं. १२६०) कार्तिक कृष्ण एकादशीको दिन श्रीअभयमल्ल जन्मे। ५४ वर्षको उमेरमा, माघ शुक्ल पञ्चमीको दिन ती राजाको मृत्यु भयो।
त्यही वाक्यको अङ्ग्रेजी उल्था सोही पुस्तकको १३७ पृष्ठमा यसरी छापिएको छ-
इन् एन्. एस्. ३५४, (३२१ ?) अन् कार्तिक कृष्ण एकादशी, श्री अभयमल्ल वज् बर्न्। अन् माघ शुक्ल पञ्चमी, द किङ डाइड् याट् दि एज् अफ् ५४।
[ने. सं. ३५४ (३२१?) कार्तिककृष्णएकादशीको दिन श्री अभय मल्ल जन्मे। माघशुक्लपञ्चमीको दिन ५४ वर्षको उमेरमा ती राजा स्वर्गे भए।]
द गोपालराजवंशावलीका कर्ताहरूले यस वाक्यबाट जयदेवको होइन कि, अभय मल्लकै जन्म-मृत्युका तिथिमिति निकालेको यताबाट बुझिन्छ। तर त्यहाँ जन्मसमय मूलमा ने. सं. ३५४ लेखेको, नेपाली-मा उल्था गर्दा भने त्यही संवत्लाई ३२४ लेखेको र अङ्ग्रेजीमा उल्था गर्दा भने त्यही संवत्लाई फेरि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थिए[३५] भन्ने कुरा पुराना वंश.वलीबाट थाहा पाइन्छ। अभय मल्लपछि जयदेव राजा भएको कुराको पुष्टि तात्कालिक

---

३५४ नै लेखेको र कोष्ठभित्र प्रश्नचिह्नसहितको ३२१ हाली सच्याउन खोजेको देखिन्छ। यसरी एउटै संवत्लाई कतै केही, कतै केही गरी त्यहाँ छपाएको स्पष्ट छ। छाप्दा भ्रमवश एउटै संवत् कहीं केही कहीं केही भएर छापिए तापनि अफसेटबाट छपाइने त्यस पुस्तकमा पछि पनि सच्याउन सकिन्थ्यो। त्यसमाथि ठूलठूला अक्षर हाली मन फुकाएर निकै ठाउँ छोड्दा पनि ४८ पृष्ठ मात्र ओगटेको, अफसेटबाट छपाइएको गोपालराजवंशावलीको मूल पाठ छापिइसकेपछि त्यस पुस्तकका कर्ताहरूले त्यहाँ १४३ वटा अशुद्धि पत्ता लाएका छन्! तर ती १४३ वटा अशुद्धिमध्ये मैले भरखरै चर्चा गरेको अशुद्धि नपरेकोले **चित्रप्रतिलिपि दिइएको हुँदा विज्ञ पाठकलाई शुद्धिपत्रको आवश्यकता छैन तापनि सबैलाई सुविधा होस् भनी यो शुद्धिपत्र दिइएको हो** भन्ने लेखी त्यस पुस्तकका कर्ताहरूले यो अशुद्धि विज्ञ पाठकके भरमा साँच्चिकै छोडिदिएको देखिन्छ। अरूले दुःखजिलो गरी तयार गरेको, अफसेटबाट नछापिएको १३५० पृष्ठको पुस्तकमा १०९ पृष्ठको शुद्धिपत्र र थपुवा कुरा गाभियो भनी होच्याएर लेख्न सक्ने कमलप्रकाश मल्लले (**वि. सं. २०४० मा प्रकाशित कन्ट्रिब्युशन्ज् टु नेपालीज् स्टड्इज्**को ११ वर्ष १ अङ्कमा छापिएको कमलप्रकाश मल्लको **द लिमिट्स् अफ् सर्फेस् आर्कीअल्अजि** [जमीनमुनि नखनीकनै काम चलाइएको पुरातत्त्वका सीमा] भन्ने निबन्ध, सो अङ्कको १३२ पृष्ठ) अफसेटबाट छापिएको आफ्नै पुस्तकमा यस्तो अशुद्धि बाँकी राखेको र शुद्धिपत्रमा पनि यस्तो अशुद्धि गाभ्न नसकेको देखेर छक्क लागेको छ।

फेरि अर्को कुरा यहाँनिर नभनी नहुने भएको छ। त्यो के हो भने माथि चर्चा गरिएको संवत्लाई अभय मल्लको जन्मवर्ष भनी त्यहाँ लेखिएको कुरा **गोपालराजवंशावली**का माथि उद्धरण गरिएका नेपाली अङ्ग्रेजी दुवै उल्थाबाट बुझिन्छ। अभय मल्लको जन्मको तिथिमिति **गोपालराजवंशावलीमा** अन्यत्र आएको छ। त्यसअनुसार उनको जन्म ने. सं. ३०३ [वि. सं. १३३९] मा भएको बुझिन्छ (**द गोपालराजवंशावली**को ४३ पृष्ठ)। यस कारण ने. सं. ३२४ [वि. सं. १२६०] मा जन्मनेलाई पनि अभय मल्ल नै मान्ने हो भने अभय मल्ल दुइ जना थिए भन्ने कुरा **द गोपालराजवंशावली**का कर्ताहरूले स्पष्टसँग भन्न सक्नुपर्छ। फेरि, अङ्ग्रेजी उल्थामा बाहिरपट्टि ने. सं. ३५४ हाली कोष्ठभित्र प्रश्नचिह्नसहितको ने. सं. ३२१ किन राखियो, यसको पनि जवाफ मलाई चाहिएको छ।

३५. **द गोपालराजवंशावली**का ३३,८१ पृष्ठ।
केसरवंशावलीको ६ पृष्ठ [**द गोपालराजवंशावली**को २१६ पृष्ठ]।
संक्षिप्तवंशावलीको ६ पृष्ठ [उही पुस्तकको २२७ पृष्ठ]।
वि. सं. २०४२ मा प्रकाशित **कन्ट्रिब्युशन्ज् टु नेपालिज् स्टड्इज्**को १२ वर्ष २ अङ्कमा छापिएको, कमलप्रकाश मल्लको **नेपालवंशावलीः ए कम्प्लीट् भर्सन् अफ् द केसर् वंशावली** [नेपालवंशावली – केसरवंशावलीको पूरा पाठ] भन्ने निबन्ध, सो अङ्कको ६० पृष्ठ।
वि. सं. १८६७ मा लण्डनबाट विलियम मिलरद्वारा प्रकाशित, कर्कप्याट्रिकको **यान् अकाउन्ट् अफ् द किङ्डम् अफ् नेपाउल्** [नेपाल अधिराज्यको बयान] को २६४ पृष्ठ।
जयदेवको पट्टबन्ध [राज्याभिषेक] ने. सं. ३७४ [वि. सं. १३११] आश्विनकृष्णद्वितीयाको दिन देउपाटनेहरूले गरे भनी गोपालराजवंशावलीमा लेखिएको छ (**द गोपालराजवंशावली**का ४७,९५ पृष्ठ)। राजा अभय मल्लको पालाका यसपछिका पनि लिखत पाइएकाले (**मेड्ईभल् हिस्टरि अफ् नेपाल्**को दोस्रो संस्करणका ८५–८६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रमाणबाट पनि हुन्छ।[३५] भाषावंशावलीहरूमा जयदेव मल्लका भाइ भनिएका आनन्द मल्ल नै अभय मल्लको पालामा कुमार श्रीअनन्त मल्लदेव भनी लेखिएका अनन्त मल्ल हुन् भनी भन्न सकिन्छ। यस कारण वि. सं. १३०६ मा गद्दीमा अभय मल्ल छँदा युथोनिमं किल्लाबाट मान्छे निकाल्न सक्ने यी अनन्त मल्ल, राजा अभय मल्लका छोरा हुनु धेरै सम्भव छ।[३६]

७ सङ्ख्या

स्रग्धरास्तोत्रको ताडपत्रमा लेखिएको एउटा पुस्तक काठमाडौँका श्रीधर्मरत्न वज्राचार्यको सौजन्यले केही वर्ष-अगाडि मैले हेर्न पाएको थिएँ र त्यस पुस्तकको पुष्पिका सारेको पनि थिएँ। अहिले त्यो पुष्पिका यहाँ प्रकाश गर्दछु—

आर्यताराभट्टारिकयाः स्रग्धरास्तोत्रं समाप्तमिति ।। ।। कृतिरियं पण्डितसर्वज्ञमित्रपादानामिति ।।...

देयधर्मोयं प्रवरमहायानयायिनः परमोपसकश्रीजैतब्रह्मरत्नस्य... सम्वत् ३६२ भाद्रपदकृष्णअष्टम्याम् । शुक्रवासरे । राजाधिराजपरमेश्वरपरमभट्टारकश्रीमदभयमल्लदेवस्य विजैराज्ये लिखितमिदं ।। ❁ ।।

पेतेकको नेपालको मध्यकालको इतिहासको दोस्रो संस्करणमा अभय मल्लको पालाको ने. सं. ३५८ [वि. सं. १२९५] ज्येष्ठशुक्लपञ्चमीउप्रान्त षष्ठीको लिखत दिइसकेपछि ने. सं. ३६३ [वि. सं. १३००] भाद्रपूर्णिमाको

पृष्ठ) अभय मल्लकै पालामा एक थरीले जयदेवको राज्याभिषेक गरिदिएको देखिन्छ। अभय मल्लको मृत्यु ने. सं. ३७५ [वि. सं. १३१२] आषाढशुक्लअष्टमीको दिन भएको कुरा **गोपालराजवंशावलीबाटै** बुझिने हुनाले (द **गोपालराजवंशावलीका** ४३,४६,९१,९४ पृष्ठ) अभय मल्ल परलोक हुनुभन्दा झण्डै नौ महीना-अगाडिदेखि नै जयदेवलाई एक थरीले राजा मान्न थालिसकेको देखिन्छ। अभय मल्लको वर्खी सिद्धिइसकेपछि ने. सं. ३७६ [वि. सं. १३१३] द्वितीयाषाढशुक्लद्वादशीको दिन पनि जयदेवको राज्याभिषेक कुनै ठाउँमा भएको कुरा **गोपालराजवंशावलीबाटै** बुझिन्छ। यसको ठीक एक महीनापछि अर्कै ठाउँमा जयदेवको राज्याभिषेक भएको थियो भन्ने कुरा पनि **गोपालराजवंशावलीबाटै** बुझिन्छ (उही पुस्तकका ४७,९५ पृष्ठ)। यसको चार महीना जतिपछि ने. सं. ३७७ [वि. सं. १३१३] मार्गपूर्णिमाको दिन जयदेवको फेरि देउपाटनमा राज्याभिषेक भएको कुरा पनि त्यहीँबाटै बुझिन्छ (उही पुस्तकका ४५,९३ पृष्ठ)। यताबाट अभय मल्ल छँदै एकपटक र अभय मल्ल बितेको एक वर्षपछिका झण्डै सात महीनाभित्र ठाउँठाउँमा गरी तीनपटक जयदेवको राज्याभिषेक भएको कुरा **गोपालराजवंशावलीबाट** बुझिएको छ।

३५. अभय मल्लको पालाको सबभन्दा पछिल्लो लिखत ने. सं. ३७५ [वि. सं. १३१२] चैत्रकृष्णद्वादशीको छ (मेड्ईभल् हिस्टरि अफ् नेपाल्को दोस्रो संस्करणका ८५–८६ पृष्ठ, २५ सङ्ख्याको लिखत)। जयदेवको पालाको सबभन्दा पहिलो लिखत ने. सं. ३७७ [वि. सं. १३१४] ज्येष्ठपूर्णिमाको छ (उही पुस्तकको ८९ १ सङ्ख्याको लिखत)।

३६. मेड्ईभल् हिस्टरि अफ् नेपाल्को दोस्रो संस्करणको ८९ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लिखत दिइएको छ ।[३७] यताबाट बीचमा ६३ महीनाभन्दा बढी समयको अभय मल्लको कुनै लिखत पेतेकले नपाएको स्पष्ट छ । अभय मल्लको पालाको ने. सं. ३६२ [वि. सं. १२९९] भाद्रकृष्णअष्टमीको यो पुष्पिका अहिले प्रकाश गरिएकोले यो अन्तर कम हुन गएको छ भनी भनिरहनुपर्दैन ।

८ सङ्ख्या

पञ्चरक्षाको ताडपत्रमा लेखिएको एउटा पुस्तक श्रीधर्मरत्न वज्राचार्यको सौजन्यले केही वर्षअगाडि मैले हेर्न पाएको थिएँ र त्यस पुस्तकको पुष्पिका सारेको पनि थिएँ । अहिले त्यो पुष्पिका यहाँ प्रकाश गर्दछु–

आर्यमहासाहस्रप्रमर्दिनी । आर्यमहामायूरी । आर्य ।। ।। महासीतवती । आर्यमहामन्त्रानुसारिणी । एतानि पञ्चमहारक्षासूत्राणि समाप्तेति ।।...

वेदाङ्गानलवत्सरे परिगतन्नेपालसङ्कलिपते
मासे कार्तिकशुक्लपक्षरचितनागातिथौ स पु ×
...दभयमल्लनृप...

पेतेकको नेपालको मध्यकालको इतिहासको दोस्रो संस्करणमा अभय मल्लको पालाको ने. सं. ३६३ [वि. सं. १३००] भाद्रपूर्णिमाको लिखत दिएपछि ने. सं. ३६५ [वि. सं. १३०१] मार्गशुक्लसप्तमीको लिखत दिइएको छ ।[३८] यताबाट बीचमा झण्डै १५ महीनाको, अभय मल्लको पालाको कुनै लिखत पेतेकले नपाएको स्पष्ट छ । अभय मल्लको पालाको ने. सं. ३६४ [वि. सं. १३००] कार्तिकशुक्लपञ्चमीको यो पुष्पिका अहिले प्रकाश गरिएकोले यो अन्तर कम हुन गएको छ भनी भनिरहनुपर्दैन ।

९ सङ्ख्या

केसरपुस्तकालयको २०३ सङ्ख्याको, ताडपत्रमा लेखिएको कामन्दकीय नीतिसारको पुष्पिका यस प्रकारको छ–

सङ्ग्रहे ऽधिकरणे ऽर्थशास्त्रसमुच्चये आर्याढ्यप्रदृष्टे नीतिसारे राजोपदेशे कामन्दकीये एकविंशतितमः सर्गः ।।

श्रीमद्राज्यं समस्ताङ्गं धर्मकामादिवृद्धये ।
श्रीमद्[३९]देवधरेणेदं समाप्तं गुणिनाम्मतं ।। ० ।।

सम्वत् ३६७ चैत्रशुक्लदशम्यां श्रीफणपिङ्गस्थाने विषयाधिपतिमहासामन्तश्रीजैतमल्लजीवेषु विजयराज्येषु सुनाकदुछेंगृहे सुनयचन्दसन्तानेषु भारोश्रीब्रह्मपुत्रेषु श्रीरामलिखितं स्वपुस्तकोयं शुभमस्तु ।।

---

३७. ८४ पृष्ठ । १४ र १५ सङ्ख्याका लिखत ।

३८. उही । १५ र १६ सङ्ख्याका लिखत ।

३९. 'द्दे' जोडेर लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पेतेकको नेपालको मध्यकालको इतिहासको दोस्रो संस्करणमा मोफसल र सामन्तराज्य भन्ने प्रकरणमा फर्पिङको विषयमा लेख्ने क्रममा यस्तो पनि लेखिएको छ–

फर्पिङ् फस्ट् अपीर् इन् आउर् सोर्स्इज् इन् १०९२ यान्ड् ११६५ याज् ए सिम्प्ल् विषय। व्हेन् वी मीट् इट् अगेन् इन् १२६०, इट् वज् गोइङ् थ्रू ए ट्रान्जिशनल् स्टेज्, बीइङ् गभ्-अर्न्ड् बाइ ए विषयाधिपति विथ् द टाइट्ल् अफ् महासामन्त।[४०]

[हाम्रा आकरमा वि. सं. ११४८ र वि. सं. १२२२ मा फर्पिङ खालि विषयको रूपमा मात्र पहिले देखापर्छ। वि. सं. १३१७ मा हामीले यसलाई फेरि भेट्दा महासामन्तको पदवी भएका कुनै विषयाधिपतिद्वारा शासन गरिइरहेको परिवर्तनात्मक अवस्थाबाट यो गुज्रिरहेको थियो।]

महासामन्तको पदवी भएका विषयाधिपतिद्वारा फर्पिङको शासन भइरहेको सबभन्दा पुरानो प्रमाण पेतेकले वि. सं. १३१७ को पाएको यताबाट स्पष्ट हुन्छ। पेतेकले औंल्याएको सो प्रमाण, विचार गर्न सजिलो होस् भनी यहाँ सार्नुपरेको छ–

सम्वत् ३८१ पौसीशुक्लदिवाग्रष्टम्याम् श्रीश्रीपरमेश्वरपरमश्रीश्रीभीमदेवस्य विजयराज्ये ॥ श्रीफर्नपिंगविषयाधिपतिमहाशामन्तश्रीजेतरामजीवस्य नगरे...[४१]

पेतेकले उद्धरण गरेको यो लिखत, फर्पिङ इखापोखरी टुटेपानीको जलद्रोणीको अभिलेखबाट झिकिएको हो। यो अभिलेख सबभन्दा पहिले वि. सं. २०२० मा हामीले अभिलेख-संग्रहको नवौँ भागमा छपाएका थियौँ। यसपछि यसको केही अंश, वि सं. २०२२ मा डिल्लीरमण रेग्मीले आफ्नो मध्यकालको नेपालको पहिलो भागमा छपाउनुभयो।[४२] तर हामीले पहिल्यै प्रकाशित गरिसकेका अरू अरू अभिलेखलाई अप्रकाशित भनी आफ्नो नाउँमा दर्ता गरे जस्तै[४३] यस अभिलेखलाई पनि आफ्नो नाउँमा दर्ता गर्न रेग्मी चुक्नुभएन।[४४] यसपछि वि. सं. २०२३ मा उहाँले यो पूरै अभिलेख आफ्नो मध्यकालको नेपालको तेस्रो भागमा छपाउनुभयो।[४५] हामीले पहिले छपाइसकेका

---

४०. १९४ पृष्ठ।

४१. ९४ पृष्ठ। २ सङ्ख्याको लिखत। माथिको पाठ, वि. सं. २०२० मा काठमाडौंबाट संशोधन-मण्डलद्वारा प्रकाशित, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको अभिलेख-संग्रहको नौ भागको २७ पृष्ठबाट दिइएको हो।

४२. मेड्ईभल् नेपाल्को पहिलो भागको २२७ पृष्ठ।

४३. हामीले पहिल्यैबाट छपाइसकेका अभिलेखलाई हाम्रो नाँवै नलिई रेग्मीले आफ्नो मेड्ईभल् नेपाल्मा आफ्नो नाउँमा दर्ता गरेका केही उदाहरणको लागि वि. सं. २०२४ मा प्रकाशित पूर्णिमाको १३ अङ्कमा छापिएको हाम्रो वक्तव्य (९३–९८) पृष्ठ हेर्नुहोस्।

४४. मेड्ईभल् नेपाल्को पहिलो भागको २२७ पृष्ठ।

४५. वि. सं. २०२३ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित डिल्लीरमण रेग्मीको मेड्ईभल् नेपाल्को तेस्रो भागको पहिलो खण्डका १२–१३ पृष्ठ [२३ सङ्ख्याको अभिलेख]।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अभिलेखलाई रेग्मीले फेरि छपाएकोमा पेतेकले अन्यत्र खुलाउनुभएको[४६] र यस अभिलेखलाई चाहिँ रेग्मीको तेस्रो भागमा छापिएको[४७] भनेर मात्र लेख्नुभएकोले उहाँ झुक्किनुभएको देखिन्छ ।

हाम्रो ९ सङ्ख्याको पुष्पिका ने. सं. ३६७ [वि. सं. १३०३] चैत्रशुक्लदशमीको भएकोले र त्यहाँ त्यस बेला महासामन्तको पदवी भएका विषयाधिपतिले शासन गरिरहेको कुरा त्यस पुष्पिकाबाट बुझिएकोले महासामन्तको पदवी भएका विषयाधिपतिले फर्पिङमा शासन चलाइरहेको पहिलो प्रमाणको रूपमा पेतेकले औंल्याएको ने. सं. ३८१ [वि. सं. १३१७] पौषशुक्लअष्टमीको अभिलेखभन्दा १३ वर्ष ९ महीनाअगाडिको यो पुष्पिका, महासामन्त पदवी भएका विषयाधिपतिले फर्पिङमा शासन गरिरहेको पहिलो लिखतको रूपमा देखापरेको छ ।

१० सङ्ख्या

केसरपुस्तकालयको ११२ सङ्ख्याको, ताडपत्रमा लेखिएको कारण्डव्यूहको पुष्पिका यस प्रकारको छ–

आर्यकारण्डव्यूहो महायानसूत्रराज समाप्तः । मिति ।। ❋ ।।
ये धर्म्मा हेतुप्रभवा हेतुस्तेषा ।। न्तथागतो ह्यवद-
त्तेषाञ्च यो निरोध एवम्वादी महाश्रवणः ।।

देयधर्म्मोयं ।। ।। प्रवरमहायानयायिन परमोपासक श्रीललितब्रमायां श्रीमाणीगलोत्तरविहारश्रीयोखाछेंविहाराधिवासिन सुवर्ण्णकारजंपुनिभारोकस्य यदत्र पुण्यन्तद्भूवत्वा आचार्य(ो)प(ाध्या)यमातापितृपूर्वङ्गमङ्कृ[४८]त्वा सकलसत्वपरिरासेन अनुत्तरफलप्राप्तमिति ।। ❋ श्रीयोऽस्तु ।। सम्वत् ४७८ अश्विनी × × × × म्या श्रवणनक्षत्रे शुभयोगे वृहस्पतीवासरे ।। राजाधिराजपरमेश्वरपरमभट्टारकश्रीश्रीजयराजदेवस(य विजय)राज्ये लिखितमिदं पुस्तकम् ।। यथादृष्टं तथा लिखितं लेखको नास्ति दोषः ।।

अनेन पुण्येन तु सर्वदर्शितामवाप्य निजन × दोषविद्विष
जराउजामृत्युमहोर्मिसंकुलात्समुद्धरेयं भवसागराज्जगतः ।।

शुभमस्तु सर्वजगता

पेतेकको नेपालको मध्यकालको इतिहासको दोस्रो संस्करणमा राजदेवको पालाको ने. सं ४७६ [वि. सं. १४१३] ज्येष्ठकृष्णसप्तमीको लिखत दिएपछि ने. सं. ४८१ [वि. सं. १४१७] माघकृष्णअष्टमीको लिखत दिइएको छ ।[४९] यताबाट बीचमा चार वर्ष आठ महीनाको, राजदेवको पालाको कुनै लिखत पेतेकले नपाएको स्पष्ट छ ।

---

४६. मेड्इईभल् हिस्टरि अफ् नेपाल्को दोस्रो संस्करणका ३२,३३,३५,३६,४५,६२,६३,६७,६८,७०,११० पृष्ठ ।

४७. उही पुस्तकको ६४ पृष्ठ ।

४८. मूलमा ङ्कृ जोडेर लेखिएको छ ।

४९. १२३ पृष्ठ । ३ र ४ सङ्ख्याका लिखत ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राजदेवको पालाको ने. सं. ४७८ [वि. सं. १४१५] आश्विनको यो पुष्पिका अहिले प्रकाश गरिएकोले यो अन्तर कम हुन गएको छ भनी भनिरहनुपर्दैन ।

११ सङ्ख्या

वराहमिहिरले वनाएको होराशास्त्र [लघुजातक]को ताडपत्रमा लेखिएको पुस्तक श्रीधर्मरत्न वज्राचार्यको सौजन्यले केही वर्षअगाडि मैले हेर्न पाएको थिएँ र त्यस पुस्तकको पुष्पिका सारेको पनि थिएँ । अहिले त्यो पुष्पिका यहाँ प्रकाश गर्दैछु–

आर्य्यवराहमिहिरस्य कृतौ होराशास्त्रे नष्टजातकाध्यायश्चतुर्व्विंशतिमः समाप्तः ।। ।।

ᳲ श्रेयोऽस्तु ।। सम्वत् ५०८ माघशुक्ले ।। प्रतिपद्यायाम्तिथौ ।। श्रवणनक्षत्रे ।। सुद्धियोगे ।। शुक्रवाशरे ।। लिखितमिदं शास्त्रं ।। श्रीराजाद्धिराजपरमेश्वरपरमभटारकश्रीश्रीजयथितिमल्लदेवस्य विजयराजे ।। ।। जथा दृष्टं तथा लिखित० लेखिको नास्ति दोषः ।। ० ।। ज्वजमानश्रीयंबुब्‌ माया श्रीगाङ्गलगै श्रीवंकतवंस्थाने श्रीदुंथोनिह्मगृहाद्धिवाशितकर्ण्णकुटुम्बजश्रीकालिकाप्रदासादोद्धिकश्रीशनीश्वरवसल–ब्धश्रीदैवज्ञरघुपतिवर्द्धनेन स्वप्वष्टकं मया लिखित० ।।

पेतेकको नेपालको मध्यकालको इतिहासको दोस्रो संस्करणमा स्थितिराज मल्लको पालाको ने. सं. ५०८ [वि. सं. १४४४] पौषकृष्णसप्तमीको लिखत दिएपछि ने. सं. ५०८ [वि. सं. १४४४] चैत्रशुक्लद्वितीयाको लिखत दिइएको छ ।[५०] यताबाट बीचमा क्रण्डै अढाई महीना जतिको, स्थितिराज मल्लको पालाको कुनै लिखत पेतेकले नपाएको स्पष्ट छ । स्थितिराज मल्लको पालाको ने. सं. ५०८ [वि. सं. १४४४] माघशुक्लप्रतिपदाको यो पुष्पिका अहिले प्रकाश गरिएकोले यो अन्तर कम हुन गएको छ भनी भनिरहनुपर्दैन ।

१२ सङ्ख्या

सारसङ्ग्रहको क्रियाकाण्डको ताडपत्रमा लेखिएको एउटा पुस्तक श्रीधर्मरत्न वज्राचार्यको सौजन्यले केही वर्ष-अगाडि मैले हेर्न पाएको थिएँ र त्यस पुस्तकको पुष्पिका सारेको पनि थिएँ । अहिले त्यो पुष्पिका यहाँ प्रकाश गर्दैछु–

इति श्रीश्रीसारसङ्ग्रहक्रीयाकाण्ड समाप्ता भवन्तुः ।। ।। श्रेयो ऽस्तु ।। सम्वत् ५२४ भाद्रपदकृष्ण ।। नवम्यायान्तिथौ ।। आद्रानक्षत्रे ।। व्यतीपातयोगे ।। शुक्रवाशरे ।। एतत् सास्त्र समाप्तो लिखितम्भवतिः ।। राजाद्धिराज्यपरमेस्वरपरमभटारकजुवराज्यश्रीश्रीधर्म्ममल्लदेवस्य विजयराज्यौः ।। ज्वजमाण श्रीयंबुब्र माया

---

५०. १३९–१४० पृष्ठ । १७ र १८ सङ्ख्याका लिखत ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीगाङ्गलंगे श्रीवंक्वतस्थाने श्रीदुंथोनिह्मगृहाद्धिवाशिन श्रीकालिकाप्रसादाधिक-श्रीशनीश्चरवरलब्दकर्ण्णकुटुम्बजश्रीदैवज्ञधर्म्मपतिवर्द्धनस्य स्वप्वष्टकं मया लिखित०॥

पेतेकको नेपालको मध्यकालको इतिहासको दोस्रो संस्करणमा धर्म मल्लको पालाको वि. सं. १४६१ चैत्रकृष्ण-अष्टमी [वैशाख ९ गते]को लिखत दिएपछि ने. सं. ५२५ [वि. सं. १४६१] मार्गकृष्णतृतीयाउप्रान्त चतुर्थीको लिखत दिइएको छ।[५१] यताबाट बीचमा झण्डै आठ महीनाको, धर्म मल्लको पालाको कुनै लिखत पेतेकले नपाएको स्पष्ट छ। धर्म मल्लको पालाको ने सं. ५२४ [वि. सं. १४६१] भाद्रकृष्णनवमीको यो पुष्पिका अहिले प्रकाश गरिएकोले यो अन्तर कम हुन गएको छ भनी भनिरहनुपर्दैन।

यम्बु [काठमाडौं शहरको उत्तरी भाग अर्थात् मखनदेखि ठहिटीसम्मको प्रदेश र दक्षिणी भागमा पर्ने टेबहालसमेतको प्रदेश][५२]का ज्योतिषी धर्मपतिवर्द्धनले ने. सं. ५२३ [वि. सं. १४६०] चैत्रशुक्लद्वादशीको दिन धर्म मल्लको पालामा आफ्नो लागि सुमतिसिद्धान्त सारेका थिए भन्ने कुरा हामीलाई थाहा भइसकेको छ।[५३] अहिले यो पुष्पिका प्रकाशित भएकोले वि. सं. १४६१ भाद्रकृष्णनवमीको दिन धर्म मल्लको पालामा उनले आफ्नो लागि सारसङ्ग्रहको क्रियाकाण्ड सारेका थिए भन्ने कुरा बुझिन गएको छ।

हाम्रा धर्मपतिवर्द्धनको जुन वंश छ र उनको जुन ठेगाना दिइएको छ, त्यही वंशका र त्यही ठेगानाका रघुपतिवर्द्धनले सारेको लघुजातकको पुष्पिका ११ सङ्ख्याको पुष्पिकाको रूपमा भरखरै माथि प्रकाश गरिएको छ। रघुपतिवर्द्धन धर्मपतिवर्द्धन यी दुवैले ज्योतिषविषयका पुस्तक सारेको देखिएकोले र दुवैको नाउँको अगाडि दैवज्ञ पदवी जोडिएकोले पतिवर्द्धनान्त नाउँ भएका यी रघु र धर्म ज्योतिषी थिए भन्ने कुरामा शङ्का छैन। यी दुवैको संस्कृत-भाषाको ज्ञान अत्यल्प थियो भन्ने कुरा यिनीहरूले लेखेका संस्कृतवाक्य देखनासाथै भन्न सकिन्छ। यिनीहरूले लेखेका पुष्पिकाको आधारमा विचार गर्दा यिनीहरूको समयमा १६।१७ वर्षको अन्तर देखिएकोले एकै वंशका, एकै ठेगानाका पतिवर्द्धनान्तनामधारी रघु र धर्ममा एक पुस्ताको अन्तर भएको देखिन्छ। यतिसम्म भन्न सकिए तापनि यी दुइमा के नाता थियो भन्ने कुराचाहिँ मलाई थाहा छैन।

१३ सङ्ख्या

केसरपुस्तकालयको ५८२ सङ्ख्याको, ताडपत्रमा लेखिएको सुबन्तरत्नाकरको पुष्पिका यस प्रकारको छ—

---

५१. १४९–१५० पृष्ठ। १८ र १९ सङ्ख्याका लिखत।
वि. सं. १४६१ चैत्रकृष्णअष्टमीको गणना, वि. सं. २०२२ मा प्रकाशित **पूर्णिमाको** ५ अङ्कका ९–१६ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको **पाटन सुनधाराको अभिलेखमा रहेका राजा र संवत्विषयको विचार** भन्ने निबन्धमा छ।

५२. वि. सं. २०३१ मा काठमाडौंबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानसंस्थानद्वारा प्रकाशित **कन्ट्रिब्युशन्ज् टु नेपालीज् स्टड्इज्**को १ वर्ष २ अङ्कमा छापिएको, गौतमवज्र वज्राचार्यको **यङ्गल, यम्बु** भन्ने निबन्ध, सो अङ्कका ६१–९५ पृष्ठ।

५३. वि. सं. २०३५ मा काठमाडौंबाट त्रिभुवनविश्वविद्यालयको पाठ्यक्रमविकासकेन्द्रद्वारा प्रकाशित, नयराज पन्त, देवीप्रसाद भण्डारी, दिनेशराज पन्तको **सुमतितन्त्रको** परिशिष्टको १८४ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वह्न्यै वह्न्यै हि बानाब्दे, मासे फाल्गुणकृष्णके ।
तिथौ स्कंदाभिधाने चानुराधे भे शशिसुते ।।
राजाधिराजपरमेश्वरदेवमूर्त्त, विद्याकलाशकलनीतिसुवेदितस्य ।
भक्तापुरीशकलशस्त्रप्रवेदितेतन, श्रीजोतिमल्लनृपते खलु लिख्यतेयं ।
संलिख्यते मणिकराज इति प्रसिद्धो, मातापितासहित चास्नमके निवासः ।
शास्त्रं सुबन्तजलधिं गुणिणां प्रदीपं × ज्ञानरुचिरं पदवृन्दमाला०, ।। ❀ ।।
शुभमस्तु जगता०, ।। ❀ ।।

पुस्तकको गातामा–

सम्वत् ५३३ फाल्गुनकृष्णअष्टम्यां वज्रजोगे अश्विनीनक्षत्रे बुद्धवारे...

पेतेकको नेपालको मध्यकालको इतिहासको दोस्रो संस्करणमा ज्योतिर् मल्लको पालाको ने. सं. ५३३ [वि. सं. १४६६] माघशुक्लत्रयोदशीको लिखत दिएपछि ने. सं. ५३३ [वि. सं. १४७०] वैशाखपूर्णिमाको लिखत दिइएको छ ।[५४] यताबाट बीचमा ३ महीनाभन्दा अलिकति बढी समयको, ज्योतिर् मल्लको पालाको कुनै लिखत पेतेकले नपाएको स्पष्ट छ । ज्योतिर् मल्लको पालाको ने. सं. ५३३ [वि. सं. १४६६] फाल्गुनकृष्णषष्ठीको यो पुष्पिका अहिले प्रकाश गरिएकोले यो अन्तर कम हुन गएको छ भनी भनिरहनुपर्दैन ।

सुबन्तरत्नाकरको यो पुस्तक ज्योतिर् मल्लको लागि सारिएको हो भनी पुष्पिकामा लेखिएको कुरा यस प्रसङ्गमा उल्लेखनीय छ ।

१४ सङ्ख्या

केसरपुस्तकालयको ४३८ सङ्ख्याको, ताडपत्रमा लेखिएको नित्याह्निकतिलकको पुष्पिका यस प्रकारको छ–

इति श्रीमत्पश्चिमशासनीयनित्याह्निकतिलकं समाप्तं ।। ❀ ।।
संप्राप्ते मुनिषट्क[५५]मन्मथसरे नेपालिके वत्सरे ।। ।।
शुक्ले कार्तिकसप्तमी श्रवणभे गण्डेतियोगे बुधे ।
तुल्यावर्के मकरस्थिते शशधरे एर्तहि काले शुभे
एनं ग्रन्थमिदं समाप्तिकरणं संलिख्य चाद्यन्तकं ।।
नेपालेशं समर्थः स्थितिरुदयहतस्त्रिप्रकाराधिकारः
साख्याच्छ्रीयामदग्न्यः प्रलयकृतमुखो विद्विषामत्र शश्वत् ।

५४. १६२ पृष्ठ । ७ र ८ सङ्ख्याका लिखत ।
५५. मूलमा 'ट्क' जोडेर लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

> भास्वद्वंशानुवंशोज्ज्वलयनतियशश्चायंमासुप्रभाभः
> सोयं श्रीयक्षमल्लो नृपतिगणपतिस्तस्य राज्याधिकारे ॥
> पारंपर्यान्वयश्रीः प्रखरतरगुरुः शाम्भवाचार्यसिंहः
> ख्यातो वेदाङ्गसांगः स्मृतिविमलसुधीर्धर्म्मिणान्धर्मशास्ता ।
> सोयं भूदेवजन्मद्युदयपतिरिति ह्यापणावेशमनाथ-
> स्तस्यार्थं लेखनीयं परमगुणचयं मन्त्रव्याख्यानसारं ॥...

पेतेकको नेपालको मध्यकालको इतिहासको दोस्रो संस्करणमा यक्ष मल्लको पालाको ने. सं. ५६५ [वि. सं. १५०१] फाल्गुनको लिखत[५६] दिइसकेपछि ने. सं. ५६७ [वि. सं. १५०३] कार्तिकशुक्लसप्तमीको भनी पेतेकले ठानेको लिखत दिइएको छ। तर पेतेकले त्यस लिखतको तिथिमिति गणना गरी मिलाउन सक्नुभएको छैन।[५७] यस कारण त्यस लिखतको तिथिमितिको निर्णय गर्नु अत्यावश्यक भएको छ तापनि त्यस विषयमा भिन्नै निबन्ध लेख्न सकिने भएकोले यहाँ त्यस विषयमा म लेख्दिनँ। त्यस लिखतमा परेको तिथिमितिको निर्णय गर्न अलि अप्ठेरो परे तापनि त्यो तिथिमिति त्यस लिखतको नभई पुरानो घटनाको सन्दर्भमा आएको हो भन्ने कुराचाहिँ त्यो लिखत राम्ररी पढ्दा बुझ्न सकिन्छ। त्यस लिखतमा जुन तिथिमिति दिइएको छ, त्यो तिथिमिति संसारदेवी परलोक भएको दिनको हो। संसारदेवीको ४५ दिनको श्राद्धमा दानप्रदान भएको कुरा त्यस लिखतमा परेकोले त्यस लिखतमा अर्को तिथिमिति नभए पनि त्यहाँ परेको तिथिमिति त्यस लिखतभन्दा ४५ दिनअघिको हो भन्ने स्पष्ट छ।[५८] यस कारण पेतेकले त्यस लिखतमा तिथिमिति देख्नेबित्तिकै त्यस लिखतलाई त्यही तिथिमितिको हो भनी लेख्नुभएको ठीक देखिँदैन।

ने. सं. ५६७ [वि. सं. १५०३] कार्तिकशुक्लसप्तमीको लिखत १४ सङ्ख्याको पुष्पिकाको रूपमा भरखरै माथि दिइएको छ। यस कारण संसारदेवी परलोक भएको तिथिमिति परेको, संसारदेवीको ४५ दिनको श्राद्धको दिन दानप्रदान गरेको कुरा परेको लिखतभन्दा हाम्रो १४ सङ्ख्याको पुष्पिका अघिल्लो हो भन्ने कुरामा शङ्का छैन।

१५ सङ्ख्या

वैनायकमाहात्म्यको ताडपत्रमा लेखिएको पुस्तक भक्तपुरका श्रीप्रवीण शर्माको सौजन्यले केही वर्षअगाडि मैले हेर्न पाएको थिएँ र त्यस पुस्तकको पुष्पिका सारेको पनि थिएँ। अहिले त्यो पुष्पिका यहाँ प्रकाश गर्दछु—

> इति वैनायकमाहात्म्ये धर्म्मशेनकुमारप्रत्यागमनोनाम षष्टमोध्यायः समाप्त-मिति ॥ ॥...
> श्रीजक्षमल्लनृपतेः परिभुज्य राज्यं तस्यात्मजा हरमुषा दुहितावरैकः ।
> नेपालमण्डल सदा पतिपालनैवः भुक्त्वा तदा सुखमयन्तु च सर्वसस्यैः ।

---

५६. १७० पृष्ठ। १६ सङ्ख्याको लिखत।

५७. १७०–१७१ पृष्ठ। १७ सङ्ख्याको लिखत।

५८. मेड्इईभल् नेपाल्को तेस्रो भागको पहिलो खण्डका ५९–६१ पृष्ठ [५६ सङ्ख्याको अभिलेख]।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपालाब्दगते रसे तुरगके बाने तथा श्रावन-
कृष्णे पक्षतिथौ पिताम्बरयुते चर्क्षादितिदैवते ।
शुद्धौ योगवरे पितामहदिने संपूर्ण शात्रम्मया
व्याख्याणं लिखितं च विप्रशशिणा श्रीविघ्नराजस्य च ।।

पेतेकको नेपालको मध्यकालको इतिहासको दोस्रो संस्करणमा यक्ष मल्लको पालाको ने. सं. ५७४ [वि. सं. १५१०] फाल्गुनशुक्लद्वादशीको लिखत दिएपछि ने. सं. ५७७ [वि. सं. १५१४] श्रावणशुक्लषष्ठीउप्रान्त सप्तमीको लिखत दिइएको छ ।[५९] यताबाट बीचमा ऋण्डै ४१ महीनाको, यक्ष मल्लको पालाको कुनै लिखत पेतेकले नपाएको स्पष्ट छ । यक्ष मल्लको पालाको ने. सं. ५७६ [वि. सं. १५१३] श्रावणकृष्णद्वादशीको लिखत अहिले प्रकाश गरिएकोले यो अन्तर कम हुन गएको छ भनी भनिरहनुपर्दैन ।

ने. सं. ५७२ [वि. सं. १५०९] चैत्रशुक्लएकादशीको लिखतमा यक्ष मल्लका तीन भाइ छोराहरूको चर्चा आएको छ । त्यसबाट राय मल्ल जेठा भन्ने बुझिन्छ । रत्न मल्ललाई माहिला र रण मल्ललाई कान्छा भनी त्यहाँ लेखिएको छ ।[६०] भरखरै माथि प्रकाश गरिएको, वि. सं. १५१३ श्रावणकृष्णद्वादशीको लिखतमा यक्ष मल्लका पाँच जना छोरा [तस्यात्मजा हरमुषा] र एक जना छोरी [दुहितावरँकः] छन् भनी लेखिएको छ । तर यस पुष्पिकामा छोराहरूको सङ्ख्या मात्र दिई नाउँ नदिइएकाले ती पाँच जना छोरा को को हुन् भनी भन्न सकिँदैन ।

राज मल्ल भन्ने आफ्ना एक जना छोरा स्वर्गे भएकाले उनको उद्धारको लागि यक्ष मल्लले वि. सं. १५२४ मा नारायणमन्दिर बनाएकाले र राय मल्ल, रत्न मल्ल, रण मल्ल, राम मल्ल, अरि मल्ल र पूर्ण मल्ल नाउँ गरेका ६ भाइ छोराचाहिँ वि. सं. १५२७ मा देखिएकाले यस बेलासम्म यक्ष मल्लका जम्माजम्मी सात भाइ छोरा जन्मेका थिए भनी भन्न सकिन्छ ।[६१] तर वि. सं. १५१३ को लिखतमा यक्ष मल्लका पाँच जना छोरा छन् भनी लेखिएकोले यस बेलासम्म अरू दुइ जना छोराको जन्म नभइसकेको पनि हुन सक्छ ।

हाम्रो १५ सङ्ख्याको पुष्पिकामा यक्ष मल्लकी एक जना छोरी छन् भनी लेखिएको छ । यक्ष मल्लकी छोरीको नाउँ के हो भन्ने कुरा मलाई थाहा छैन तापनि यक्ष मल्लका छोरीका छोरा भीम मल्लले आफ्ना बाजेको शेषपछि मामा-हरूसँगसँगै केही समय रजाइँ गरेका थिए भनी यस प्रसङ्गमा भन्नुपर्छ ।[६२]

---

५९. १७३ पृष्ठ । ३० र ३१ सङ्ख्याका लिखत ।

६०. मेड्ईभल् नेपाल्को तेस्रो भागको पहिलो खण्डका ६९-७१ पृष्ठ । [६१ सङ्ख्याको अभिलेख ।]
यक्ष मल्ल परलोक भएपछिका, उनका छोराहरूका पालाका लिखतमा पनि राय मल्ललाई जेठा, रत्न मल्ललाई माहिला र रण मल्ललाई कान्छा भनी लेखिएको छ (वि. सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशन-द्वारा प्रकाशित, धनवज् वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज् वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको इतिहास-संशोधनको प्रमाण-प्रमेयको मूल भागका १३७-१३८ पृष्ठ । पूर्णिमाको ५ अङ्कमा छापिएको, भोलानाथ पौडेलको यक्षेश्वर-मन्दिर भन्ने निबन्ध, सो अङ्कका १७-१९ पृष्ठ) ।

६१. इतिहास-संशोधनको प्रमाण-प्रमेयको मूल भागका १३१-१३२ पृष्ठ ।

६२. उही पुस्तकका १३७-१३८ पृष्ठ ।
पूर्णिमाको ५ अङ्कका १७-१९ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्री ५ पृथ्वीनारायण शाहका दुइ अप्रकाशित पत्रका सारांश

—दिनेशराज पन्त

जाहा फर्पिङ् हात् भयो. दीन् ५ मा चोभार पांगाले हामीसङ्ग मील्यापछि ताहा काभ्र्याकोट् फुल्बारी नाम्बुढा दाप्चामा पनि पेस गराउ. हामीले दसैंपछि नेपाल्-को बालि लुट्छौं. ६।७ दीन्मा जाहाको काम् सकी ताहा आउला भन्न्या नुवाकोट्बाट श्री ५ पृथ्वीनारान् शाहबाट बलि पंथलाई लेषीबक्सेको— १

लमजुङ्सङ्ग घा हून लाग्यो भनि धुक्क नपर. घा नहुन्ज्याल् गढगौडाको सम्भार गरी ठानाठानामा अनाज्पानिको मजबुत गरी राषनु भन्न्या श्री ५ पृथ्वीनारान् शाहबाट श्रीधर पंथ भद्रवीर शाहहरुका नाउमा नुवाकोट् राज्धानीबाट लेषीबक्सेको—

(यी दुवै पत्र परराष्ट्रमन्त्रालयको १७६ सङ्ख्याको खाममा रहेको पत्रमा लाल्मोहरको नक्कल् भनी दिइएका छन् ।)

सिरमोरका राजा जगत्प्रकाशले श्री ५ रणबहादुर शाहलाई लेखिदिएको अप्रकाशित धर्मपत्र

—दिनेशराज पन्त

श्रीरामचन्द्रो विजयतेतराम्

श्रीपांचायनदेवता ८ श्रीगंगा १

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलि-
२. विराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहा-
३. दूरसाहबहादूरसम्सेरजङ्देवजिको स्वस्ति श्रीगिरिराजचक्रचूडामणि-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४. नरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्म-
५. हाराजाधिराजश्रीश्रीश्रीमहाराजजगत्प्रकाशसिंहदेवजीने धर्मपत्र लि-
६. ष्दिया. धर्मपत्रका करार गोर्षा शिर्मोरका सिवांना ‾ ‾ ‾१ ‾ जी हूये. गो-
७. र्षाकि अम्बल मुह लालच धरै गोर्षाकि शत्रुको हम शत्रु नजानै
८. गोर्षाकि मित्रको हम मित्र नजानै तौ ‾ ‾८ ‾ हमकौं कुदृष्टि. इस् करा-
९. रमौं रहै तौ –१– हमकौं सुदृष्टि. इति सम्वत् १८४९ श्रावणगत १२ वा-
१०. रा सोमवार मुकाम कीचडाडा शुभम्– – –

(यसपछि लेखिएको)

असल दुवै फिर्ता भैगया संवत् १८६१ शाल माघसुदि २ रोज ६

(छेउमा लेखिएको)

एसैबमोजीम काजी जगजीत पांडे सरदार अमरसिंह थापा कपितान गोलैञालाइ आयाको

[यस पत्रको नकल परराष्ट्रमन्त्रालयको ९७ सङ्ख्याको खाममा छ । त्यहां नकल धर्मपत्रको भनि लेखिएको छ ।

यो पत्र सार्दा मदत गर्ने श्रीरुक्मनाथ पौडेललाई धन्यवाद छ ।]

यस पत्रको अङ्ग्रेजी सारांश, वि. सं. २०२७ मा काठमाडौंबाट रेग्मी रिसर्च (प्राइभेट) लिमिटेडद्वारा प्रकाशित रेग्मी रिसर्च् सीर्इज् [रेग्मी अन्वेषणमाला]को २ वर्षको २७२ पृष्ठमा छापिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका)

का. मे. अ. द. नं. १५५/२४९

कार्यालय-

संशोधन-मण्डल

वटु सवलबहाल

ग-१-५३०

काठमाडौं ३

नेपाल

फोन नं. २-२०४१२

वि. सं. २०४३ ज्येष्ठ

वार्षिक [चार अङ्कको] मूल्य रु. ६०।-

यस अङ्कको मूल्य रु. २२।-

मुद्रक—

शक्ति प्रिन्टर्स

नरदेवी, काठमाडौं